# पूजाहरूका वधहरूको बारेमा बारेमा ज्ञान

## (नमाजको बारेमा फतवाहरू)

[ नेपाली - Nepali - نيبالي ]

लेखक

शैख मुहम्मद बिन सालेह अल उसैमीन

अनुवादकः

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधकः

मुहम्मद इदरीस सलफी

# فقه العبادات

## (فتاوى الصلاة )

الشيخ محمد بن صالح العثيمين

ترجمة

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ।**


To connect translator: 0501372254

للتواصل مع المترجم: 0501372254

अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.

निःशुल्क वितरणको लागि मात्र


## पुस्तक पाइने ठेगाना -:


□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७९८१९४३७७५८

सउदी नं. 00966-0501372254

□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गऱ्यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवसपूजा र हरामबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ अल्लाहको अत्याधकि शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती

सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका पूजा र त्यसका विधिहरूको बारेमा छ यसको लेखक इस्लामका महान विद् शैख मुहम्मद बिन सालेह अल् उसैमीन ज्यू हुनुहुन्छ जुन सउदी अरबका महान विद्हरूमध्ये एक थिए, उहाँले यस किताबमा विशेषरूपले पूजाको बारेमा र त्यससित सम्बन्धित समस्याहरूबारे संक्षेपमा कुरा गरेका छन् । यस किताबको विषय अति मत्वपूर्ण हुनुको कारण मैले यसलाई नेपाली भाषामा अनुवाद गर्नुको लागि मनोनीत गरेको छु । र किताबको यो खण्ड जुन तपाईहरूको हातमा छ यसमा विशेषरूपले नमाजसित सम्बन्धित कुराहरूलाई प्रष्ट गरिएको छ, यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# नमाजको बारेमा फतवाहरू

## नमाजको हुकुम र त्यसको महत्व

प्रश्न: (८५) आदरणीय शैख ज्यू, नमाजको हुकुम के छ, र त्यसको महत्व के कस्तो छ ?

उत्तर: नमाज इस्लामको विशाल आधारहरूमध्ये एक हो, बरु यो दोस्रो प्रमुख आधार हो मूल मन्त्रको गवाही पश्चात । र यसमा नै अंगहरूको प्रदर्शन नीहित छ, र यसलाई नै वास्तवमा इस्लामको मुख्य आधार मानिन्छ जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट यो प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"عموده الصلاة" ( أخرجه الترمذي، كتاب الإيمان، باب ما جاء في حرمة الصلاة، رقم (2616)، وقال: حسن صحيح.)

अर्थ : इस्लामको प्रमुख आधार नमाज हो । ( तिर्मिजी, किताबुल् ईमान, बाबु मा जाअ् फि हुर्मतिस्सलात, हदीस नं. २६१६, र इमाम

तिर्मिजीले भन्नु भएको छ किः यो हदीस विश्वासनीय र सही छ ।)

र यस नमाजलाई अल्लाहले आफ्नो सन्देष्टामाथि यस्तो उच्च ठाउँमा अनिवार्य गरेका हुन् जहाँसम्म नबी सल्लल्लाहो अलैहे वसल्लम बोहक कोही पनि पुगेको छैन, र यस्तो सम्मानित रात्रीमा अनिवार्य गरेका छन् जस रात्रीभन्दा सम्मानित कुनै रात्री छैन, र बिना कुनै माध्यम यसलाई उहाँमाथि अवतरित गरेका हुन् । र अल्लाहले यस नमाजलाई पचास बखत गरेर आफ्नो सन्देष्टामाथि अनिवार्य गरेको थियो पूर्ण २४ घण्टामा, फेरि अल्लाहले यसको संख्यालाई कम गरेर ५ गरिदियो जुन संख्यामा त ५ छन् तर पुण्यमा ५० जति तौलको दृष्टिले । त यो कुरो यसको महत्वलाई प्रष्ट गर्दछ, र यससित अल्लाहको प्रेमलाई पनि स्पष्ट गर्दछ। यसर्थ यो यस योग्य छ कि मान्छे आफ्नो अधिक समय यसैको आयोजनामा लगाओस्, र यसै कारण यसको अनिवार्यतामाथि कुरआन एवं सुन्नत, र मुसलमानहरूको सहमति प्रमाणीकरण गरिरहेको छ ।

त कुरआनमा अल्लाहले भनेको छः

﴿ فَإِذَا قَضَيْتُمُ ٱلصَّلَوٰةَ فَٱذْكُرُوا۟ ٱللَّهَ قِيَٰمًا وَقُعُودًا وَعَلَىٰ جُنُوبِكُمْ ۚ فَإِذَا ٱطْمَأْنَنتُمْ فَأَقِيمُوا۟ ٱلصَّلَوٰةَ ۚ إِنَّ ٱلصَّلَوٰةَ كَانَتْ عَلَى ٱلْمُؤْمِنِينَ كِتَٰبًا مَّوْقُوتًا ﴾

النساء: ١٠٣

अर्थ : तिमीले नमाज पढिसकेपछि उठ्दा, बस्दा र पल्टदा प्रत्येक अवस्थामा अल्लाहलाई याद गर्नेगर । फेरि जब संतुष्ट होऊ तब नमाज पढ्दै गर । निःसन्देह मोमिनहरूलाई निर्धारित समयमा नमाज पढ्न अनिवार्य छ । (सूरतुन्निसा १०३)

र यहाँ यस श्लोकमा (كِتَٰبًا) किताबन्को अर्थ होः

जुन लेखिएको छ अर्थात अनिवार्य छ । र नबी सल्लल्लाहो अलैहे वसल्लमले हजरत मुआजसित यो भनेका थिए जब उहाँ रजिअल्लाहो अन्होलाई यमनतिर पठाएको थिए किः

"أعلمهم أن الله افترض عليهم خمس صلوات في كل يوم وليلة" (أخرجه البخاري، كتاب الزكاة، باب وجوب الزكاة، رقم (1395)، ومسلم، كتاب الإيمان، باب الأمر بالإيمان بالله تعالى ورسوله صلى الله عليه وسلم، رقم (19).

अर्थ : उनीहरूलाई यो पनि सिकाउनु कि अल्लाहले उनीहरूमाथि एक दिन र रात्रीमा ५ समयको नमाज अनिवार्य गरेको छ । (बुखारी, किताबुज्जकात, बाबु वजूबिज्जकात, हदीस नं. १३९५ । र मुस्लिम, किताबुल् ईमान, बाबुल् अमरे बिल् ईमानि बिल्लाहि तआला वरसूलिही सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १९)

र समस्त मुसलमानहरूको यस कुरामा एकमत छ कि नमाज आयोजित गर्नु अनिवार्य छ । र यसै कारण विद्हरूले भनेका छन्: जसले पनि पाँचौं बखतको नमाज वा मात्र एक बखतको नमाजको इन्कार गऱ्यो त्यो काफिर भयो, र त्यो इस्लाम धर्मबाट निष्कासित भयो, र त्यसको रगत बगाउनु र त्यसको धन सम्पत्ति मुसलमानहरूको लागि

हलाल भयो, यस अवस्था बाहेक कि त्यो अल्लाहसित तौबा गरिहालोस्, वा त्यो नयाँ मुसलमान भएको होस् जुन इस्लामीय अनुष्ठानबारे अनभिज्ञ होस्, त यदि कुरो यस्तो छ भने त्यसको अनभिज्ञताको कारण त्यससित यस कुरालाई स्वीकार गरिन्छ, तर यदि त्यसलाई यसको ज्ञान गराइयोस् तै पनि त्यो त्यसको इन्कारी नै रहन्छ भने त्यो काफिर भयो । यसर्थ नमाज इस्लामका अनिवार्य कार्यहरूमध्ये सर्वोत्कृष्ट अनिवार्य कार्य हो ।

## नमाज कसमाथि अनिवार्य छ

प्रश्न: (८६) आदरणीय शैख ज्यू, नमाज कसमाथि अनिवार्य छ ?

उत्तर: प्रत्येक व्यस्क, बुद्धिमान, महिला र पुरुष मुसलमानहरूमाथि अनिवार्य छ । त मुसलमानको उल्टो र विरोधि नास्तिक र काफिर हो, यसर्थ काफिरमाथि नमाज अनिवार्य छैन । त काफिरलाई नमाज पढनुमा बाध्य गरिन्न त्यसको नास्तिकताको अवस्थामा, र जब त्यो इस्लाम कबूल गर्छ त

त्यसलाई कुफ्रको अवस्थामा छाडेको नमाजहरूको कजा पनि गर्नु पर्दैन, तर त्यसको यस कार्यको लागि प्रलयको दिन त्यसको पकड हुनेछ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ إِلَّآ أَصۡحَٰبَ ٱلۡيَمِينِ ٣٩ فِي جَنَّٰتٖ يَتَسَآءَلُونَ ٤٠ عَنِ ٱلۡمُجۡرِمِينَ ٤١ مَا سَلَكَكُمۡ فِي سَقَرَ ٤٢ قَالُواْ لَمۡ نَكُ مِنَ ٱلۡمُصَلِّينَ ٤٣ وَلَمۡ نَكُ نُطۡعِمُ ٱلۡمِسۡكِينَ ٤٤ وَكُنَّا نَخُوضُ مَعَ ٱلۡخَآئِضِينَ ٤٥ وَكُنَّا نُكَذِّبُ بِيَوۡمِ ٱلدِّينِ ٤٦ ﴾ المدثر: ٣٩ - ٤٦

अर्थ : तर दायाँ हात वालाहरू। उनीहरू स्वर्गहरूमा बसेका हुनेछन् र सवाल गर्नेछन् । अपराधीहरू सँग, (कि) तिमीलाई कुन कुरोले नर्कमा ल्यायो ? उनीहरूले जवाफ दिनेछन् कि हामी नमाजी थिएनौं । र न निमुखाहरूलाई (मिस्कीन) खाना खुवाउँथ्यौ, र हामीले विवाद गर्ने असत्यवादीहरूका साथमा मिलेर व्यस्त हुने

गर्दथ्यौं । र बदलाको दिन (कियामत) लाई असत्य ठहराउँथ्यौ । (सूरतुल् मुद्दस्सिर ३९-४६)

त उनीहरूको यो कथन किः हामीहरू नमाज पढनेहरूमध्येका थिएनौं । यस कुरामाथि प्रमाणीकरण गरिरहेको छ कि नमाज छाड्नुमाथि उनीलाई यातना दिइन्छ ।

र व्यस्क हुनुको अर्थ हो जसमा व्यस्क हुने लक्षणमध्ये कुनै लक्षण पाइयोस् । र व्यस्कताको लक्षण पुरुषहरूमा तीनवटा छन्, र महिलाहरूको लागि चारवटा छन्:

पहिलोः १५ वर्षसम्म पुग्नु ।

दोस्रोः निद्रामा अथवा जागिरहेको अवस्थामा रमाइलो स्वादको साथ वीर्यको पतन र निष्कासन हुनु ।

तेस्रोः गुप्ताङ्ग वरिपरि रौंको उत्पात हुनु ।

त यी तीनवटै लक्षण र निशानीहरू पुरुष र महिला दुवैको लागि एकनास छन् । र महिलाको लागि एउटा चौथो लक्षण पनि छ जुन हो त्यसलाई

रजस्वला आउनु, किनकि रजस्वला आउनु महिलाको व्यस्क हुनुको ठूलो प्रमाण हो ।

र बुद्धिको अर्थ हो: जुन बहुलहा र पागल नहोस्, किनकि पागलपना बद्धिमानीको विरुद्ध कुरो हो । र यसै अन्तर्गत ती जीर्ण अवस्थामा पुगेका वृद्ध र वृद्धा पनि आउँछन् जिनको जीर्ण अवस्थाको कारण बुद्धि भ्रष्ट भइहाल्छ, त उनीहरूमाथि पनि यस्तो अवस्थामा नमाज अनिवार्य छैन ।

र रजस्वला र प्रसूतिको रगत आइरहेको अवस्थामा नमाज पढनु हराम छ, तर त्यसबाट व्यस्कताको जानकारी मिल्छ जसको कारण नमाज अनिवार्य भइहाल्छ ।

## नमाज त्याग्ने मान्छेको हुकुम

प्रश्न: (८७) आदरणीय शैख ज्यू, हामीले नमाजको हुकुम र त्यो कस कसमाथि अनिवार्य हुन्छ यो कुरो थाहा पायौं, तर हामीलाई यो बताउनुस् कि जसले यसलाई त्याग्दछ त्यसको के हुकुम छ ?

उत्तरः नमाज त्याग्ने मान्छेको हुकुम यो हो कि त्यो काफिर भयो अर्थात इस्लाम धर्मबाट निष्कासित भयो । र यस कुरामाथि कुरआन, सुन्नत, सहाबाहरूको कथन, र शुद्ध दृष्टि प्रमाणीकरण गरिरहेको छ ।

त रहयो करआनको कुरो, त अल्लाहको यस कथनमा बहुदेववादीहरूको बारेमा वर्णित छः

﴿ فَإِن تَابُواْ وَأَقَامُواْ ٱلصَّلَوٰةَ وَءَاتَوُاْ ٱلزَّكَوٰةَ فَإِخۡوَٰنُكُمۡ فِي ٱلدِّينِۗ وَنُفَصِّلُ ٱلۡأٓيَٰتِ لِقَوۡمٖ يَعۡلَمُونَ ١١ ﴾ التوبة: ١١

अर्थ : अहिले पनि यिनीहरूले प्रायश्चित गर्छन् र नियमित नमाज़ कायम गर्दछन् र ज़कात दिन्छन्, त धर्ममा तिम्रा दाजुभाइ हुन् । र हामी त जान्ने, बुझ्नेहरूका लागि आफ्ना आयत (श्लोकहरू) प्रष्टरूपमा बर्णन गरिराखेका छौं । (सूरतुत्तौबः ११)

त यस श्लोकद्वारा यस कुरामाथि यसरी प्रमाण मल्छि कि अल्लाहले बहुदेववादीहरू र आस्थावानहरूबीच भाइचारा हुनुको लागि तीन शर्त वर्णन गरेको छः बहुदेववादबाट तौबा गर्नु, नमाज कायम गर्नु, र धर्मदाय दिदै रहनु । त जब यी तीनमध्ये एउटा पनि नपाइयोस् भने उनीहरू हाम्रा धार्मिक भाइ हुनैसक्दैनन् । र धार्मिक भाइ नहुनुको कारण नास्तिकता नै हो, किनकि पाप जति ठूलो भए पनि मान्छेलाई धार्मिक भाइको सीमाबाट बाहिर निष्कासित गर्दैन । के तपाईले किसासको श्लोकलाई हेरिरहेका छैनौ जसमा त्यसको बारेमा वर्णित छ जसले जानेर आफ्नो भाइलाई हत्या गर्‍यो, अल्लाह यसलाई यसरी प्रष्ट गरेका छन्:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُتِبَ عَلَيۡكُمُ ٱلۡقِصَاصُ فِي ٱلۡقَتۡلَىۖ ٱلۡحُرُّ بِٱلۡحُرِّ وَٱلۡعَبۡدُ بِٱلۡعَبۡدِ وَٱلۡأُنثَىٰ بِٱلۡأُنثَىٰۚ فَمَنۡ عُفِيَ لَهُۥ مِنۡ أَخِيهِ شَيۡءٞ فَٱتِّبَاعُۢ بِٱلۡمَعۡرُوفِ وَأَدَآءٌ إِلَيۡهِ بِإِحۡسَٰنٖۗ ﴾ البقرة: ١٧٨

अर्थ : हे मोमिनहरू ! तिमीलाई हत्या गरिएको मानिसको सम्बन्धमा किसास (समानताको कानून)

को आदेश दिइएको छ स्वतन्त्र मानिसको बदलामा स्वतन्त्र मानिस र दास को सट्टा दास र स्त्रीको बदला स्त्री हो, यदि हत्यारालाई हत्या गरिएको व्यक्तिको दाजुभाइको तर्फबाट क्षमादान गरिन्छ भने त्यस उपकारलाई स्वीकार गर्नुपर्छ। हत्या गरिएको वारिसलाई चित्त बुझ्दो तरिकाले माँग गरेमा उचित रूपमा क्षतिपूर्ति गर्नु पर्दछ। (सूरतुल् बकरः १७८)

त यस श्लोकमा हत्यारालाई अल्लाहले हत्या गरिएको मान्छेको भाइ भनेको छ जबकि त्यसले जानिबुझिकन् आफ्नो मुसलमान भाइको हत्या गरेको छ र जानिबुझिकन् आफ्नो मुसलमान भाइको हत्या गर्नु महा पापमध्येको हो। र फेरि के तपाई अल्लाहको यस कथनलाई हेर्नु हुन्न र ? अल्लाहको फर्मान छः

﴿ وَإِن طَآئِفَتَانِ مِنَ ٱلۡمُؤۡمِنِينَ ٱقۡتَتَلُواْ فَأَصۡلِحُواْ بَيۡنَهُمَاۖ

فَإِنۢ بَغَتۡ إِحۡدَىٰهُمَا عَلَى ٱلۡأُخۡرَىٰ فَقَٰتِلُواْ ٱلَّتِي تَبۡغِي حَتَّىٰ تَفِيٓءَ

إِلَىٰٓ أَمۡرِ ٱللَّهِۚ فَإِن فَآءَتۡ فَأَصۡلِحُواْ بَيۡنَهُمَا بِٱلۡعَدۡلِ وَأَقۡسِطُوٓاْۖ
إِنَّ ٱللَّهَ يُحِبُّ ٱلۡمُقۡسِطِينَ ﴿٩﴾ إِنَّمَا ٱلۡمُؤۡمِنُونَ إِخۡوَةٞ
فَأَصۡلِحُواْ بَيۡنَ أَخَوَيۡكُمۡۚ وَٱتَّقُواْ ٱللَّهَ لَعَلَّكُمۡ تُرۡحَمُونَ ﴿١٠﴾

الحجرات: ٩ - ١٠

अर्थ : र यदि मोमिनीहरूका कुनै दुई समूह आपसमा लडिहाल्छन् भने, यिनीहरूमा मेलमिलाप गराइदेऊ, र यदि एउटा समूहले अर्को समूहमाथि ज्यादति गर्दछ भने ज्यादति गर्नेवालासित लड, यहाँसम्म कि त्यो अल्लाहको आदेशतिर प्रवृत्त होस्, अनि जब प्रवृत्त हुन्छ भने दुवै समूहमा इन्साफका साथ आपसमा मेलमिलाप गराइदेऊ र न्याय गर्नु, किनकि अल्लाह न्याय गर्नेहरूलाई रुचाउँदछ । सबै मोमिनहरू एक आपसमा भाइ-भाइ हुन्, तसर्थ आफ्ना दुई भाइहरूमा मेलमिलाप गराउने गर । र अल्लाहसित डर मानिराख ताकि तिमीमाथि दया गरियोस् । (सूरतुल् हुजुरात ९,१०)

त अल्लाहले तेस्रो समूहलाई दुवै युद्धरत समूहको भाइ भनेको छ जबकि मुसलमानहरूसित युद्ध गर्नु महापापहरूमध्ये एक हो, यसर्थ यसबाट यो प्रष्ट भइहाल्छ कि यदि पाप नास्तिकताको सीमासम्म पुगेको छैन भने त्यसद्वारा भाइचारा समाप्त हुँदैन । र उपरोक्तमा वर्णित आयतको व्याख्या यो हो कि यदि उनीहरू आफ्नो बहुदेववादमाथि दृढ रहन्छन् भने उनीहरूको नास्तिकता जाहेर छ, र यदि आस्था ल्याएर पनि नमाज कायम गर्दैनन् भने यस्तो अवस्थामा पनि उनीहरूको नास्तिकता जाहेर छ, किनकि यो शर्त छ कि:

﴿ فَإِن تَابُوا۟ وَأَقَامُوا۟ ٱلصَّلَوٰةَ وَءَاتَوُا۟ ٱلزَّكَوٰةَ فَإِخْوَٰنُكُمْ فِى ٱلدِّينِ ۗ ﴾

अर्थ : अहिले पनि यिनीहरूले प्रायश्चित गर्छन् र नियमित नमाज़ कायम गर्दछन् र ज़कात दिन्छन्, त धर्ममा तिम्रा दाजुभाइ हुन् ।

तर जकातको बारेमा वद्हिहरूको मतभेद पाइन्छ कि के जकात नदिने मान्छे काफिर भइहाल्छ वा हुँदैन, र यसबारे इमाम अहमदको दुई कथन छ । तर जस कुरामाथि हदीस प्रमाणीकरण गरिरहेको छ कि जकात नदिने मान्छे काफिर हुँदैन जस्तो कि यस कुरालाई हजरत अबू हुरैरह रजिअल्लाहो अन्होले वर्णन गरेको यो हदीस प्रमाणीकरण गरिरहेको छ, उहाँ रजिअल्लाहो अन्होको भनाई छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" ما من صاحب ذهب ولا فضة لا يؤدي منها حقها ، إلا إذا كان يوم القيامة ، صفحت له صفائح من نار ، فأحمي عليها في نار جهنم ، فيكوى به جنبه وجبينه وظهره ، كلما بردت أعيدت في يوم كان مقداره خمسين ألف سنة ، حتى يقضى بين العباد، فيرى سبيله إما إلى الجنة

وإما إلى النار" ⁾ أخرجه مسلم ، كتاب الزكاة، باب إثم مانع الزكاة ، رقم (987).

अर्थ : जुनसुकै मान्छेसित सुन चाँदी छ र त्यो त्यसको जकात (धर्मदाय) दिदैन, त प्रलयको दिन त्यसलाई (सुन चाँदीलाई) नर्कमा तताइन्छ अनि त्यसैद्वारा त्यसको पाश्र्व र पिठ्युँ एवं निधारलाई दागिन्छ, र जहिले पनि त्यो शीतल भइहाल्छ त्यसलाई पचास हजार सालको अवधि जतिको दिनको लागि फेरि तताइन्छ यहाँसम्म कि भक्तहरूबीच फैसला नगरियोस्, अनि त्यो याता आफ्नो स्वर्गको बाटो लाग्छ वा नर्कको । (मुस्लिम, किताबुज्जकात, बाबु इस्मे मानेइज्जकात, हदीस नं. ९८७)

त यो हदीस यस कुरामा प्रमाणीकरण गर्दछ कि मान्छे जकात नदिएमा काफिर हुँदैन, किनकि यदि त्यो काफिर भइहाल्थ्यो भने स्वर्गमा जाने सम्भावना समाप्त भइहाल्थ्यो, यसर्थ जकात नदिनु हाम्रो यस विषयबाट अलग र भिन्न छ जस्तो कि यस कुरालाई हदीसले प्रष्ट गरिसक्यो ।

र रह्यो नमाज त्याग्ने मान्छेको काफिर र नास्तिक हुने कुरामाथि सुन्नतबाट (हदीसबाट) प्रमाणको त यसको प्रमाण त्यो हदीस हो जसलाई मुस्लिमले हजरत जाबिरको माध्यमले वर्णन गरेका छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"بين الرجل وبين الشرك والكفر ترك الصلاة" (

أخرجه مسلم، كتاب الإيمان، باب بيان إطلاق اسم الكفر على من ترك الصلاة، رقم (82).

अर्थ : मान्छे र बहुदेववाद एवं नास्तिकताबीच अन्तर र विभेद गर्ने कुरा नमाजलाई त्याग्नु नै हो । (मुस्लिम, किताबुल ईमान, बाबु बयानि इतलाकि इस्मिल् कुफ्रे अला मन् तरकस्सलात, हदीस नं. ८२)

त हदीसको निष्कर्ष यो हो कि हदीसले आस्था र नास्तिकता एवं बहुदेववादबीच अन्तर गर्ने कुरा मात्र नमाजलाई बताएको छ । त यसबाट यो प्रष्ट हुन्छ कि जुन मान्छे नमाजलाई कायम गर्दैन त्यससित ईमान (आस्था) छैन, किनकि यो नै त्यसको सीमा र

परिभाषाको माँग हो, र सीमा एवं परिभाषा दुई कुराबीच विभाजन गर्छ अन्तर गर्छ । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो भन्नु भयो कि: मान्छे र बहुदेववाद एवं नास्तिकताबीच, र यो भन्नु भएन कि: मान्छे र नास्तिकताबीच बिना “अल्”, यसर्थ अरबी भाषामा जब कुफ्रमाथि “अल्” लगाइन्छ त त्यसको अर्थ वास्तविक कुफ्र हुन्छ, र यस विपरीत जब कुफ्र बिना “अल्” होस् त त्यसको अर्थ वास्तविक कुफ्र हुँदैन जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो फर्मान:

"اثنتان في الناس هما بهم كفر: الطعن في النسب ، والنياحة على الميت" ( أخرجه مسلم ، كتاب الإيمان ، باب إطلاق اسم الكفر على الطعن في النسب والنياحة على الميت ، رقم (67).

अर्थ : कुफ्रका (नास्तिकताका) दुई कुराहरू मान्छेहरूमा रहीहरन्छ: वंशमाथि टिप्पणी गर्ने कुरा, र मृतकमाथि नौहा (विलाप) गर्ने कुरा । (मुस्लिम, किताबुल् ईमान, बाबु इतलाकि इस्मिल् कुफ्रे

अलत्तअ्ने फिन्नसबि वन्नियाहति अलल् मैइत, हदीस नं. ६७)

त यस हदीसमा कुफ्र बिना अल् आएको छ जसको अर्थ हुन्छ यस्तो गर्ने मान्छे इस्लाम धर्मबाट निष्कासित हुँदैन, बरु यसको अर्थ हुन्छ कि त्यसमा नास्तिकताका दुई कुरा र रीति बाँकी रहीहरन्छ ।

र रह्यो कुरो सहाबाहरूको कथनको त अब्दुल्लाह बिन शकीक रहेमहुल्लाहको भनाई छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू नमाजलाई त्यागनु बाहेक अरु कुनै कुरालाई नास्तिकता मान्दैनथे ।”[1]

र इस्हाक बिन राहवैहले सहाबाहरूको एकमतलाई वर्णन गर्दै भनेका छन् कि सबैको यस कुरामा एकमत छ कि नमाजलाई त्यागने मान्छे काफिर भइहाल्छ ।

[1] तिर्मिजी, किताबुल् ईमान, बाबु मा जाअ् फि तरकिस्सलात, हदीस नं. २६२२ । र अल्लामा अल्बानीले यसको सनदलाई सही भनेका छन् । र हाकिमले यसको सनदलाई हजरत शकीकको माध्यमले अबू हुरैरहद्वारा मिलाएर यस हदीसलाई बुखारी र मुस्लिमको शर्तमा सही भनेका छन् १/८ । र जहबीले भन्नु भएको छ कि: यसको सनद सही छ, हेर्नुस: मिशकातुल् मसाबीह १/१८३ ।

र रह्यो अर्थको कुरो त हाम्रो भनाई छ कि: जुनसुकै मान्छेले नमाज र त्यसको महत्वलाई जान्दथ्यो अनि त्यसलाई जानेर पनि बिना कुनै कारण त्याग्यो र त्यससित कुनै यस्तो प्रमाण पनि छैन जसलाई अल्लाह समक्ष प्रस्तुत गरोस्, त यो यस कुराको स्पष्ट प्रमाण हो कि त्यसको हृदयमा एक कण बरोबर पनि ईमान छैन, र यदि त्यसको हृदयमा एक कण बरोबर पनि ईमान भएको भए यस्तो महान अनुष्ठान नमाजलाई त्यो कदापि त्याग्दैनथ्यो जसको महत्वमाथि उदधृतहरू प्रमाणीकरण गरिरहेका छन् । र कुराहरूलाई त्यसका प्रभावबाट नै थाहा पाइन्छ, यसर्थ यदि त्यसको हृदयमा एक कण बरोबर पनि ईमान भएको भए त्यो नमाजलाई निरन्तर त्याग्दैनथ्यो यस्तो अवस्थामा कि इस्लाममा यसको विशाल स्थान र महत्व छ ।

यसर्थ दृष्टिगत (दृश्य) र सुनेका (आकाश्य) प्रमाणहरू यस कुरामा प्रमाणीकरण गरिरहेका छन् कि नमाजलाई त्याग्ने मान्छे नास्तिक र इस्लामबाट निष्कासित भयो । तसर्थ यस्तो घातक कार्यबाट बाँच्नु अति आवश्यक छ, जसबारे वर्तमानमा

अत्याधिक मानिसहरू सुस्तीका शिकार छन्, तर तौबा र क्षमायाचनाको ढोका अल्लाहको कृपाले अहिलेसम्म खुलेकै छ, अल्लाहको फर्मान छः

﴿ فَخَلَفَ مِنۢ بَعۡدِهِمۡ خَلۡفٌ أَضَاعُواْ ٱلصَّلَوٰةَ وَٱتَّبَعُواْ ٱلشَّهَوَٰتِۖ
فَسَوۡفَ يَلۡقَوۡنَ غَيًّا ٥٩ إِلَّا مَن تَابَ وَءَامَنَ وَعَمِلَ صَٰلِحٗا
فَأُوْلَٰٓئِكَ يَدۡخُلُونَ ٱلۡجَنَّةَ وَلَا يُظۡلَمُونَ شَيۡـٔٗا ٦٠ جَنَّٰتِ
عَدۡنٍ ٱلَّتِي وَعَدَ ٱلرَّحۡمَٰنُ عِبَادَهُۥ بِٱلۡغَيۡبِۚ إِنَّهُۥ كَانَ وَعۡدُهُۥ مَأۡتِيّٗا
٦١ لَّا يَسۡمَعُونَ فِيهَا لَغۡوًا إِلَّا سَلَٰمٗاۖ وَلَهُمۡ رِزۡقُهُمۡ فِيهَا بُكۡرَةٗ
وَعَشِيّٗا ٦٢ ﴾ مريم: ٥٩ - ٦٢

अर्थ : अनि उनीहरूपछि उनका केही यस्ता सन्तान आए जसले नमाज छोडिहाले र कामवासनाको पूर्तिमा लागिहाले त्यसकारण छिट्टै तिनीहरूको क्षति तिनीहरूको सामुन्ने आउनेछ। तर हो, जसले प्रायश्चित गरे र ईमान ल्याए र सत्कर्म गरे,

तिनीहरू बहिश्त (स्वर्ग) मा प्रवेश पाउने छन् र तिनीहरूको केही पनि हानि नोक्सानी गरिने छैन । सधैंको स्वर्गमा जसबारे अल्लाहले आफ्ना भक्तहरूलाई परोक्षमा वचन दिएको छ । निःसन्देह उसको वचन पूरा हुनेछ । तिनीहरूले त्यसमा कुनै अनर्गल कुरा सुन्ने छैनन्, मात्र शान्तिको कुरा सुन्नेछन् र तिनीहरूको निम्ति विहान-बेलुकी जीविका (खाना) तयार रहनेछ । (सूरत् मरियम ५९-६२)

यसर्थ मेरो अल्लाहसित यो याचना छ कि हामीलाई र हाम्रा मुसलमान भाइहरूलाई पथप्रदर्शन गरोस् यस्ता कार्यहरूलाई गर्नुतर्फ जुन त्यसलाई प्रसन्न पारिदेओस् र त्यो हामीसित राजी भइहालोस् ।

## नमाजलाई त्याग्नुका प्रभावहरू

प्रश्नः (८८) आदरणीय शैख ज्यू, नमाजलाई त्याग्ने मान्छेमाथि के कस्ता हुकुमहरू लाग्छन् ?

उत्तरः कुफ्रसम्म पुऱ्याउने नमाज त्याग्ने कुराद्वारा मान्छेमाथि त्यही हुकुम लागू हुन्छ जुन अरु मुरतद

मान्छेमाथि (इस्लामबाट पन्छिने मान्छेमाथि) लागू हुन्छ, र यसमाथि संसारिक र परलोकिक हुकुमहरू लागू हुन्छन् ।

त संसारिक हुकुमहरूमध्ये हो: त्यसको लागि यो जायज छैन कि कुनै मुसलमान युवतीसित विवाह गरोस्, किनकि काफिरको लागि मुस्लिम महिलासित विवाह गर्नु जायज छैन, किन भने अल्लाहको फर्मान छ:

﴿ وَلَا تَنكِحُوا۟ ٱلْمُشْرِكَٰتِ حَتَّىٰ يُؤْمِنَّ ﴾ البقرة: ٢٢١

अर्थ : (मोमिनहरू !) अनास्थावान स्त्रीलाई पत्नी नबनाउनु (विवाह नगर्नु) जबसम्म कि तिनी आस्थावान हुँदैनन् । (सूरतुल् बकर: २२१)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓا۟ إِذَا جَآءَكُمُ ٱلْمُؤْمِنَٰتُ مُهَٰجِرَٰتٍ

فَٱمْتَحِنُوهُنَّ ۖ ٱللَّهُ أَعْلَمُ بِإِيمَٰنِهِنَّ ۖ فَإِنْ عَلِمْتُمُوهُنَّ مُؤْمِنَٰتٍ فَلَا

﴿ تَرۡجِعُوهُنَّ إِلَى ٱلۡكُفَّارِۖ لَا هُنَّ حِلّٞ لَّهُمۡ وَلَا هُمۡ يَحِلُّونَ لَهُنَّۖ ﴾

الممتحنة: ١٠

अर्थ : मोमिनहरू ! जब तिम्रो पासमा मोमिन स्त्रीहरू आप्रवासी भएर आउँछिन् भने उनीहरूलाई तिमीले जाँचिहाल । वास्तवमा उनीहरूको ईमानलाई राम्ररी परीक्षा गर्ने त अल्लाह नै हो तर यदि उनीहरू तिमीलाई ईमानवाली लाग्दछिन् भने, उनीहरूलाई तिमीले अब कुफ्फारको पासमा फिर्ता नपठाऊ । ती स्त्रीहरू उनीहरूका लगि वैध छैनन् ( हलाल छैनन्), र न उनीहरू ती स्त्रीहरूको लागि वैध छन् । (सूरतुल् मुमतहिन: १०)

र यदि कुनै व्यक्तिले आफ्नो मुस्लिम छोरीको निकाह यस्तो मान्छेसित गरिदेओस् जुन नमाज पढ्दैन त त्यसको निकाह भंग भइहाल्छ, र यो स्त्री त्यसको लागि हलाल हुँदैन, र त्यस मान्छेको लागि त्यसबाट ती समस्त कुराहरू हलाल हुँदैन जुन पुरुषको लागि त्यसको स्वास्नीबाट हलाल हुन्छ, किनकि यो महिला त्यसको लागि हराम छे । तर यदि अल्लाह त्यस मान्छेमाथि दया गरोस्, र त्यो

अल्लाहको कृपाले तौबा गरिहालोस् त त्यसको पुनः निकाह गरिदिएमा कुनै आपत्ति छैन ।

दोस्रो हुकुमः त्यसको वली (सरप्रस्त) हुने कुरा समाप्त भइहाल्छ, यसर्थ त्यो आफ्नो छोरीहरूको वली हुनैसक्दैन नत आफ्नो आफन्ती महिलाहरूको नै वली हुनसक्छ अर्थात त्यो कसैको विवाह गराउन सक्दैन किनकि मुसलमानमाथि कुनै काफिरको सरप्रस्ती हुँदैन ।

तेस्रो हुकुमः त्यसको पालनपोषणको हक समाप्त भइहाल्छ, यसर्थ त्यसका सन्तानहरूको पालनपोषणको हकबाट त्यो वंचित भइहाल्छ, किनकि मुसलमानको पालनपोषणको अधिकार कुनै काफिरलाई छदैछैन, यसर्थ आस्थावानहरूमाथि अल्लाहले काफिरहरूको लागि कुनै मार्ग खोलेको छैन ।

चौथो हुकुमः जुन जनावरलाई त्यो जब्ह गर्छ त्यो हराम भइहाल्छ, किनकि जब्ह गर्नुका शर्तहरूमध्ये यो पनि हो कि जब्ह गर्नेवाला मान्छे मुसलमान होस्, वा किताबवालाहरूमध्येको होस्, तर (मुरतद)

इस्लाम ल्याए पश्चात त्यसबाट पन्छेको मान्छे उपरोक्तमा वर्णित समूहहरूमध्ये र मान्छेहरूमध्येको होइन, यसर्थ त्यसले जब्ह र बलि गरेको जनावर हराम भइहाल्छ ।

पाँचौं हुकुम: मक्का र हरमको सीमाहरूभित्र त्यसको प्रवेश निषेध भइहाल्छ, किनकि अल्लाहको फर्मान छ:

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلْمُشْرِكُونَ نَجَسٌ فَلَا يَقْرَبُواْ ٱلْمَسْجِدَ ٱلْحَرَامَ بَعْدَ عَامِهِمْ هَـٰذَا ﴾ التوبة: ٢٨

अर्थ : हे ईमानवालाहरू ! नि:सन्देह मुश्रिकहरू बिल्कुलै अपवित्र छन् । अत: यस वर्ष पश्चात उनीहरू मस्जिदे हरामको समीप पनि आउन नपाउँन् । (सूरतुत्तौब: २८)

यसर्थ जुन व्यक्ति नमाज कायम गर्दैन त्यसलाई हरममा प्रवेश गर्नुको अनुमति दिइन्न उपरोक्तमा वर्णित श्लोकको कारण ।

र रह्यो परलोकिक जीवनसित हुकुमहरूको कुरो त तीमध्ये केही निम्न हुन्:

जब त्यसको मृत्यु हुन्छ त त्यसलाई स्नान गराइदैन, नत त्यसलाई कफ्नाइन्छ, नत त्यसको जनाजाको नमाज पढिन्छ, नत त्यसलाई मुसलमानहरूको कब्रिस्तानमा दफ्नाइन्छ, किनकि त्यो मुसलमानहरूमध्येको होइन, बरु त्यसलाई कुनै अज्ञात ठाउँमा लगेर दफ्नाइन्छ ताकि त्यसको शवको दुर्गन्धबाट मानिसहरूलाई कष्ट नपुगोस्, वा त्यसलाई हेरेर त्यसको घरवालाहरूलाई कष्ट नपुगोस्। र कसैको लागि यो जायज छैन कि मान्छे आफ्नो कुनै आफन्तीको लागि दयाको दुआ गरोस् जसको बारेमा त्यसलाई ज्ञान होस् कि त्यो नमाज पढ्दैन, किनकि अल्लाहको फर्मान छ:

﴿ مَا كَانَ لِلنَّبِيِّ وَٱلَّذِينَ ءَامَنُوٓاْ أَن يَسۡتَغۡفِرُواْ لِلۡمُشۡرِكِينَ وَلَوۡ كَانُوٓاْ أُوْلِي قُرۡبَىٰ مِنۢ بَعۡدِ مَا تَبَيَّنَ لَهُمۡ أَنَّهُمۡ أَصۡحَٰبُ ٱلۡجَحِيمِ ١١٣ ﴾ التوبة: ١١٣

अर्थ : पैगम्बर र अन्य मुसलमानलाई उचित छैन कि मुश्रिरकहरूका लागि क्षमायाचना गरुन्, जबकि यो प्रकट भइसकेको छ कि तिनीहरू नारकीय हुन् चाहे तिनीहरू नजिकका नातेदार नै किन न होऊन् । (सूरतुत्तौबः ११३)

र कुनै भन्नेवाला यो नभनोस् कि अल्लाहको भनाई छ कि बहुदेववादीहको लागि दयाको दुआ नगर्नु, र नमाजलाई त्याग्ने मान्छे बुहुदेववादी होइन ? त हामी भन्छौं कि अघि वर्णित हदीसे जाबिर जुन यो हो:

"بين الرجل وبين الشرك والكفر ترك الصلاة" )

أخرجه مسلم، كتاب الإيمان، باب بيان إطلاق اسم الكفر على من ترك الصلاة، رقم (82).

अर्थ : मान्छे र बहुदेववाद एवं नास्तिकताबीच अन्तर र विभेद गर्ने कुरा नमाजलाई त्याग्नु नै हो । (मुस्लिम, किताबुल ईमान, बाबु बयानि इतलाकि इस्मिल् कुफ्रे अला मन् तरकस्सलात, हदीस नं. ८२)

त यस हदीसबाट यो प्रष्ट हुन्छः कि नमाज त्याग्नु शिर्क (बहुदेववाद) को एउटा थरी हो । अनि हामी भन्छौं कि अल्लाहले यसको कारण अर्थात बहुदेववादीहरूको लागि याचना नगर्नुको कारण पनि यस श्लोकमा वर्णन गरेको छः

﴿ مِنۢ بَعۡدِ مَا تَبَيَّنَ لَهُمۡ أَنَّهُمۡ أَصۡحَٰبُ ٱلۡجَحِيمِ ١١٣ ﴾
التوبة: ١١٣

अर्थ : जबकि यो प्रकट भइसकेको छ कि तिनीहरू नारकीय हुन् (सूरतुत्तौबः ११३)

त नमाज त्याग्ने मान्छेको बारेमा पनि यो स्पष्ट भइसकेको छ कुरआन र हदीस, मनीषीय एवं दृष्टिगत प्रमाणहरूद्वारा र सहाबाहरूको कथनद्वारा कि नमाज त्याग्ने मान्छे नर्कीय भयो ।

त दुवैको कारण एउटै हो त यदि कारण एक छ भने हुकुम पनि एकनास लाग्दछ ।

र नमाज परित्याग गर्नुका परलोकिक जीवनसित सम्बन्धित हुकुमहरूमध्ये यो पनि हो किः नमाजलाई परित्याग गर्ने मान्छेलाई प्रलयको दिन फिरऔन,

हामान, कारून, उबई बिन खल्फ जस्ता नास्तिकहरूका अगुवाहरूसँग एकत्रित गरिन्छ जिनको सुनिश्चित ठेगाना नर्क हो, अल्लाह हामी सबैलाई यसबाट शरण प्रदान गरुन् ।

यसर्थ मान्छेलाई चाहियो कि नमाज त्याग्नुबाट सावधान भइहालोस्, र आफ्नो प्रतिपालकसित डर मानोस्, र आफ्नो त्यस कर्तव्यको पालना गरोस् जसलाई अल्लाहले त्यसमाथि अनिवार्य गरेको छ, किनकि त्यसको जीउको पनि त्यसमाथि अधिकार छ ।

र कदाचित भन्नेवाला यो भन्न सक्द किः तपाईहरूको यो कथन कि नमाजलाई परित्याग गर्ने मान्छे इस्लाम धर्मबाट निष्कासित भइहाल्छ कदाचित ती विद्हरूको कथन विरुद्ध छ जिनले भनेका छन् किः त्यो कुफ्र बाहेब कुफ्र हो, अर्थात वास्तविक नास्तिकता बाहेक नास्तिकता हो, बरु यसलाई त्यागेमा त्यो इस्लामबाट निष्कासित हुँदैन । र उनीहरू हदीसको प्रमाणीकरणलाई र व्याख्यालाई यसरी स्पष्ट गर्छन् किः ती हदीसहरू त्यस मान्छेको लागि प्रमाण हुन् जुन त्यसको (नमाजको) इन्कारी

भएर त्यसलाई त्याग्दछ नकि जुन मान्छे त्यसलाई मानेर त्याग्दछ ।

त यसको जवाफ हामी यो दिन्छौं कि: वास्तवमा यस समस्यामा मतभेदछ, तर अल्लाहको फर्मान छ:

﴿ وَمَا ٱخۡتَلَفۡتُمۡ فِيهِ مِن شَيۡءٖ فَحُكۡمُهُۥٓ إِلَى ٱللَّهِۚ ﴾

الشورى: ١٠

अर्थ : र जुन कुरामा तिमीले विवाद गरेका छौ त्यसको फैसला (हुकुम) अल्लाहको जिम्मामा छ । ( सूरतुश्शूरा १०)

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَطِيعُواْ ٱللَّهَ وَأَطِيعُواْ ٱلرَّسُولَ وَأُوْلِي ٱلۡأَمۡرِ مِنكُمۡۖ فَإِن تَنَٰزَعۡتُمۡ فِي شَيۡءٖ فَرُدُّوهُ إِلَى ٱللَّهِ وَٱلرَّسُولِ إِن كُنتُمۡ تُؤۡمِنُونَ بِٱللَّهِ وَٱلۡيَوۡمِ ٱلۡأٓخِرِۚ ذَٰلِكَ خَيۡرٞ وَأَحۡسَنُ تَأۡوِيلًا ٥٩ ﴾

النساء: ٥٩

अर्थ : हे आस्थावानहरू ! अल्लाहको आदेश पालना गर र उसका रसूल (सल्लल्लाहो अलैहे वसल्लम) का आदेशहरूको पालना गर र तिमीहरूमध्ये अधिकार भएकाहरूको पनि । फेरि यदि तिमीहरूमा आपसी मतभेद भएको अवस्थामा, यदि तिमी अल्लाह र आखिरतको दिनमाथि ईमान राख्दछौ भने त्यस कुरालाई अल्लाह र त्यसका रसूल (सल्लल्लाहो अलैहे वसल्लम) तिर फर्काइदेऊ । यो साह्रै राम्रो कुरा हो र यसको परिणाम पनि अति राम्रो हुन्छ । (सूरतुन्निसा ५९)

र जब हामी यस समस्यालाई अल्लाह र अल्लाहका रसूलतिर फर्काउँछौं त हाम्रो लागि यो कुरो छर्लङ्ग भएर आउँछ कि यो हुकुम त्याग्नुमाथि लागू हुन्छ नकि त्यसलाई इन्कार गर्नुमाथि, किनकि इन्कार गर्ने मान्छेको काफिर हुने कुरामा कुनै मतभेद छैन, र यस कुरालाई हामीले पछिल्लो प्रश्नको उत्तरमा नै वर्णन गरिसकेका छौं ।

फेरि हाम्रो यो पनि भनाई छ कि: के कुनै मानवलाई यो गुमान छ कि त्यो अल्लाहका निर्देशनहरूबारे अल्लाहको रसूलभन्दा अधिक ज्ञानी छ ? र के कोही

यो दावी गर्न सक्छ कि त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमभन्दा अधिक सृष्टिहरूको हितैषी र उपदेशक छ ? र के कोही यस भ्रममा छ कि त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमभन्दा स्पष्ट कुरा गर्नेवाला छ ? त उपरोक्तका चारवटै विशेषताको दावी कोही पनि गर्न सक्दैन । यसर्थ जब हाम्रो नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त सृष्टिमध्ये सबैभन्दा अधिक अल्लाहका निर्देशनहरूको ज्ञानी थिए, र सृष्टिहरूको अति हितैषी थिए, र सबैभन्दा अधिक स्पष्ट भाषाशैलीका मालिक थिए, र उहाँ सल्लल्लाहो अलैहे वसल्लम जे भनिराख्थे त्यसबारे सबैभन्दा अधिक ज्ञानी हुन्थे, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले नै यो भनेका छन् कि:

" العهد الذي بيننا وبينهم الصلاة فمن تركها فقد كفر "(1) أخرجه الترمذي ، كتاب الإيمان ، باب ما جاء في ترك الصلاة ، رقم (2621)، والنسائي ، كتاب الصلاة ، باب الحكم في تارك الصلاة ، رقم (463)، وأحمد في " المسند" (546/5)،

والحاكم في " المستدرك" (7/1) وقال : صحيح الإسناد . ووافقه الذهبي، وقال الترمذي : حسن صحيح غريب)

अर्थ : हामी र उनी (काफिरहरू) बीच नमाज नै भिन्न गर्ने कसौटी हो, यसर्थ जसले पनि यसलाई त्याग्यो त्यो काफिर भयो । (तिर्मिजी, किताबुल् ईमान, बाबु मा जाअ् फि तरकिस्सलात, हदीस नं. २६२१ । र नेसाई, किताबुस्सलात, बाबुल् हुकमि फि तारिकिस्सलात, हदीस नं. ४६३ । र अहमद मुस्नदमा ५/५४६ । र हाकिम मुस्तदरकमा १/७ । र हाकिमले यसको सनदलाई सही भनेका छन्, र यस कुरामा इमाम जहबीले उहाँको समर्थन पनि गरेका छन् । र इमाम तिर्मिजीले भन्नु भएको छ कि: यो हदीस सही विश्वासनीय र अपरिचित छ ।)

र उहाँले नै यो पनि भन्नु भएको छ:

"بين الرجل وبين الشرك والكفر ترك الصلاة" (

أخرجه مسلم ، كتاب الإيمان ، باب بيان إطلاق اسم الكفر على من ترك الصلاة ، رقم (82).

अर्थ : मान्छे र बहुदेववाद एवं नास्तिकताबीच अन्तर र विभेद गर्ने कुरा नमाजलाई त्याग्नु नै हो। (मुस्लिम, किताबुल ईमान, बाबु बयानि इतलाकि इस्मिल् कुफ्रे अला मन् तरकस्सलात, हदीस नं. ८२)

त के यस व्याख्याभन्दा कुनै आर्को व्याख्या स्पष्ट हुनसक्छर ? जसमा नमाज त्याग्नुलाई नै हुकुमको आधार बनाइएको छ, र जुन व्यक्ति यो भन्छ कि यसको अर्थ हुन्छः "जसले इन्कार गरेर त्यागेको होस्"। त हामी भन्छौं कि तिमीले दुई प्रकारले यस उदधृतमा फेरबदल गरेका छौः

पहिलोः तिमीले त्यस विशेषतालाई नै स्थगित गरिदियौ जसको आधारमा हुकुम लागू गरिएको छ, र त्यो हो नमाज त्याग्नु।

दोस्रोः तिमीले यस्तो विशेषतालाई हुकुमको आधार बनायौ जसमाथि शब्द प्रमाणीकरण गरिरहेको छैन, जुन विशेषता हो इन्कार गर्नु। यसर्थ रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन "जसले यसलाई त्याग्यो" मा इन्कारको शब्द कता छ ?

फेरि हामी भन्छौं: जब मान्छेले नमाजको अनिवार्यताको इन्कार गऱ्यो त त्यो काफिर भयो चाहे त्यो नमाज किन नपढोस् । त के तिमी यो भन्छौ कि यदि त्यसले नमाजको अनिवार्यताको इन्कार गऱ्यो तर त्यसले नमाज पढ्यो भने त्यो मुसलमान हो ? त यसको उत्तरमा तिमी अवश्य यो भन्छौ कि होइन बरु त्यो काफिर भयो यद्यपि त्यो नमाजलाई कायम गरोस् । त अब हामी यो भन्छौं यसो भए तिमीले हदीसको विरोध गऱ्यो किनकि हदीसको भनाई छ "जसले यसलाई त्याग्यो", र तिम्रो भनाई छ कि जसले इन्कार गर्दै त्यसको परित्याग गऱ्यो, त तिम्रो विचारमा जसले त्यसलाई इन्कार गरेर छाडेको छ त्यो काफिर भयो, र जसले इन्कार गऱ्यो तर त्यसलाई त्यागेन त्यो काफिर भएन, तर यो पनि तिमी भनिरहेका छैनौ, तर तिम्रो विचारको तात्पर्य र त्यसको आधारमा यो निष्कर्ष नै निस्कन्छ कि जसले त्यसको इन्कार त गऱ्यो तर त्यसलाई परित्याग गरेन त त्यो मुस्लिम नै रहन्छ !!! त यसबाट यो स्पष्ट भयो कि सही कुरो यो हो कि जसले नमाजलाई सुस्तीलेगर्दा पनि छाडछ त्यो

काफिर भइहाल्छ । र रह्यो त्यस व्यक्तिको कुरो जसले यसको अनिवार्यताको इन्कार गर्‍यो त त्यो काफिर भयो चाहे त्यो यसलाई कायम गरोस् वा कायम नगरोस् ।

र यसै जस्तो मिल्दो दावी त्यो पनि हो जसलाई इमाम अहमदले अल्लाहको यस कथनबारे वर्णन गरेका छन्:

﴿ وَمَن يَقْتُلْ مُؤْمِنًا مُّتَعَمِّدًا فَجَزَآؤُهُۥ جَهَنَّمُ خَٰلِدًا فِيهَا وَغَضِبَ ٱللَّهُ عَلَيْهِ وَلَعَنَهُۥ وَأَعَدَّ لَهُۥ عَذَابًا عَظِيمًا ﴿٩٣﴾ ﴾ النساء: ٩٣

अर्थ : यदि कुनै मानिस जानिबुझिकन् कुनै मुसलमानलाई मारिदिन्छ भने उसको सजाय नर्क हो, जहाँ ऊ सधैं बास पाउने छ र अल्लाहको क्रोध र अभिशापको पात्र हुनेछ, र यस्तो मानिसको लागि उसले कठोर सजाय तयार राखेको छ । (सूरतुन्निसा ९३)

इमाम अहमदको माध्यमले वर्णन गरिन्छ कि केही मानिसहरू भन्छन् कि: यस श्लोकको अर्थ हो: “जसले कुनै आस्थावान मान्छेको हत्या त्यसलाई हलाल (वैध) मानेर गऱ्यो”, त इमाम अहमद यस कथनमा आश्चर्यचकित भए, र भने: यदि त्यसले त्यसको हत्यालाई वैध ठान्यो भने त्यो काफिर भयो चाहे त्यो त्यसको हत्या गरोस् वा नगरोस्, किनकि श्लोकले हुकुमलाई हत्यामाथि आधारित गरेको छ। त यो हाम्रो यस समस्याको उदाहरण हो जसले नमाज त्याग्यो, र जब हामी नमाज पढने मान्छेलाई काफिर भन्छौं त हामी अल्लाह समक्ष निर्दोष छौं किनकि हामी त्यही भनिरहेका छौं जसमाथि त्यसको वा त्यसको सन्देष्टाको कथन प्रमाणीकरण गरिरहेको छ। र हाम्रो यो पनि आस्था छ कि काफिर भन्नु यस्तै छ जसरी हलाल र हराम भन्नु छ, र यी समस्त कुराहरू भन्नुको सहास गर्नु उस्तै छ जसरी अनिवार्य नभएको कुरोलाई अनिवार्य भन्नु छ, र हलाललाई हराम भन्नु छ, किनकि यी समस्तको अधिकारी मात्र अल्लाह नै हो, त्यो नै हलाल गर्छ र त्यो नै हराम गर्छ, र त्यो नै अनिवार्य गर्छ र त्यो नै

काफिर र नास्तिक भन्छ। यसर्थ मान्छेलाई चाहियो कि त्यो मात्र त्यही भनोस् जसमाथि अल्लाहको वाणी वा रसूल सल्लल्लाहो अलैहे वसल्लमको वाणी प्रमाणीकरण गरिरहेको होस् र त्यस बाहेकका कुराको वास्ता नगरोस् जुन त्यस विरुद्ध छन्।

# नमाजका शर्तहरू

प्रश्न: (८९) आदरणीय शैख ज्यू, नमाजका शर्तहरू के के हुन्, र त्यसका प्रभावहरू के हुन् ?

उत्तर: नमाजका शर्तहरू ती कुराहरू हुन् जसमाथि नमाजको शुद्धता आधारित छ, र अरबीमा शर्तको अर्थ हो चिन्ह, निशानी, लक्षण। जस्तोकि अल्लाहको फर्मान छः

﴿ فَهَلۡ يَنظُرُونَ إِلَّا ٱلسَّاعَةَ أَن تَأۡتِيَهُم بَغۡتَةٗۖ فَقَدۡ جَآءَ أَشۡرَاطُهَا ﴾ محمد: ١٨

अर्थ : अब के उनीहरूले कयामतको (प्रलय) प्रतिक्षा गरिराखेका छन् कि कयामत उनीहरूमाथि एक्कासी आइहालोस्, निःसन्देह उसको लक्षणहरू त आइसकेका छन्... । (सूरतु मुहम्मद १८)

र वैधानिक परिभाषमा शर्तको अर्थ हो: जसको नहुनुले त्यस कुराको नहुने कुरको बोध हुँदैन तर

त्यसको हुनुले त्यो कुरो पनि अवश्य हुन्छ यस्तो जरुरी छैन ।

र नमाजका अत्याधिक शर्तहरू छन् जसमध्ये केही निम्न हुन्:

समय: जस्तोकि अल्लाहको फर्मान छ:

﴿ إِنَّ ٱلصَّلَوٰةَ كَانَتۡ عَلَى ٱلۡمُؤۡمِنِينَ كِتَٰبٗا مَّوۡقُوتٗا ١٠٣ ﴾ النساء: ١٠٣

अर्थ : नि:सन्देह मोमिनहरूलाई निर्धारित समयमा नमाज पढ्नु अनिवार्य छ । (सूरतुन्निसा १०३)

र यसै कारण समयको रियायतलेगर्दा कतिपय अनिवार्य कार्यहरू निलम्बित भइहाल्छन् । यसर्थ मान्छेमाथि यो अनिवार्य छ कि नमाजहरूलाई त्यसका नियमित समयहरूमा आयोजित गरोस्, र नमाजका निर्धारित समयहरूलाई अल्लाहले आफ्नो किताबमा संक्षिप्त तरिकाले वर्णन गरेका छन्, तर

त्यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो सुन्नतमा विस्तृत वर्णन गरेका छन् ।

त रह्यो कुरआनमा यसको वर्णन त अल्लाहको फर्मान छः

﴿ أَقِمِ ٱلصَّلَوٰةَ لِدُلُوكِ ٱلشَّمۡسِ إِلَىٰ غَسَقِ ٱلَّيۡلِ وَقُرۡءَانَ ٱلۡفَجۡرِۖ إِنَّ قُرۡءَانَ ٱلۡفَجۡرِ كَانَ مَشۡهُودٗا ﴾ الإسراء: ٧٨

अर्थ : अपरान्हदेखि रातीको अँध्यारोसम्म (जुहर, अस्र, मग्रिब, इशाका) नमाज़ पढनेगर । र विहान (फज्रका) कुरआन पढ्ने गर, किनभने विहान कुरआन पढ्न हाजिर गरिएको छ । (फरिश्ताहरू उपस्थितिको बेला हो यो) । (सूरतुल् इस्रा ७८)

त अल्लाहको कथन ( لِدُلُوكِ ٱلشَّمۡسِ ) अर्थात सूर्य ढल्किने समय । र अल्लाहको कथन ( غَسَقِ ٱلَّيۡلِ ) अर्थात मध्यरात्री । किनकि रात्रीमा गसकको सर्वोत्तम अर्थ हो मध्यरात्री । त मध्य दिनदेखि मध्य रात्रीसम्ममा चार नमाजको समय छ, र त्यो होः

जुहर, अस्र, मग्रिब र इशा । र यी समस्त समयहरू क्रमिक छन् तीबीच कुनै अन्तराल छैन । यसर्थ जुहरको समय हो: सूर्य ढल्किनुदेखि जबसम्म समस्त वस्तुहरूको छाया त्यसको बरोबर नभइहालोस् तबसम्म । र अस्रको समय हो: जब सबै चीजहरूको छाया त्यस बरोबर भइहालोस् तबदेखि सूर्यको प्रकाश धुमिलो हुने समयसम्म, र यो यसको सर्वोत्तम समय हो, र कारणवश यसको समय सूर्यास्तसम्म हो ।

र मग्रिबको समय हो: सूर्यास्तदेखि पश्चिम क्षितिजमा उदाउने लाली समाप्त नहुनेसम्म अर्थात सूर्य अस्तपश्चात जुन रातो रंग पश्चिमी क्षितिजमा हेरिन्छ त्यसको समाप्तिसम्म यसको समय रहन्छ । र इशाको समय हो: मग्रिबको समय समाप्त भएदेखि मध्यरात्रीसम्म ।

त यी नै ती क्रमिक नमाजका समयहरू हुन् जुन एकआर्कासित मिलेका हुन्छन् । र रह्यो कुरो मध्यरात्रीदेखि फज्र उदय हुने समयसम्मको त यो कुनै अनिवार्य नमाजको समय होइन ।

र फज्र नमाजको समय हो: फज्र उदय हुनेदेखि ( प्रात: उदय हुनेदेखि) सूर्य उदयसम्म । र यसै कारण अल्लाहले पनि यी दुवैबीच फर्क गरेको छ वर्णन गर्नुमा अर्थात पहिला भनेको छ:

( لِدُلُوكِ ٱلشَّمۡسِ إِلَىٰ غَسَقِ ٱلَّيۡلِ ) अनि भनेको छ: (

وَقُرۡءَانَ ٱلۡفَجۡرِۖ إِنَّ قُرۡءَانَ ٱلۡفَجۡرِ كَانَ مَشۡهُودٗا)

र हदीसहरूले यसलाई विस्तारले स्पष्ट पारेको छ जसरी कि हामीले उपरोक्तमा वर्णन गरें ।

त यो नै ती निर्धारित समयहरू हुन् जसमा अल्लाहले नमाज पढ्नु आफ्ना भक्तहरूमाथि अनिवार्य गरेको छ । यसर्थ कसैको लागि यो जायज छैन कि त्यो नमाजलाई त्यसको समयबाट अघि वा पछि गरेर आयोजित गरोस् चाहे त्यो तक्वीरतुल् एहराम जति समयको लागि किन नहोस्, त यस्तो गर्नु सही छैन किनकि अनिवार्य यो छ कि नमाज आफ्नो निर्धारित समयमा आयोजित गरियोस् किनकि समय ठाउँ झैं छ, यसर्थ जुन नमाजलाई

जुन समयमा तोकिएको छ त्यसैमा पढनु आवश्यक छ ।

र जसले पनि नमाजलाई त्यसको निर्धारित समयदेखि अवलम्बित गर्छ, त यदि कुनै कारणले यस्तो गरेको छ वा सुतेको थियो वा त्यसलाई बिर्सेको थियो त त्यो कारण समाप्त भए पश्चात त्यसलाई आयोजित गरिहालोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"من نام عن صلاة أو نسيها فليصلها إذا ذكرها، لا كفارة لها إلا ذلك" (أخرجه البخاري، كتاب مواقيت الصلاة ، باب من نسي صلاة فليصل إذا ذكر، رقم (597)، ومسلم ، كتاب المساجد، باب قضاء الصلاة الفائتة، رقم (684)، واللفظ له)

अर्थ : जुन व्यक्ति नमाजको समयमा सुतेको होस् वा त्यसलाई बिर्सेको होस् त जब त्यसलाई यसको याद आओस् त तुरुन्तै त्यसलाई पढिहालोस् । ( बुखारी, किताबु मवाकीतुस्सलात, बाबु मन् नसिया

सलातन् फल्यस्सले इजा जकरा, हदीस नं. ५९७। र मुस्लिम, किताबुल् मसाजिद, बाबु कजाइस्सलातिल् फाइता, हदीस नं. ६८४, र हदीसका शब्दहरू यिनैका हुन्)

अनि अल्लाहको यस कथनको पाठन गरे:

﴿ وَأَقِمِ ٱلصَّلَوٰةَ لِذِكۡرِيٓ ١٤ ﴾ طه: ١٤

अर्थ : र मेरो स्मरणको निमित्त नमाज पढ्ने गर । ( सूरतु ताहा १४)

तर यदि बिना कुनै कारण त्यसले नमाजलाई विलम्ब गरेको छ, त पछि नमाज पढेमा सही हुँदैन चाहे हजार पटक किन नपढोस् । यसर्थ यदि कुनै मान्छे नमाजलाई छाड्यो र त्यसको समयमा त्यसलाई आयोजित गरेन त पछि पढेको नमाज त्यसलाई लाभ पुऱ्याउँदैन, र यदि त्यसलाई त्यसले अकारण छाडेको छ भने त्यसको कर्तव्य पूर्ण हुँदैन चाहे त्यसलाई पछि त्यो हजार पटक पढोस्, र यसको प्रमाण हो रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन:

" من عمل عملاً ليس عليه أمرنا فهو رد"

(أخرجه مسلم، كتاب الأقضية، باب نقض الأحكام الباطلة ورد محدثات الأمور، رقم (1718).

अर्थ : जसले कुनै यस्तो कार्य गऱ्यो जसलाई गर्ने हाम्रो आदेश छैन भने त्यो कार्य अस्वीकृत छ । ( मुस्लिम, किताबुल् अक्जियह, बाबु नकजिल् अहकामिल् बातिलह वरद्दु मुहदसातिल् उमूर, हदीस नं. १७१८)

यसर्थ जसले नमाजलाई त्यसको नियमित समयमा बिना कुनै कारण नपढिकन् अरु समयमा पढ्यो भने त्यसले अल्लाह र अल्लाहका रसूलको आज्ञाको उल्लंघन गऱ्यो, यसर्थ त्यसको यो कार्य अस्वीकृत भयो ।

तर यो अल्लाको दयामध्येको नै हो कि यस समस्यामा अल्लाहले आफ्नो भक्तहरूको लागि मार्ग विस्तृत बनाएको छ कि जब उनीहरू कुनै कारणवश नमाजलाई निर्धारित समयमा पढनुमा कुनै अप्ठ्यारो वा कष्ट होस् वा त्यसको सम्भावना

होस् त नमाजलाई एकत्रित गरेर पढुन्, अर्थात जुहर र अस्रलाई जम्मा गरेर वा मग्रिब र इशालाई जम्मा गरेर पढुन्, यसर्थ जब कुनै मान्छेमाथि दुवैमध्येबाट कुनै नमाजलाई त्यसको समयमा पढनु कष्टकर होस् त त्यसको लागि यो जायज छ कि त्यो जमा तक्दीम वा जमा ताखीर गरेर नमाजलाई आयोजित गरोस् जसरी त्यसको लागि शुलभ होस्, किनकि अल्लाहको फर्मान छः

﴿ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلْيُسْرَ وَلَا يُرِيدُ بِكُمُ ٱلْعُسْرَ ﴾ البقرة: ١٨٥

अर्थ : अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन । (सूरतुल् बकरः १८५)

र सही मुस्लिममा हजरत इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले नगरमा भएको अवस्थामा बिना कुनै भय र वर्षा जुहर र अस्रको नमाजलाई जम्मा गरेर पढे, त इब्ने अब्बाससित सोधियो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यस्तो किन गरे ? त उहाँले उत्तर दिएः "ताकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमका

अनुयायीहरू यसलाई गर्नुमा कुनै संकोच नमानुन्, र यसबाट उनीहरूलाई कुनै कष्ट नपुगोस् ।" ( मुस्लिम, किताबु सलातिल् मुसाफिरीन वकस्रुहा, बाबुल् जमअे बैनस्सलातैन फिल् हज्रे, हदीस नं. ७०५)

त यसबाट यो प्रमाणित भयो कि यदि कुनै मान्छेलाई नमाजको निर्धारित समयमा त्यसलाई आयोजित गर्नु अप्ठ्यारो होस् भने त्यो दुई नमाजलाई जम्मा गरेर पढोस्, र यसमा कुनै संकोच नमानोस् । र समय नमाजका अति महत्वपूर्ण शर्तहरूमध्येको हो यसै कारण यो शर्त पनि हो र कारण पनि ।

र नमाजका शर्तहरूमध्ये गुप्ताङ्गलाई छोप्नु पनि हो, किनकि अल्लाहको फर्मान छ:

﴿ يَٰبَنِيٓ ءَادَمَ خُذُواْ زِينَتَكُمۡ عِندَ كُلِّ مَسۡجِدٖ وَكُلُواْ

وَٱشۡرَبُواْ وَلَا تُسۡرِفُوٓاْۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلۡمُسۡرِفِينَ ٣١ ﴾

الأعراف: ٣١

अर्थ : हे आदमको सन्तति प्रत्येक नमाजको बेला तिमीहरू राम्रोसँग लुगा लगाउने गर, र पर्याप्त खाने पिउने गर तर सीमाभन्दा अघि नबढ । निःसन्देह अल्लाह सीमाभन्दा अघि बढ्नेलाई मन पराउँदैन । (सूरतुल् अअ्राफ ३१)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले लुगाको बारेमा हजरत जाबिर बिन अब्दुल्लाह रजिअल्लाहो अन्होसित भने:

" فإن كان واسعاً فالتحف به، وإن كان ضيقاً فاتزر به" (أخرجه البخاري ، كتاب الوضوء ، باب إذا كان الثوب ضيقاً، رقم (361)

अर्थ : यदि लुगा फराकिलो होस् भने त्यसलाई ओढनु, र यदि लुगा संकुचित होस् भने त्यसलाई लुंगी झैं लगाउनु । (बुखारी, किताबुल् वजू, बाबु इजा कानस्सौबु जैयिकन्, हदीस नं. ३६१)

र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لا يصلي أحدكم في الثوب الواحد ليس على عاتقه منه شيء" أخرجه البخاري، كتاب الصلاة، باب إذا صلى في الثوب الواحد، رقم (359)، ومسلم، كتاب الصلاة، باب الصلاة في ثوب واحد، رقم (516).

अर्थ : तिमीमध्ये कुनै पनि व्यक्ति कुनै यस्तो एउटा लुगामा नमाज नपढोस् जस लुगाको कुनै भाग त्यसको काँधामाथि नहोस् । (बुखारी, किताबुस्सलात, बाबु इजा सल्ला फिस्सौबिल् वाहिद, हदीस नं. ३५९ । र मुस्लिम, किताबुस्सलात, बाबुस्सलाति फि सौबिन् वाहिद, हदीस नं. ५१६)

यसर्थ यी हदीसहरू यस कुरामाथि प्रमाणीकरण गरिरहेका छन् कि नमाज पढदा गुप्ताङ्गहरूलाई छोप्नु अनिवार्य छ । र यस कुरामा इमाम अब्दुल् बर्रले समस्त विद्हरूको एकमत हुने कुरालाई वर्णन गरेका छन्, र यो पनि कि जुन व्यक्ति लुगा लगाउनुमाथि सूक्ष्म हुनुको अवस्थामा पनि नंगन अवस्थामा नमाज पढछ भने त्यसको नमाज शुद्ध हुँदैन ।

र यस सन्दर्भमा विद्हरूले गुप्ताङ्गलाई तीन थरीमा विभाजित गरेका छन्: मुखफ्फफा (हलुको र सानो) गुप्ताङ्ग, ठूलो र बाक्लो गुप्ताङ्ग, र यी दुवैबीचको माध्य गुप्ताङ्ग ।

त ठूलो गुप्ताङ्ग (मुगल्लजा) हो: व्यस्क स्वतन्त्र महिलाको गुप्ताङ्ग, र विद्हरूको भनाई छ कि महिलाको पूर्ण शरीर नमाजको अवस्थामा गुप्ताङ्ग र छोप्ने कुरा अन्तर्गत आउँछ अनुहार बाहेक, र त्यसको दुवै चरण र हत्केलीबारे विद्हरूबीच मतभेद छ ।

र (मुखफ्फफा) सानो गुप्ताङ्ग हो: त्यस पुरुषको गुप्ताङ्ग जुन सातदेखि दश वर्षसम्म पुगेको होस्, त यसको गुप्ताङ्ग छोपिने कुरा त्यसको अगाडि पछाडिका दुवै गुप्ताङ्ग मात्र हुन् अर्थात नितम्ब र लिंग । त यस्तो बालकमाथि यो अनिवार्य छैन कि त्यो आफ्नो काँधालाई पनि छोपोस् किनकि त्यो सानो बालक हो । र माध्य यस बाहेकका कुराहरू हुन्, अनि यसको बारेमा विद्हरूको भनाई छ कि: अनिवार्य यो छ कि मान्छे आफ्नो नाभीदेखि घुँडासम्मको परदा गरोस् । त यस कथन अन्तर्गत

दश वर्षभन्दा ठूलो व्यस्क मान्छे र व्यस्क नभएकी बालिका र दासी पनि आइहाल्छन् । र यो कुरो हुँदाहुँदै पनि हाम्रो भनाई यो छ कि मान्छेलाई चाहियो कि त्यो नमाज पढनुको लागि पूर्ण तरिकाले सुसज्जित भएर पूर्ण लुगा लगाएर आयोजित गरोस् । तर यदि त्यो कुनै यस्तो लुगा लगाएको छ जसमा गुप्ताङ्ग भएको ठाउँमा चिरा होस् वा त्यसै स्थानमा फाटेको होस् भने यस्तो अवस्थामा यो वादविवाद गर्न सकिन्छ कि त्यसको नमाज सही हुन्छ कि हुँदैन ? र यो कुरो पनि वर्णन योग्य छ कि यदि महिलाको वरिपरि अपरिचित (अजनबी) मान्छेहरू छन् भने त्यसमाथि यो अनिवार्य छ कि त्यो नमाज पढदा आफ्नो अनुहारको पनि परदा गरोस्, किनकि महिलाको लागि यो जायज छैन कि त्यो अपरिचितहरू समक्ष आफ्नो अनुहारलाई खुल्ला राखोस् ।

# व्याख्या

प्रश्न: (९०) आदरणीय शैख ज्यू, दोस्रो शर्तलाई सम्पन्न गर्नुभन्दा अघि तपाईको यस कथनको अर्थ बुझ्न चाहन्छौं जुन तपाईले भन्नु भएको छ कि "यसमा वादविवाद गर्न सकिन्छ" ?

उत्तर: जब लुगामा कुनै चिरा प्वाल होस् त त्यसबारे वादविवाद गर्न सकिन्छ, किनकि त्यो थोरै र अधिक हुन्सक्छ, र यस्तै त्यो चिरा गुप्ताङ्गमाथि भएको खण्डमा अरु ठाउँमा भएको अवस्थाभन्दा भिन्न हुन्छ, जसरी कि त्यो काँधाको वरिपरि होस् वा नाभीमुनि वा पेट ... आदिमा होस्, त यी समस्त ठाउँको भिन्नताले हुकुम पनि भिन्न भइहाल्छ ।

त यो प्रश्न हामीलाई त्यस कुरालाई वर्णन गर्नुतर्फ पनि प्रोत्साहित गर्छ जसलाई गर्मीको समयमा अधिकांश मानिसहरू गर्छन्, अर्थात मान्छे सानो सिरवाल लगाएर त्यसमाथि यति पात्लो लुगा लगाउँछ कि त्यसबाट त्यसको अंगप्रत्यंग र चर्म झल्कन्छ, अनि यस्तै अवस्थामा त्यो नमाज पढछ त यस्तो मान्छेको यो नमाज सही हुँदैन, किनकि यस्तो

सिरवाल जुन नाभिदेखि घुँडासम्मका अंगहरूलाई छोपेको नहोस् अनि त्यसमाथि यस्तो लुगा लगाइयोस् जसबाट चर्म पनि झल्कोस् त त्यसले आफ्नो ती अंगहरूको परदा गरेन जसको परदा गर्नु नमाज आयोजित गर्नुको लागि अनिवार्य छ ।

र चर्म झल्कनुको अर्थ यो हो कि यो थाहा पाइयोस् कि चर्म कालो, रातो, पहेलो वा सेतो छ, र यसको यो अर्थ होइन कि चर्मको लम्बाइ वा चौडाइ स्पष्ट होस् किनकि यस्तो कुरा नमाजमा कुनै प्रभाव पार्दैन । तर कपडा जति बाक्लो हुन्छ त्यति नै राम्रो हुन्छ, किनकि त्यो यस्तो हुँदैन कि त्यसपछाडि भएको चर्म जाहेर होस् ।

यस्तै यदि कुनै यस्तो लुगा होस् जसको माथिबाट यो जाहेर होस् कि सिरवालको लम्बाइ कति छ तर चर्म स्पष्ट नहोस्, त यस्तो लुगा लगाएमा पनि नमाजमा केही फर्क पर्दैन, तर यदि लुगा यसभन्दा पनि बाक्लो होस् भने झन् राम्रो हुन्छ ।

र नमाजका शर्तहरूमध्ये पवित्रता पनि हो । र पवित्रता दुई प्रकारको हुन्छः हदस (अदृश्य र गोप्य अपवित्रता), र नजस (दृश्य र जाहेर अपवित्रता) ।

हदस (अदृश्य) अपवित्रताबाट पवित्रताः र यसका पनि थरी छन्ः ठूलो हदस (अपवित्रता): र यो यस्तो अपवित्रता हो जसबाट स्नान गर्नु अनिवार्य भइहाल्छ । र सानो अपवित्रता (हदस): जसबाट वजू गर्नु अनिवार्य भइहाल्छ, र यसबारे स्नानका कारणहरू र वजूका कारणहरूको सन्दर्भमा विस्तृत कुरा गरिसकेका छौं, त यसलाई पुनः दोहोऱ्याउनुको कुनै आवश्यकता र लाभ छैन ।

तर जुन कुरो यहाँ महत्वपूर्ण छ त्यो यो हो कि अपवित्रताबाट पवित्र हुनु नमाजका शर्तहरूमध्येको हो, र यो ती निर्देशनहरू अन्तर्गत आउँछ जसलाई अनिवार्यरूपले गर्ने आदेश छ नकि त्यस्ता निर्देशन अन्तर्गत जसबाट बाँच्नु आवश्यक छ । र यसबारे विद्हरूको यो प्रसिद्ध नियम छ किः जुन कुराहरूमा गर्ने आदेश छ त्यसमा मान्छे यदि बिर्सेर वा अनभिज्ञताको कारण त्यसलाई गर्दैन भने तैपनि यो त्यसको लागि कुनै कारण (उज्र) सिद्ध हुँदैन । त यस

नियमानुसार यदि कसैले बिना वजू बिर्सेर नमाज पढयो भने त्यसको नमाज भएन बरु त्यसलाई पुनः नमाज आयोजित गर्नुपर्छ, किनकि त्यसले एउटा यस्तो कार्यलाई गरेन जसलाई गर्ने आदेश छ। तर बिर्सेर बिना वजू पढिएको नमाजमा त्यसलाई कुनै पाप लाग्दैन, किनकि अल्लाहको फर्मान छः

﴿ رَبَّنَا لَا تُؤَاخِذْنَآ إِن نَّسِينَآ أَوْ أَخْطَأْنَا ﴾ البقرة: ٢٨٦

अर्थ : हे हाम्रो प्रतिपालक ! यदि हामीबाट कुनै भूल वा त्रुटि भएको भए हामीलाई दोषी न ठहराउनु ।( सूरतुल् बकरः २८६)

तर त्यो नमाज सही हुँदैन र त्यसलाई आयोजित गरेर त्यसको उद्धार हुनेवाला छैन, बरु त्यसलाई त्यो कार्य पुनः गर्नु नै पर्छ ।

र यस समस्यामा चाहे मान्छे एकलै होस् वा समूहमा वा मुक्तदी होस् वा इमाम यसबाट कुनै फर्क पर्दैन, त जसले पनि बिना वजू वा बिना स्नान गरिकन् बिर्सेर नमाज आयोजित गर्छ त जहिले पनि त्यसलाई यो सम्झना होस् कि त्यसले अपवित्रताको

अवस्थामा नमाज पढेको छ, त त्यो पुनः नमाज कायम गरिहालोस् यद्यपि त्यो इमाम किन नहोस् । र यदि मान्छे इमामत गरिरहेको छ र त्यसलाई नमाज पढाउने क्रममा नै यो याद आओस् कि त्यो वजू गरे छैन वा अपवित्रताको अवस्थामा नै नमाज पढाइरहेको छ त यस्तो अवस्थामा त्यो तुरुन्तै नमाज पढाउने कार्यलाई त्यागोस् र आफू पछाडि भएका मानिसहरूलाई यो भनोस् कि उनीहरू आफ्नो नमाजलाई पूर्ण गरुन्, यसर्थ मुक्तदीमध्ये कसैलाई इमामतको लागि अगाडि गरिदेओस्, तर यदि त्यो इमामतको लागि कसैलाई अगाडि बढाउँदैन भने मुक्तदीमध्ये कोही इमामतको लागि अगाडि आएर सबैको नमाजलाई पूर्ण गराओस् । तर यदि यस्तो पनि गरिएन भने समस्त मुक्तदीहरू अआफ्ना नमाजलाई स्वयम् पूर्ण गरुन्, र यस्तो स्थितिमा मुक्तदीहरूमाथि यो अनिवार्य छैन कि उनीहरू पुनः नमाजलाई आरम्भ गरुन्, नत उनीहरूमाथि नमाजलाई पुनः दोहोऱ्याउनु नै आवश्यक छ, किनकि उनीहरूलाई त इमामको अवस्थाबारे कुनै ज्ञान हुँदैन । र यो हुकुम नै त्यस

मान्छेको लागि पनि छ जुन अनभिज्ञतालेगर्दा यस्तो गरेको होस् ।

र यस्तै यदि कुनै मान्छे पवित्र छ अनि त्यसलाई मासु पेश गरियो अनि त्यसले त्यस मासुबाट खायो तर त्यसलाई यो थाहा छैन कि त्यो मासु ऊँटको हो वा अरु कुनै कुराको, अनि त्यसले बिना वजू गरिकन् नमाज पढयो, अनि नमाज पश्चात त्यसलाई यो थाहा भयो कि त्यो मासु ऊँटको थियो, त अब त्यसमाथि अनिवार्य यो छ कि त्यो वजू गरेर पुनः त्यस नमाजलाई आयोजित गरोस्, तर त्यसमाथि यस अवस्थामा कुनै दोष लाग्दैन किनकि जुन समय त्यसले नमाज पढेको थियो त्यस समय त्यसलाई वजू भंग हुने कुरा थाहा थिएन, र अल्लाहको फर्मान छः

﴿ رَبَّنَا لَا تُؤَاخِذۡنَآ إِن نَّسِينَآ أَوۡ أَخۡطَأۡنَاۚ ﴾ البقرة: ٢٨٦

अर्थ : हे हाम्रो प्रतिपालक ! यदि हामीबाट कुनै भूल वा त्रुटि भएको भए हामीलाई दोषी न ठहराउनु ।( सूरतुल् बकरः २८६)

# त्यस इमामको नमाजको हुकुम जसले बिर्सेर बिना वजू नमाज पढायो

प्रश्न: (९१) आदरणीय शैख ज्यू, यदि कुनै इमामले नमाज पढायो अनि नमाज समाप्त भए पश्चात त्यसलाई यो थाहा भयो कि त्यसको वजू भंग भइसकेको थियो त के त्यसलाई र मुक्तदीहरूलाई पुन: नमाज पढनु पर्छ कि पढनु पर्दैन ?

उत्तर: यसको हुकुम यो हो कि इमाममाथि यो अनिवार्य छ कि त्यो पुन: नमाज पढोस्, तर मुक्तदीहरूमाथि नमाजलाई पुन: पढनु आवश्यक छैन, र उनीहरूले सामूहिक नमाजको पुण्य पाइहाले । र यस्तै यो कुरो पनि कसैको लागि अज्ञात र लुकेको छैन कि जब मान्छेले बिना वजू र ठूलो अपवित्रतामा बिना स्नान गरिकन् नमाज पढ्छ र त्यो यस कारण यस्तो गर्छ किनकि त्यसलाई पानी उपलब्ध छैन वा त्यो पानी प्रयोग गर्न सक्दैन, त यस्तो अवस्थामा त्यो तयम्मुम गरेर नमाज पढ्छ वजू अथवा स्नानको सट्टामा, किनकि तयम्मुम पानीको स्थानमा पर्याप्त हुन्छ जब पानी प्रयोग गर्न

नसकियोस् । त यदि कसैले पानी नपाएको खण्डमा तयम्मुम गरेर नमाज पढ्छ भने त्यसको नमाज सही र पूर्ण छ चाहे त्यो यस्तै महिनाभरी नमाज किन नपढोस् यदि त्यो बिरामी छ र पानी प्रयोग गर्न सक्दैन र तयम्मुम गरेर नमाज पढ्छ भने त्यसको नमाज एकदम सही छ । यसर्थ पानीको साटो तयम्मुम पर्याप्त हुन्छ, त जब कसैले तयम्मुम गऱ्यो र त्यसको तयम्मुम भंग भएन चाहे त्यस नमाजको समय समाप्त भइहालोस् जसको लागि तयम्मुम गरेको थियो त त्यो यसै तयम्मुमबाट आउनेवाला नमाज पनि पढन सक्छ, किनकि तयम्मुम पनि यस्तै पवित्रता प्रदान गर्छ जसरी पानी प्रदान गर्छ । र यसै कारण जब अल्लाहले सूरतुल् माइदामा तयम्मुमलाई वर्णन गऱ्यो त त्यस पश्चात भन्यो:

﴿ مَا يُرِيدُ ٱللَّهُ لِيَجۡعَلَ عَلَيۡكُم مِّنۡ حَرَجٖ وَلَٰكِن يُرِيدُ لِيُطَهِّرَكُمۡ وَلِيُتِمَّ نِعۡمَتَهُۥ عَلَيۡكُمۡ لَعَلَّكُمۡ تَشۡكُرُونَ ٦ ﴾ المائدة: ٦

अर्थ : अल्लाहले तिमीलाई अप्ठ्यारोमा पार्न चाहँदैन, बरु त्यो त तिमीलाई पवित्र गर्न चाहन्छ र आफ्नो असीम कृपा तिमीलाई प्रदान गर्न चाहन्छ जसबाट तिमी कृतज्ञ भई नै रह । (सूरतुल् माइदा ६)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

" جعلت لي الأرض مسجداً وطهوراً" (أخرجه البخاري ، كتاب الصلاة ، باب قول النبي صلى الله عليه وسلم : " جعلت لي الأرض مسجداً وطهوراً" رقم (438)، ومسلم، كتاب المساجد ومواضع الصلاة ، رقم (521).

अर्थ : मेरो लागि पृथ्वीलाई पवित्र र नमाज पढ्ने ठाउँ बनाइएको छ । (बुखारी, किताबुस्सलात, बाबु कौलिन्नबीए सल्लल्लाहो अलैहे वसल्लमः "जुइलत

लिल् अर्जु मस्जिदन् वतुहूरा", हदीस नं. ४३८ । र मुस्लिम, किताबुल् मसाजिद वमवाजिउस्सलात, हदीस नं. ५२१)

## तयम्मुम गरेको मान्छेले वजू गरेका मानिसहरूको इमामत गराउनुको हुकुम

प्रश्न: (९२) आदरणीय शैख ज्यू, कदाचित यो पनि सोधिन्छ कि के तयम्मुम गरेको मान्छेको लागि यो जायज छ कि त्यो वजू गरेका मानिसहरूको इमामत गराओस् ?

उत्तर: हो, तयम्मुम गरेको मान्छेलाई वजू गरेका मानिसहरूको इमामत गर्नु जायज छ, किनकि दुवैले अनुमतिप्राप्त पवित्रताद्वारा नमाज पढेका छन् ।

दोस्रो: जाहेरी गन्दगी (अपवित्रता) बाट पवित्रता ग्रहण गर्नु: त यो गन्दगी (नजास्त) तीन ठाउँमा लाग्न सक्छ:

शरीरमा, र लुगामा, जमिनको कुनै भूभागमा । यसर्थ मान्छेमाथि यो अनिवार्य छ कि त्यो यी तीनवटैलाई गन्दगी (नजस) बाट पवित्र राखोस् ।

शरीरलाई यसबाट पवित्र राख्नुको प्रमाण: रसूल सल्लल्लाहो अलैहे वसल्लम दुईटा चिहान निकटबाट गुज्रदा भन्न थाले:

"إنهما ليعذبان، وما يعذبان في كبير، أما أحدهما فكان لا يستتر من البول"[1] أخرجه البخاري، كتاب الوضوء، باب من الكبائر ألا يستتر من بوله، رقم (216، 218)، ومسلم، كتاب الطهارة، باب الدليل على نجاسة البول ووجوب الاستبراء منه، رقم (292).

अर्थ : यी दुवै चिहानमा भएका दुवै मानिसहरूलाई यातना दिई राखिएको छ, र यिनीहरूलाई कुनै ठूलो कुराको कारण यातना दिई राखिएको छैन, बरु यसमध्ये एउटा मान्छे आफ्नो पिशाबको छिंटाहरूबाट सुरक्षित रहँदैनथ्यो ... । (बुखारी, किताबुल् वज्, बाबु मनिल् कबाइरे अल्ला यसततिरु मिन बौलिही, हदीस नं. २१६, २१८ । र मुस्लिम, किताबुत्तहारह, बाबुद्दलीलि अला नजासतिल् बौलि ववजूबिल् इस्तिब्राइ मिन्हू, हदीस नं. २९२)

र यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लमले रजस्वलामा भएकी त्यस महिलालाई जसको लुगालाई रजस्वलाको रगत लागेको थियो यो आदेश गरेका थिए कि त्यो त्यसलाई धोए पश्चात त्यसलाई लगाएर नमाज पढोस् । (अबू दाऊद किताबुत्तहारह, बाबुल् मरअति तग्सिलु सौबहाल्लजी तल्बेसुहा फि हैजेहा, हदीस नं. ३६५)

त यसमा यस कुरामाथि प्रमाण छ कि लुगालाई गन्दगीबाट पवित्र गरेर नमाज पढनु अनिवार्य छ। र रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा यो पनि प्रमाणित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष एउटा यस्तो शिशु ल्याइयो जुन अहिलेसम्म खाना खाँदैनथ्यो, अनि त्यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको गोदीमा राखियो, अनि त्यसले उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि पिशाब गर्‍यो त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले एउटा बर्तनमा पानी मँगाए, अनि त्यसमाथि (पिशाब लागेको लुगामाथि) हाले । (बुखारी, किताबुल् वजू, बाबु बौलिस्सिबियान, हदीस नं. २२२ । र मुस्लिम,

किताबुत्तहारह, बाबु हुकमु बौलित्तिफलिर्रजीइ वकैफियति गुस्लेही, हदीस नं. २८६, २८७)

र रह्यो भूभागमा भएको गन्दगीको त हजरत अनस रजिअल्लाहो अन्होले वर्णन गरेको हदीसमा छ कि एउटा गाउँले मान्छे मस्जिदमा प्रवेश गऱ्यो, अनि त्यसको एउटा कुनामा पिशाब फर्न लाग्यो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो आदेश गर्नु भयो कि त्यसमाथि एक दलव (बाल्टी) पानी हालियोस् । (बुखारी, किताबुल् वजू, बाबु सब्बिल् माए अलल् बौले फिल् मस्जिद, हदीस नं. २२०)

यसर्थ यो अनिवार्य छ कि मान्छे आफ्नो शरीर र लुगा एवं जस ठाउँमा नमाज पढदछ त्यसलाई अपवित्रता र गन्दगीबाट पवित्र गरोस् ।

त यदि कसैले नमाज पढयो र त्यसको शरीरमाथि कुनै प्रकारको गन्दगी लागेको छ वा त्यसको कपडा अपवित्र छ वा जस ठाउँमा त्यो नमाज पढिरहेको छ त्यस ठाउँमा गन्दगी छ र त्यो अपवित्र छ, तर त्यसलाई यस अपवित्रता र गन्दगीको बारेमा थाहा थिएन, वा त्यसलाई थाहा त थियो तर त्यो यस

कुरालाई बिर्सिसकेको थियो यहाँसम्म कि जब त्यसले नमाज सम्पन्न गऱ्यो तब त्यसलाई यस कुराको याद आयो, त यस्तो अवस्थामा त्यसको नमाज सही भइहाल्छ र त्यसलाई पुन: नमाज पढ्नुको कुनै आवश्यकता छैन। र यसको प्रमाण हो रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो हदीस कि एक दिन रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो साथीहरूलाई नमाज पढाउन लागे, अनि आफ्नो जुत्तालाई फुकाले, त सबै मानिसहरू अआफ्ना जुत्तालाई फुकाल्न थाले, त जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले नमाज समाप्त गरे त उनीहरूसित जुत्ता निकाल्ने कारण सोधे त उनीहरूले भने: जब हामीहरूले तपाईलाई जुत्ता फुकाल्दा हेरें त हामीहरूले पनि जुत्ता फुकालिहालें, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भने:

" إن جبريل أتاني ، فأخبرني أن فيهما قذراً" تقدم

تخريجه تحت سؤال رقم: (64).

अर्थ : हजरत जिब्रील मेरो पास आएर मलाई यो खबर दिए कि मेरो जुत्तामा गन्दगी (कजेरह) लागेको

छ । ( यसको सन्दर्भ प्रश्न नं. ६४ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

त यदि अनभिज्ञतालेगर्दा गन्दगी लागेको अवस्थामा नमाज भंग हुन्थ्यो भने नबी सल्लल्लाहो अलैहे वसल्लम नमाजलाई पुनः आरम्भ गर्थे, तर जब मान्छेलाई नमाज पढिरहेको अवस्थामा यो याद आओस् कि त्यसले वजू गरेकै छैन त त्यसमाथि यो अनिवार्य छ कि त्यो नमाजलाई भंग गरेर वजू बनाओस् अनि पुनः नमाज आयोजित गरोस् र यदि कोही बिर्सेर वा अनजानमा अपवित्र अवस्थामा नमाज पढयो अर्थात गन्दगी लागेको अवस्थामा नमाज पढयो भने त्यसको नमाज भइहाल्छ चाहे त्यसलाई नमाजभन्दा पहिला त्यसको ज्ञान थियो तर त्यो यस कुरालाई बिर्स्यो वा त्यसलाई नमाज सम्पन्न गरे पश्चात नै त्यसको याद आयो ।

त यदि तिमी भन्छौ कि यस अवस्था र त्यस मान्छेमा के फर्क छ जुन बिना वजू बिर्सेर वा अनभिज्ञताको कारण नमाज पढछ ? त के कारण छ कि तिमी बिर्सेर वा अनभिज्ञताको कारण बिना वजू गरेर नमाज पढनेलाई पुनः नमाज पढने आदेश गर्छौ र गन्दगी लागेको कुरालाई बिर्सेर वा अनजान

भएको अवस्थामा त्यसलाई पुनः नमाज पढने आदेश गर्दैनौ ?

त हामी भन्छौंः कि स्नान गर्नु वा वजू बनाउनुको संलग्नता गर्नुको आदेशहरूसित छ, र रह्‌यो गन्दगीको त यसबाट बाँच्नुको आदेश छ अर्थात यसको संलग्नता नगर्ने र बाँच्ने आदेशसित छ गर्ने आदेशहरूसित होइन, त जस कुरामा गर्ने आदेश छ त्यसमा बिर्सनु र अनजान हुनु कुनै कारण हुनसक्दैन तर जसमा नगर्ने वा बाँच्ने आदेश छ त्यसमा यो कारण बन्न सक्छ ।

र नमाजका शर्तहरूमध्ये किब्ला (कअ्‌बा) तिर अनुहार गर्नु पनि हो : किनकि अल्लाहको फर्मान छः

﴿ قَدۡ نَرَىٰ تَقَلُّبَ وَجۡهِكَ فِي ٱلسَّمَآءِۖ فَلَنُوَلِّيَنَّكَ قِبۡلَةٗ تَرۡضَىٰهَاۚ فَوَلِّ وَجۡهَكَ شَطۡرَ ٱلۡمَسۡجِدِ ٱلۡحَرَامِۚ وَحَيۡثُ مَا كُنتُمۡ فَوَلُّواْ وُجُوهَكُمۡ شَطۡرَهُۥۗ ﴾ البقرة: ١٤٤

अर्थ : (हे मुहम्मद !) मैले तपाईको मुख पटक-पटक आकाशतिर उठ्दै गरेको देख्दैछु । अब हामीले तपाईलाई यस किब्लातिर, ध्यानाकर्षण गराउँदैछौ जसबाट तपाई खुशी हुनु हुनेछ । तपाईले आफ्‌नो

मुख मस्जिदे हराम (अर्थात् खान -ए-कअ्बा) तिर फर्काउनुस् र तपाई जहाँ भए पनि (नमाज पढ्ने बेलामा) त्यही मस्जिद तर्फ आफ्नो अनुहार फर्काउने गर्नुस् । (सूरतुल् बकर: १४४)

यसर्थ किब्लातिर अनुहार गर्नु नमाज सही हुनुको शर्त हो । तसर्थ जुन व्यक्ति किब्ला बाहेक कुनै अरु दिशातिर अनुहार गरेर नमाज पढयो भने त्यसको नमाज सही भएन, र यस्तो गर्दा चार अवस्था बाहेक कुनै अरु अवस्थामा त्यसको लागि पर्याप्त हुँदैन, र ती चार अवस्थाहरू हुन्:

पहिलो अवस्था: मान्छे किब्लातिर अनुहार गर्नुमा सूक्ष्म नहोस्, जसरी कि त्यो विरामी होस् र त्यसको अनुहार किब्लातिर नहोस्, र त्यो किब्लातिर अनुहार गर्न नसकोस्, त यस्तो अवस्थामा त्यसको नमाज उस्तै भइहाल्छ चाहे त्यसको अनुहार जुन दिशामा भए पनि, किनकि अल्लाहको फर्मान छ:

﴿ فَٱتَّقُواْ ٱللَّهَ مَا ٱسۡتَطَعۡتُمۡ ﴾ التغابن: ١٦

अर्थ : अल्लाहसित जति डरन सक्छौ त्यति नै डर ... । (सूरतुत्तगाबुन १६)

र यो मान्छे आफ्नो अनुहार किब्लातिर गर्नुमा सूक्ष्म छैन, नत त्यो आफै यस्तो गर्न सक्छ नत कसैको सहायताले नै, यसर्थ त्यसमाथि त्यति नै छ जतिमा त्यो सूक्ष्म छ ।

दोस्रो अवस्था: जब कुनै मान्छे कुनै शत्रुबाट भयभीत होस् वा शत्रुबाट भागिरहेको होस् र त्यसको अनुहार किब्ला बाहेकको दिशामा होस्, र त्यो किब्लातिर अनुहार गर्नुमा सूक्ष्म नहोस्, त यस्तो अवस्थामा पनि त्यसको नमाज सही भइहाल्छ त्यसको अनुहार चाहे जुन दिशातिर किन नहोस्, किनकि अल्लाहको फर्मान छ:

﴿ فَإِنۡ خِفۡتُمۡ فَرِجَالًا أَوۡ رُكۡبَانٗاۖ ﴾ البقرة: ٢٣٩

अर्थ : यदि तिमी भयको अवस्थामा छौं भने पैदल वा सवारीको अवस्थामा नै (नमाज पढिहाल) । (सूरतुल् बकर: १३९)

र यो कुरो ज्ञात नै छ कि भयको अवस्थामा मान्छेको अनुहार कहिले किब्लातिर हुन्छ त कहिले किब्लातिर हुँदैन, त जब अल्लाहले पैदल र सवारलाई यो अनुमति प्रदान गरेको छ कि त्यसै अवस्थामा नमाज पढिहालोस् त यसबाट यो निष्कर्ष

निस्कन्छ कि त्यसलाई किब्ला बाहेकतिर अनुहार गरेर नमाज पढनुको पनि अनुमति दिइएको छ, किनकि त्यसले किब्लातिर अनुहार गरेमा आफ्नो ज्यान गुमाउन सक्दछ ।

तेस्रो अवस्था: जब मान्छे यात्रामा होस् र नफिली नमाज पढन चाहोस् त त्यो त्यसै दिशामा अनुहार गरेर नमाज पढोस् जुन दिशामा त्यो गइरहेको छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा यो प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम यात्रामा जुन दिशातिर उहाँको अनुहार हुन्थ्यो त्यसै दिशातिर अनुहार गरेर नमाज कायम गर्थे, तर अनिवार्य नमाजमा यस्तो गर्दैनथे । यसर्थ यात्रु नफिली नमाज त्यसै दिशातिर अनुहार गरेर पढछ जुन दिशातिर त्यो यात्रा गरिरहेको छ, तर अनिवार्य नमाज पढदा यो अनिवार्य छ कि त्यो आफ्नो अनुहार किब्लातिर गरोस् ।

चौथो अवस्था: जब मान्छेलाई किब्लाबारे सन्देह भइहालोस् । यसर्थ त्यसलाई थाहै नहोस् कि किब्ला कुन दिशामा छ, त यस्तो अवस्थामा त्यो अनुमान लगाएर जसमाथि त्यसलाई पूर्ण विश्वास होस् त्यसै दिशातर्फ अनुहार गरेर नमाज कायम गरोस्, चाहे

नमाज पढे पश्चात त्यसलाई यो थाहा भइहालोस् कि त्यसले किब्ला बाहेकको दिशातिर अनुहार गरेर नमाज पढेको छ तै पनि त्यसलाई नमाज पुनः देहोऱ्याउनु पर्दैन ।

र कदाचित कोही यो भन्न सक्छ किः यस अवस्थालाई अरु अवस्थाबाट भिन्न गर्नुको कुनै अर्थ र मतलब छैन किनकि हामी पनि भन्छौं कि त्यो किब्लाबारे जाँच गरेर जुन दिशामा किब्ला हुने अधिक सम्भावना होस् त्यसैतिर अनुहार गरेर नमाज पढियोस्, र यस्तो गर्नाले यदि त्यो किब्ला बाहेकको दिशातिर अनुहार गरेर नमाज पढ्यो भने त्यसलाई कुनै प्रकारको दोष लाग्दैन, किनकि यो नै त्यसको शक्तिको अन्तिम र चर्मसीमा हो । र अल्लाहको फर्मान छः

﴿ لَا يُكَلِّفُ ٱللَّهُ نَفْسًا إِلَّا وُسْعَهَا ﴾ البقرة: ٢٨٦

अर्थ : अल्लाहले कसैलाई उसको शक्तिभन्दा बढी कष्ट (दायित्व) दिदैन । (सूरतुल् बकरः २८६)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ فَٱتَّقُواْ ٱللَّهَ مَا ٱسۡتَطَعۡتُمۡ ﴾ التغابن: ١٦

अर्थ : अल्लाहसित जति डरन सक्छौ त्यति नै डर ... । (सूरतुत्तगाबुन १६)

## नमाजका बाँकी शर्तहरू

प्रश्न: (९३) आदरणीय शैख ज्यू, हामी चाहन्छौं कि अब नमाजका अन्य शेष शर्तहरूको पनि ज्ञान ग्रहण गरौं, र तपाईले अहिलेसम्म त्यसका शर्तहरूमध्ये गुप्ताङ्गको परदा गर्नु, पवित्रता, किब्लातिर अनुहार गर्नुलाई वर्णन गरिसक्नु भएको छ ?

उत्तर: हामीले यो कुरो स्पष्ट गरिसकेका छौं कि किब्लातिर अनुहार गर्नु नमाज सही हुनुको लागि शर्त हो, र त्यसबाट चार अवस्थालाई अलग गरेका थियौं, जसमध्ये चौथो अवस्था यो थियो कि मान्छेलाई किब्लाको दिशाबारे नै शंका भइहालोस् । त यस चौथो अवस्थामा वादविवाद र वादसंवाद गर्न सकिन्छ । र त्यसबारे संवाद गरे पनि हामी यो नै भन्छौं कि: चाहे यसलाई हामी एउटा भिन्न अवस्था मानौं वा नमानौं तै पनि यस अवस्थामा मान्छेमाथि मात्र यति नै अनिवार्य छ कि त्यो त्यति गरोस् जति

गर्ने त्यसको क्षमता छ, र सही कुरोको जाँच गरे जुन त्यसलाई सही लागोस् त्यसै बमोजिम कार्यरत भइहालोस् । तर यहाँ एउटा कुरा वर्णन गर्ने योग्य छ कि के त्यो साक्षात किब्लातिर अनुहार गर्छ वा किब्ला भएको दिशातिर ? त यदि मान्छे कअ्बाभन्दा निकट छ जसलाई हामी किब्ला भन्दछौं त त्यसको लागि यो सम्भव हुन्छ कि त्यो कअ्बालाई हेरोस्, त यस्तो अवस्थामा त्यसमाथि यो अनिवार्य छ कि त्यो साक्षात कअ्बातिर अनुहार गरोस्, किनकि यो नै मूल तथ्य हो । तर यदि मान्छे किब्लाभन्दा टाढा छ र त्यसलाई हेर्न सक्दैन, त त्यसमाथि अनिवार्य यो छ कि त्यो किब्लाको दिशातिर अनुहार गरोस् । र मान्छे मक्काबाट जति टाढा हुन्छ त्यति यो दिशा त्यसको लागि विस्तृत भइहाल्छ, किनकि गोलाई जति ठूलो हुँदै जान्छ त्यो त्यति विस्तृत हुँदै जान्छ, र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो कि:

" ما بين المشرق والمغرب قبلة "(1) أخرجه الترمذي، كتاب الصلاة ، باب ما جاء أن ما بين المشرق والمغرب قبلة ، رقم (344)، وابن ماجه ، كتاب إقامة الصلاة ، باب القبلة ، رقم

(1011)، وقال الترمذي : حسن صحيح ، وأخرجه الحاكم في المستدرك (205/1) وقال : صحيح على شرط الشيخين ، ووافقه الذهبي)

अर्थ : जति पनि पूर्वदेखि पश्चिमसम्म छ सबै किब्ला हो । (तिर्मिजी, किताबुस्सलात, बाबु माजाअ् अन्ना मा बैनल् मश्रिकि वल्मग्रिबि किब्लतन्, हदीस नं. ३४४ । र इब्ने माजा, किताबु इकामतिस्सलात, बाबुल् किब्ला, हदीस नं. १०११ । र इमाम तिर्मिजीले यसलाई विश्वासनीय र सही भनेका छन् । र मुस्तदरक हाकिम १/२०५, र इमाम हाकिमले यसलाई बुखरी र मुस्लिमको शर्तमा सही भनेका छन्, र उनको यस कुरामा इमाम जहबीले सहमति पनि जनाएका छन् ।)

त यो भनाई मदिनाबासीहरूको लागि थियो, र यसै कारण विद्हरूले भनेका छन् कि दिशाबाट अलिकति यताउता हुनाले कुनै फर्क पर्दैन । र दिशा चार छन् यो कुरो कसैको लागि लुकेको कुरो होइन, अर्थात पूर्व, पश्चिम, उत्तर, दक्षिण । त यदि मान्छे कअ्बाभन्दा पूर्व वा पश्चिम दिशामा छ भने त्यसको हकमा किब्ला उत्तर र दक्षिणको बीचको भाग हुन्छ, र यदि मान्छे कअ्बाभन्दा उत्तर वा दक्षिण दिशामा

छ भने त्यसको हकमा किब्ला पूर्व र पश्चिमको बीचको भाग हुन्छ, किनकि त्यसको लागि मात्र दिशातिर अनुहार गर्नु अनिवार्य छ ।

हो, यदि कोही कअ्बाभन्दा पूर्वमा छ र त्यो आफ्नो अनुहार दक्षिणतिर गरेर नमाज पढछ भने यो सही छैन, किनकि त्यसले आफ्नो बायाँतिरलाई दिशा बनायो र किब्लालाई आफ्नो दायाँतिर गर्‍यो, त यस्तो गर्नु सही छैन । र यस्तै यदि त्यो मक्काभन्दा उत्तरतिर छ र त्यसले पश्चिमलाई किब्ला बनायो त यस्तो अवस्थामा त्यसको नमाज सही हुँदैन, किनकि त्यसले किबलालाई आफ्नो बायाँतिर गर्‍यो, र यदि त्यसले पूर्वतिर अनुहार गर्‍यो तैपनि त्यसको नमाज सही हुँदैन किनकि त्यसले किब्लालाई आफ्नो दायाँतिर गर्‍यो ।

तर वर्तमान युगमा अल्लाहले किब्ला सुनिश्चित गर्ने उपक्रणहरू उपलब्ध गरिदिएको छ जसको राम्ररी परीक्षण पनि गरिएको छ, यसर्थ मान्छेलाई चाहियो कि यस्ता यन्त्रहरूलाई यात्रामा आफ्नो साथमा राखोस्, किनकि यी यन्त्र र उपक्रणहरू त्यसलाई किब्लाको जानकारी गारइदिन्छन् यस्तो अवस्थामा जब त्यो त्यसबारे असमंजसमा पर्छ । यस्तै जब

कोही मस्जिद बनाउन चाहोस् त त्यसलाई पनि चाहियो कि यस्ता यन्त्रहरूको सहायता लेओस् ।

र नमाजका शर्तहरूमध्ये नीयत पनि हो, र नीयतको ठाउँ हृदय हो, र नीयतको शर्त पूजालाई विशिष्ट अथवा निर्धारित गर्नुको लागि लगाइएको छ, किनकि कुनै पनि बुद्धिमान बिना नीयत गरिकन् वजू बनाएर नमाज पढदैन, तर यहाँ उद्देश्य यो हो कि त्यो निर्धारित गरोस् कि जुहर नमाज पढन गइरहेको छ वा अस्र नमाज, वा फज्र पढन गइरहेको छ अथवा इशाको नमाज, किनकि मात्र यो नीयत गर्नु कि म नमाज पढन गइरहेको छु पर्याप्त छैन । यसर्थ त्यसको लागि अनिवार्य यो छ कि कुनै विशिष्ट नमाजको नीयत गरोस् जसरी अस्रको नमाज । त जसले पनि नमाज निर्धारित नगरिकन् मात्र नमाजको नीयत गर्छ त त्यसमा समस्त नमाजहरू समाविष्ट भइहाल्छन्, तर जसले कुनै विशिष्ट नमाजको नीयत गर्‍यो त यस नीयतमा त्यस नमाज बाहेक कुनै आर्को नमाज शामेल हुन्सक्दैन, र यस कुरालाई हामी उदाहरणद्वारा स्पष्ट गर्दछौं: एउटा मान्छेले आम नफिली नमाजको नीयत गर्‍यो तर नमाजको माझमा नै त्यो कुनै विशिष्ट नफिली नमाजको नीयत गर्न चाहन्छ जसरी यस नीयतलाई

सुन्नते मुवक्कदामा परिवर्तित गर्न चाहन्छ। त हामी यस समस्यामा भन्छौं कि त्यसको यो इच्छा पूर्ण हुँदैन र यो नीयत सही हुँदैन, किनकि सुन्नते मुवक्कदाको लागि यो आवश्यक छ कि नमाज आरम्भ गर्नुभन्दा अघि नै त्यसको नीयत गरियोस् नत्र त्यो सुन्नते मुवक्कदा हुँदैन, किनकि जुन आरम्भिक नमाज थियो त्यसमा मान्छेले सुन्नते मुवक्कदाको नीयत गरेको थिएन। तर यदि मान्छेले सुन्नते मुवक्कदा (सुनने रातिबह) को नीयत गरेको छ, अनि त्यस नीयतलाई आम नफिली नमाजमा परिवर्तित गर्न चाहन्छ भने यस्तो गर्नु सही छ, किनकि विशिष्ट नीयत आम नमाजलाई पनि समाविष्ट हुन्छ, त जब त्यसले विशेष नीयतलाई स्थगित गऱ्यो भने आम नीयत अझैं बाँकी नै छ।

र आर्को उदाहरण: एउटा मान्छेले अस्रको नीयत गरेर नमाज पढन आरम्भ गऱ्यो अनि बीच नमाजमा त्यसलाई यो स्मरण भयो कि त्यसले त जुहरको नमाज पढेकै छैन, अनि त्यो यस नीयतलाई जुहरको नमाजमा परिणत गर्न चाहन्छ भने यस्तो गर्नु सही छैन, र यस्तो गर्नाले नत अस्रको नमाज नै सही हुन्छ नत जुहरको नमाज नै, त अस्रको नमाज यस कारण सही हुँदैन किनकि त्यसले

त्यसको नीयतलाई भंग गऱ्यो, र जुहरको नमाज यस कारण सही हुँदैन किनकि त्यसले आरम्भदेखि त्यसको नीयत गरेन । तर यदि मान्छेलाई यसबारे ज्ञान थिएन भने त्यसको हकमा यो नमाज नफिली नमाज भइहाल्छ किनकि त्यसको आम नीयत बाँकी नै छ ।

र संक्षेपमा हामी यो भन्दछौं कि कुनै पनि मानिस पूजाको लागि आम नीयत गरेर नै पूजा आरम्भ गर्छ, किनकि कुनै मान्छे यस्तो छैन जुन बिना नीयत कुनै कार्य गरोस्, र हाम्रो भनाईको तात्पर्य यो कि नीयतगर्दा त्यसलाई निर्धारित गर्नु वा विशिष्ट गर्नु आवशयक छ ।

यस्तै नीयतको विषयमा यो पनि आउँछ कि मान्छे एकलै नमाज पढिरहेको अवस्थामा इमामत गर्नुको नीयत गरोस् । त यस विषयमा विद्हरूको मतभेद छ, तर सही कुरो यो हो कि यस्तो गर्नुमा कुनै आपत्ति छैन । र यसको उदाहरण हो कि मान्छे एकलै नमाज पढिरहेको होस् अनि एउटा आर्को मान्छे आएर त्यससित मिल्यो ताकि यो नमाज सामूहिक नमाज भइहालोस्, त यस्तो गर्नुमा कुनै दोष र आपत्ति छैन, किनकि नबी सल्लल्लाहो अलैहे

वसल्लम रात्रीमा नमाज पढिरहेका थिए, र इब्ने अब्बास रजिअल्लाहो अन्हो सुतेका थिए, अनि इब्ने अब्बास रजिअल्लाहो अन्हो उठेर वजू गरे, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ नमाजमा शामेल भए, त यस्तो गर्नुमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले सहमति जनाएका थिए। (बुखारी, किताबुल् वजू, बाबुत्तखफीफि फिल् वजू, हदीस नं. १३८ । र मुस्लिम, किताबुल् मुसाफेरीन, बाबुद्दुआए फि सलातिल्लैलि वकियामेही, हदीस नं. ७६३)

र यो विधि छ कि जुन नफिल नमाजमा प्रमाणित छ त्यो अनिवार्य नमाजमा पनि प्रमाणित हुन्छ यस अवस्था बाहेक कि कुनै आर्को प्रमाण यस कुराको विरोधी होस् ।

यसर्थ यदि कुनै मान्छे एकलै नमाज पढन आरम्भ गऱ्यो, अनि एउटा आर्को मान्छे आयो र नमाजमा शामेल भयो भने यस्तो गर्नुमा कुनै आपत्ति छैन, यसर्थ पहिलो मान्छे इमाम भइहाल्छ र दोस्रो मान्छे मुक्तदी । र यस्तै यदि कुनै मान्छे एकलै नमाज पढिरहेको छ, अनि एउटा समूह आयो र नमाज पढन लाग्यो, त यो एकलै नमाज पढिरहेको मान्छे उनीहरूको साथ शामेल भइहाल्छ भने यसमा पनि

कुनै आपत्ति छैन, किनकि यस्तो गर्दा त्यो आफ्नो नीयतलाई भंग गरेको छैन, बरु एउटा विशेषता र कैफियतबाट आर्को कैफियतमा परिवर्तित भएको छ ।

त यी थिए नमाजका महत्वपूर्ण शर्तहरू, र यस बाहेक अरु शर्तहरू पनि छन् जसरी मुसलमान हुनु, बुद्धिमान हुनु, भलो कुभलोमा फर्क गर्नेवाला हुनु । तर यी शर्तहरू मात्र नमाजसित विशष्टि छैनन् बरु समस्त पूजाहरूको लागि अनिवार्य छन् ।

## नमाजको तरिका

**प्रश्नः (९४) आदरणीय शैख ज्यू, नमाज आयोजित गर्ने तरिका के हो ?**

उत्तरः नमाजको तरिकाको ज्ञान ग्रहण गर्नु उस्तै छ जसरी अरु पूजाहरूको तरिका र विधिलाई जान्नु आवश्यक छ, किनकि पूजाहरू तबसम्म स्वीकृत हुँदैनन् जबसम्म त्यसमा अल्लाहको लागि पूर्ण निष्ठा र रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण शामेल नहोस्, र यसको जानकारी मात्र रसूल सल्लल्लाहो अलैहे वसल्लमको पूजाशैलीको ज्ञानद्वारा नै प्राप्त गर्न सकिन्छ, ताकि मान्छे रसूल

सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्न सकोस् । यसर्थ नमाजको तरिकाको ज्ञान अति महत्वपूर्ण कुरा हो, त म आफ्नो मुसलमान भाइहरूसित यो अनुरोध गर्दछु कि यस सन्दर्भमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको नमाजशैलीलाई वर्णन गर्ने सही किताबहरूबाट ज्ञान प्राप्त गरुन्, जसरी विश्वासनीय हदीसका किताबहरू... ताकि त्यस तरिकामा यसको आयोजना गर्न सकुन् जुन तरिकाले रसूल सल्लल्लाहो अलैहे वसल्लमले आयोजित गरेका छन्, किनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लम नै हामीहरूको लागि आदर्श हुन्, अल्लाह उहाँमाथि प्रशान्ति अवतरित गरोस् । यसर्थ अब हामी तपाईहरू समक्ष उहाँ सल्लल्लाहो अलैहे वसल्लमको नमाजशैलीलाई प्रस्तुत गरिरहेका छौं अल्लाहसित यस दुआको साथ कि अल्लाह हामीलाई सत्यतिर मार्गदर्शित गरुन् ।

त हाम्रो भनाई छ कि नमाजको तरिका यो हो कि: मान्छे उपरोक्तमा वर्णित नमाजका समस्त शर्तहरूलाई पूर्ण गरेको होस्, अर्थात अपवित्रताबाट पवित्र होस्, किब्लातिर अनुहार गरेको होस् ... आदि, किनकि नमाजका शर्तहरू त्यसलाई आयोजित गर्नुभन्दा अघि नै पूर्ण गरिन्छ। अनि तक्बीर भनोस्

अर्थात अल्लाहु अक्बर भनोस् यस्तो अवस्थामा कि त्यो आफ्नो दुवै हात आफ्नो काँधा बरोबर वा कानको लौसम्म लैजाओस्, अनि आफ्नो दायाँ हातलाई बायाँ हातमाथि राखेर आफ्नो छाती (सीना) माथि राखोस्, अनि त्यस दुआद्वारा नमाज आरम्भ गरोस् जुन दुआहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित छन्, यसर्थ चाहे यो भनोस्:

" اللَّهُمَّ باعد بيني وبين خطاياي كما باعدت بين المشرق والمغرب، اللَّهُمَّ نقني من خطاياي كما ينقى الثوب الأبيض من الدنس، اللَّهُمَّ اغسلني من خطاياي بالماء والثلج والبرد" [1] أخرجه البخاري ، كتاب الأذان ، باب ما يقول بعد التكبير ، رقم (744)، ومسلم ، كتاب المساجد ومواضع الصلاة، باب ما يقال بعد تكبيرة الإحرام ، رقم (598).

अर्थ : हे अल्लाह म र मेरो पापहरूबीच त्यस्तै दूरी गरिदेऊ जसरी पूर्ण र पश्चिमबीच गरेका छौ, हे अल्लाह मलाई पापहरूबाट उस्तै पवित्र गरिदेऊ जसरी सेतो लुगालाई फोहोरबाट स्वच्छ गरिन्छ, हे

अल्लाह मलाई मेरो पापबाट पखालिदेऊ पानी हिँउ र असिनाद्वारा । (बुखारी, किताबुल् अजान, बाबु मा यकूलु बअ्दत्तक्बीर, हदीस नं. ७४४ । र मुस्लिम, किताबुल् मसाजिद वमवाजेअस्सलात, बाबु मा युकालु बअ्दा तक्बीरतिल् एहराम, हदीस नं. ५९८)

वा यो भनोस्:

" سبحانك اللّٰهُمَّ وبحمدك ، تبارك اسمك وتعالى جدك ، ولا إله غيرك" ( أخرجه مسلم ، كتاب الصلاة ، باب حجة من قال : لا يجهر بالبسملة، رقم (399).

अर्थ : हे अल्लाह तिमी पवित्र र महान छौ, र तिम्रै लागि प्रशंसा छ, र तिम्रो नाम कल्याणकारी छ, र तिम्रो गरिमा र महान्ता सर्वोच्च छ, र तिमी बाहेक कोही सत्य पूज्य छैन । (मुस्लिम, किताबुस्सलात, बाबु हुज्जतु मन् कालः "ला यजहरू बिल् बस्मलह", हदीस नं. ३९९)

वा यस बाहेक कुनै अरु दुआ पढोस् जुन नबी सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित होस् ।

अनि भनोस्: “म अल्लाहको शरण चाहन्छु अभिशप्त शैतानबाट, र शुरू अल्लाहको नामबाट जुन अत्यन्त दयालु र अति कृपालु छ।”

अनि सूरतुल् फातिहाको पाठन गरोस् र प्रत्येक श्लोकलाई रुकि रुकि पूर्ण श्रद्धा सन्तुष्टिको साथ पढोस्, यसर्थ भनोस्:

﴿ بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ ١ ٱلۡحَمۡدُ لِلَّهِ رَبِّ ٱلۡعَٰلَمِينَ
٢ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ ٣ مَٰلِكِ يَوۡمِ ٱلدِّينِ ٤ إِيَّاكَ نَعۡبُدُ
وَإِيَّاكَ نَسۡتَعِينُ ٥ ٱهۡدِنَا ٱلصِّرَٰطَ ٱلۡمُسۡتَقِيمَ ٦ صِرَٰطَ
ٱلَّذِينَ أَنۡعَمۡتَ عَلَيۡهِمۡ غَيۡرِ ٱلۡمَغۡضُوبِ عَلَيۡهِمۡ وَلَا ٱلضَّآلِّينَ ٧

﴾ الفاتحة: ١ - ٧

अर्थ : शुरू गर्दछु अल्लाहको नामबाट जो अत्यन्तै दयालु, अति कृपालु छ। सारा प्रशंसा अल्लाहका लागि हुन, जो सम्पूर्ण ब्रम्हाण्डको पालनकर्ता हो। अत्यन्त दयालु अति कृपालु हो। प्रतिफल (कयामत)को दिनका स्वामी हो। हामी तिम्रै उपासना गर्दछौं र तिमीसंग मात्र मद्दत चाहन्छौं। हामीलाई

सोझो (सच्चा) बाटो देखाऊ । उनीहरूको बाटो जसलाई तिमीले पुरस्कृत गर्‍यौ तिनीहरूको होइन जसमाथि तिम्रो क्रोध भयो, र न पथभ्रष्टहरूको (बाटो) । (सूरतुल् फातिहा १-७)

अनि कुनै सुरह (सूरत) पढोस् जुन सूरह त्यसको लागि सरल होस्, र उचित यो छ कि पूर्ण सूरतको पाठ गरोस्, र फज्र नमाजमा तेवालुल् मुफस्सलमध्येबाट[1] कुनै सूरत पढोस्, र मग्रिबमा केसारुल् मुफस्सलबाट[2] पढोस्, र बाँकी नमाजहरूमा यसका बीचका सूरतहरूलाई पढोस् । अनि तक्बीर भन्दै आफ्नो दुवै हातलाई उठाएर रुकूअ् गरोस् र भनोस्: अल्लाहु अक्बर, अनि आफ्नो दुवै हातको औंलाहरूलाई फराकिलो गरेर (फिजाएर) आफ्नो घुँडामाथि राखोस्, र आफ्नो पिठ्युँलाई टाउकोको बारबरीमा अर्थात टाउको जति झुकाएर रुकूअ गरोस्, रुकूअ्को अवस्थामा नत टाउकोलाई नै पिठ्युँभन्दा उच्च गरोस् नत

[1] तेवालुल् मुफस्सल: यसको अर्थ हो सूरतुल् हुजुरात वा सुरतुल् काफदेखि सुरतुन्नाजिआत वा सुरतु अम्मासम्मका सूरतहरू । (अनुवादक)

[2] केसारुल् मुफस्सल: यसको अर्थ हो सुरतुज्जुहादेखि कुरआनको अन्तिम सूरहसम्म । (अनुवादक)

पिठ्युँलाई नै टाउकोभन्दा उच्च गरोस्, अनि "सुबहान रबियल् अजीम" (अर्थात मेरो प्रतिपालक महान छ) तीन पटक भनोस्, र यो पर्याप्त न्यूनतम् संख्या हो, र यदि यसभन्दा अधिक पटक भन्छ भने कुनै आपत्ति छैन ।

अनि यो भन्दै रुकूअ्बाट आफ्नो टाउको उठाओस्: "समिअल्लाहु लेमन् हमेदह" (अर्थात अल्लाहले त्यसको प्रशंसालाई सुन्यो जसले त्यसको प्रशंसा गर्‍यो), र आफ्नो दुवै हातलाई उस्तै उठाओस् जसरी तकबीरतुल् एहरामको समय उठाएको थियो, र रुकूअगर्दा उठाएको थियो, अनि पूर्णरूपले उभे पश्चात भनोस्:

"ربنا ولك الحمد ، حمداً كثيراً طيباً مباركاً فيه،

ملء السموات وملء الأرض وملء ما بينهما ،

وملء ما شئت من شيء بعد"

रब्बना वलकल् हम्दु, हम्दन् कसीरन् तैयिबन् मुबारकन् फीह, मिलउस्समावाति वमिलउल् अर्जि वमिलउ माबैनहुमा, वमिलउ माशिअ्ता मिन् शैइन् बअ्द ।

अर्थात: हे अल्लाह तिम्रै लागि समस्त प्रशंसाहरू छन्, अत्याधिक र पवित्र एवं कल्याणयुक्त प्रशंसा, जुन धरती आकाश र जेजति त्यसबीच छ सबैलाई पुरिदेओस्, र त्यस बाहेक ती सबैलाई पुरिदिनेवाला प्रशंसा जति तिमी चाहन्छौ ।

अनि ढोग गरोस् अल्लाहु अक्बर भन्दै, तर ढोग गर्ने क्रममा आफ्नो दुवै हातलाई नउठाओस्, र यस्तै ढोगको लागि झुकदा पनि हातलाई नउठाओस् । र हजरत इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लम ढोगगर्दा हात उठाउँदैनथे । अनि ढोगगर्दा पहिला आफ्नो दुवै घुँडालाई धरतीमा टेकोस् अनि दुवै हातलाई अनि नाक र निधारलाई, अर्थात आफ्नो सात अंगद्वारा ढोग गरोस् र ती हुन्: नाक र निधार र दुवै एउटै अंग अन्तर्गत आउँछन्, र दुवै हत्केली र दुवै चरणका औंलाहरू र दुवै घुँडाहरूमा । र आफ्नो दुवै पार्श्वबाट हातलाई टाढा राखोस्, र आफ्नो पिठ्युँलाई उच्च राखोस् त्यसलाई नपसारोस्, र आफ्नो दुवै हत्केलीलाई अनुहारको किनारमा ( बगलमा) राखोस्, वा आफ्नो काँधाको समान राखोस् यस्तो अवस्थामा कि दुवै हातका औंलाहरू एकआर्काबाट मिलेका होउन्, र सबै औंलाहरूका

माथिल्लो भाग किब्लातिर होउन्, अनि भनोस्: सुबहान रबियल् अअ्ला, अर्थात मेरो प्रतिपालक महान छ । र यस दुआलाई तीन पटक भनोस्, र यसलाई तीनभन्दा अधिक पटक पनि भन्न सकिन्छ। तर मान्छेलाई चाहियो कि ढोगको अवस्थामा अत्याधिक दुआ गरोस् किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ:

"أما الركوع فعظموا فيه الرب، وأما السجود فاجتهدوا من الدعاء ، فقمن أن يستجاب لكم"

أخرجه مسلم ، كتاب الصلاة، باب النهي عن قراءة القرآن في الركوع والسجود ، رقم (479).

अर्थ : रुकूअमा अआफ्नो प्रतिपालकको महानताको वर्णन गर, र ढोगमा अत्याधिक दुआ याचना गर किनकि यस अवस्थामा गरिएको दुआ स्वीकार्य हुनुको अत्याधिक सम्भावना हुन्छ । (मुस्लिम, कितबुस्सलात, बाबुन्नहिये अन् किराअतिल् कुरआना फिर्रुकूए वस्सुजूद, हदीस नं. ४७९)

अनि तक्बीर भन्दै ढोगबाट उठोस्, तर आफ्नो दुवै हातलाई नउठाओस्, अनि आफ्नो बायाँ पाइलालाई

पसारेर र दायाँ पाइलालाई ठाढो पारेर बसोस्, र आफ्नो दुवै हातलाई आफ्नो घुँडा नजिक भएको तिघ्राको भागमाथि राखोस्, र दायाँ हातका तीन औंलालाई बन्द गरेर (बेरेर, बटारेर) र शहादतको औंलालाई (चोर औंलालाई) पसारोस्, र यदि चाहोस् भने औंठालाई मध्य औंलासित मिलाएर गोली जस्तो बनाओस्, तर शहादतको औंलालाई खुल्ला नै राखोस् जसलाई दुआगर्दा हल्लाओस्, र भनोस्:

"رب اغفر لي ، وارحمني ، وأجبرني ، وعافني وارزقني"

रब्बिग्फिरली, वरहमनी, वज्बुर्नी, वआफिनी वर्ज़ुक्नी ।

अर्थात: हे मेरो प्रतिपालक मलाई क्षमा प्रदान गर, र ममाथि दया गर, र मलाई सुमार्गमा लगाइदेऊ, र ममाथि कृपा गर र मलाई प्रशस्त जीविका प्रदान गर ।

र जहिले पनि दुआ पढोस् शहादतको औंलालाई आकाशतिर हल्लाओस् यो संकेत गर्ने उद्देश्यले कि जससित दुआ गरिरहेको छ त्यो सर्वोच्च छ । र

रह्यो बायाँ हातको कुरो त त्यो बायाँ पाइलाको तिर्घामाथि नै रहन्छ वा घुँडाको मुहानमा यस्तो अवस्थामा कि त्यसका औंलाहरू फैलिएका होउन् र एकआर्कासित मिलेको अवस्थामा होउन् जसलाई किब्लातिर गरिएको होस् । अनि दोस्रो पटक ढोग गरोस् उस्तै जसरी पहिलो पटक गरेको थियो ।

अनि तक्बीर भन्दै ढोगबाट उठोस् तर हातलाई नउठाओस् किनकि यस उभयाईमा हात उठाउनु रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छैन, अनि फातिहा पढोस्, अनि जुन सूरत सरल लागोस् त्यसलाई पढोस् तर यस रक्अतको पाठन पहिलो रक्अतको पाठनको तुलनामा सानो होस्, र यस दोस्रो रक्अतलाई पनि पहिलो रक्अत झैं पढोस् ।

अनि तशह्हुदको लागि बसोस्, र त्यसै तरिकाले तशह्हुदमा पनि बसोस् जसरी दुवै ढोगको बीचमा बसेको थियो अर्थात बायाँ पाइलालाई पसारेर दायाँ पाइलालाई ठाढो पारेर बसोस्, र दाहिनो हातलाई दायाँ पाइलामाथि र देब्रे हातलाई देब्रे पाइलामाथि उस्तै राखोस् जसरी दुवै ढोगबीच राखेको थियो । अनि तशह्हुद पढोस् जुन यो हो:

" التحيات لله ، والصلوات والطيبات ، السلام عليك أيها النبي ورحمة الله وبركاته،السلام علينا وعلى عباد الله الصالحين ، أشهد أن لا إله إلا الله، وأشهد أن محمداً عبده ورسوله"

अत्तहीयात्तु लिल्लाहि वस्सलवात्तु वत्तयिबात्तु, अस्सलामु अलैका अय्युहन्नबीयु वरहमतुल्लाहि वबरकातुहु, अस्सलामु अलैना वअला इबादिल्लाहिस्सालिहीन, अश्हदु अल्लाइलाहा इल्लल्लाहु, वअश्हदु अन्ना मुहम्मदन् अब्दुहु वरसूलुहु ।

अर्थात : मौखिक र शारीरिक भक्ति र पूजा एवं पवित्र कुराहरू अल्लाहकै लागि छन्, र हे नबी सल्लल्लाहो अलैहे वसल्लम तपाईमाथि अल्लाहको प्रशान्ति दया र कल्याण अवतरित होस्, र हामीमाथि र अल्लाहका असल र संयमी भक्तहरूमाथि अल्लाहको प्रशान्ति अवतरित होस्, म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहको भक्त र सन्देष्टा हुन् ।

अनि यदि दुई रक्अतको नमाज होस् जसरी फज्र नमाज वा नफिली नमाज त त्यो तशह्हुदलाई पूर्ण गरोस् अर्थात यो दुआ पनि पढोस्:

"اللّٰهُمَّ صل على محمد وعلى آل محمد ، كما صليت على إبراهيم وعلى آل إبراهيم إنك حميد مجيد، اللّٰهُمَّ بارك على محمد وعلى آل محمد كما باركت على إبراهيم وعلى آل إبراهيم إنك حميد مجيد، أعوذ بالله من عذاب جهنم ، ومن عذاب القبر ، ومن فتنة المحيا والممات ، ومن فتنة المسيح الدجال"

अल्लाहुम्मा सल्ले अला मुहम्मदिँवअला आले मुहम्मद, कमा सल्लैता अला इब्राहीमा वअला आले इब्राहीमा इन्नका हमीदुम् मजीद, अल्लाहुम्मा बारिक अला मुहम्मदिँवअला आले मुहम्मद, कमा बारक्ता अला इब्राहीमा वअला आले इब्राहीमा इन्नका हमीदुम् मजीद । अऊजुबिल्लाहि मिन् अजाबि जहन्नम, वमिन् अजाबिल् कब्र, वमिन् फित्नतिल्

महया वल्ममात, वमिन् फित्नतिल् मसीहिद्दज्जाल ।

अर्थात: हे अल्लाह मुहम्मदमाथि र मुहम्मदका घरपरिवारमाथि उस्तै दया प्रशान्ति अवतरित गर जसरी हजरत इब्राहीम र उहाँका घरपरिवारमाथि दया प्रशान्ति अवतरित गरेका थियौ निःसन्देह तिमी अति प्रशंसनीय र प्रतिष्ठित छौ, र हे अल्लाह मुहम्मद र मुहम्मदका घरपरिवारमाथि उस्तै कल्याण अवतरित गर जसरी हजरत इब्राहीम र उहाँका घरपरिवारमाथि कल्याण अवतरित गरेका थियौ निःसन्देह तिमी अति प्रशंसनीय र प्रतिष्ठित छौ । म अल्लाहको शरण चाहन्छु नर्कको यातनाबाट, र चिहानको यातना र परीक्षाबाट, र जीवित र मृतकहरूको उपद्रव र कष्टबाट, र मसीहुद्दज्जालको उपद्रवबाट ।

अनि यदि चाहोस् त अरु दुआहरू पनि पढोस्, अनि आफ्नो दायाँतिर अनुहार गरेर सलाम फेर्दै भनोस्: अस्सलामु अलैकुम वरहमतुल्लाह, अनि बायाँतिर अनुहार गरेर पुनः भनोस्: अस्सलामु अलैकुम वरहमतुल्लाह, अर्थात तपाईहरूमाथि अल्लाहको प्रशान्ति र कल्याण अवतरित होस् ।

तर यदि नमाज तीन रक्अतवाला वा चार रक्अतवाला होस् भने जब मान्छे तशहह्‍हुदमा अत्तहीयात... पढि सकोस् त उभिहालोस्, र बाँकी नमाज पूर्ण गरोस्, र बाँकी नमाजमा मात्र सूरतुल् फातिहाको पाठन गरोस्, र रकूअ् र ढोग उस्तै गरोस् जसरी पहिलाका दुवै रक्अतमा गरेको थियो, अनि दोस्रो तशहह्‍हुदको लागि बसोस् जुन अन्तिम तशहह्‍हुद हो, तर यसमा बस्दा तवर्रुक गरोस्, र तवर्रुक गर्नुका तीन तरिकाहरू छन्:

पहिलोः आफ्नो दायाँ पाइलालाई ठाढो गरेर बायाँ पाइलालाई दायाँ पाइलाको पिँडौलामुनिबाट आर्को तर्फ बाहिर निकालोस् ।

दोस्रोः दुवै पाइलाको पिँडौलालाई एकआर्काको तलमाथि गरेर बसोस् ।

तेस्रोः दायाँ पाइलालाई पसारोस् अनि बायाँ पाइलालाई दायाँ पाइलाको पिँडौला र तिर्घाबीच गरोस् ।

र तीनवटै तरिका रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित छन् । अनि जब तशहह्‍हुद पूर्ण गरिहालोस् त दायाँ बायाँ यस्तै सलाम फेरोस् जसरी उपरोक्तमा वर्णन गरेका छौं ।

त यो नै त्यो तरिका हो जुन नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित छ, त मान्छेलाई चाहियो कि त्यसबाट जति हुन्सकोस् यस कुरामा उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गरोस्, किनकि यस्तो गर्नुमा नै उहाँ सल्लल्लाहो अलैहे वसल्लमको परिपूर्ण अनुशरण हुन्छ, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण निकट पनि ।

## नमाजमा उभिएको अवस्थामा दुवै पाइलालाई राख्ने तरिका

प्रश्नः (९५) आदरणीय शैख ज्यू, तपाईले यो वर्णन गर्नु भयो कि नमाजमा उभेको अवस्थामा हात कता हुन्छ, र रकूअमा कता हुन्छ, र ढोगको अवस्थामा कता हुन्छ, यस्तै दुवै ढोगबीच बस्दा हात कता हुन्छ, तर यो भन्नु भएन कि पाइला कता र कुन अवस्थामा हुन्छ, र हामी अधिकांश मानिसहरूलाई हेर्छौं कि उनीहरू पाइलालाई यति फिजाएका हुन्छन् कि अरु मानिसहरूको गर्दनको यताउता पुगिहाल्छ, त यसबारे सही तरिका के हो त ?

उत्तरः नमाजमा उभेको अवस्थामा पाइलालाई प्रकृतिक तरिकाले राखिन्छ, अर्थात दुवै पाइला एकआर्कासित नत धेरै टाढा होउन् नत धेरै नजिक, जस्तोकि हजरत इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ जसलाई शरहुस्सुन्नह नामक किताबमा वर्णन गरिएको छ किः उहाँ रजिअल्लाहो अन्हो आफ्नो पाइलालाई नत धेरै नजिक राख्थे नत धेरै दूरीमा, र यो तरिका उभेको अवस्था र रुकूअको अवस्थाको लागि हो । र बसेको अवस्थामा उहाँको पाइला जसरी हुन्थ्यो त्यसबारे विस्तारले हामी कुरा गरिसकेका छौं ।

र रह्यो ढोगको अवस्थामा पाइलाको अवस्थाको कुरो त यस अवस्थामा उचित यो छ कि ढोगको अवस्थामा दुवै पाइलालाई एकआर्कासित मिलाएर राखियोस् जस्तो कि हजरत आइशा रजिअल्लाहो अन्हाको त्यस हदीसबाट यसको प्रमाण मिल्छ जसमा यो वर्णन छ कि उहाँ रजिअल्लाहो अन्हाको हात रसूल सल्लल्लाहो अलैहे वसल्लमको दुवै पाइलासित लाग्यो यस्तो अवस्थामा कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम ढोगको अवस्थामा थिए र उहाँका दुवै पाइला ठाढो भएको अवस्थामा थियो

। र यो ज्ञात नै छ कि जबसम्म दुवै पाइला मिलेका नहोउन् हात दुवै पाइलालाई स्वर्श गर्न सक्दैन ।

र यस्तै खुजैमाले वर्णन गरेको हदीसमा स्पष्टरूपले यसको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लम ढोगको अवस्थामा आफ्नो दुवै पाइलालाई मिलाएर राख्थे ।

र नमाजको तरिकाको वर्णनलाई सम्पन्न गर्नुभन्दा अघि हामी यो स्पष्ट गर्न चाहन्छौं कि मान्छेको लागि उचित यो छ कि जब त्यो आफ्नो नमाज समाप्त र सम्पन्न गरिसकोस् त अल्लाहको गुणगान गरोस् ती दुआहरूद्वारा जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छन् किनकि यस्तो गर्नुको अल्लाहले आदेश गरेका छन्, अल्लाहको फर्मान छ:

---

मुस्लिम, किताबुस्सलात, बाबु मायुकालु फिर्रकूअि वस्सुजूदि, हदीस नं. ४८६ ।

सहीह इब्ने खुजैमा १/३२८, हदीस नं. ६५४, किताबुस्सलात । र उहाँले वर्णन गरेको हदीसका शब्दहरू यसरी छन्: हजरत आइशा भन्नुहुन्छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लम मसँगै सुतेका थिए अनि मैले उहाँलाई ओछ्यानमा पाएन, अनि मैले हेरें कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम नमाजमा ढोगको अवस्थामा छन् र उहाँका दुवै पाइला एकआर्कासित मिलेका छन् र दुवै पाइलाका औंलाहरू किब्लातिर छन्... पूर्ण हदीस ।

﴿ فَإِذَا قَضَيْتُمُ ٱلصَّلَوٰةَ فَٱذْكُرُوا۟ ٱللَّهَ قِيَٰمًا وَقُعُودًا وَعَلَىٰ جُنُوبِكُمْ ﴾ النساء: ١٠٣

अर्थ : तिमीले नमाज पढिसकेपछि उठ्दा, बस्दा र पल्टदा प्रत्येक अवस्थामा अल्लाहलाई याद गर्नेगर । (सूरतुन्निसा १०३)

र गुणगानमध्ये यो पनि हो कि मान्छे (नमाजपछि) तीन चोटि अस्तग्फिरुल्लाह भनोस्, अनि भनोस्:

"اللّٰهُمَّ أنت السلام ، ومنك السلام تباركت يا ذا الجلال والإكرام"

अर्थात हे अल्लाह तिमी नै शान्ति हौ र तिमीबाट नै शान्ति छ तिमी कल्याणकारी हौ हे महान महिमावान र प्रतापवाला उदारक स्वामी ।

अनि अल्लाहको स्मरण र गुणगान गरोस् ती दुआहरूद्वारा जुन नबी सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छन् । अनि ३३ पटक अल्लाहको पवित्रताको बखान गरोस्, र ३३ पटक त्यसको महानताको वर्णन गरोस्, र ३३ पटक

त्यसको प्रशंसा गरोस् । र यसलाई भन्ने तरिका यो हो कि यदि त्यो चाहोस् भने प्रत्येकलाई अलग अलग गरेर भनोस्, र यदि चाहोस् भने सबैलाई मिसाएर भनोस् । अर्थात: यदि चाहोस् त यसरी भनोस्: सुब्हानल्लाह वल्हम्दुलिल्लाह वल्लाहु अक्बर ३३ पटक । र यदि चाहोस् त भनोस्: सुब्हानल्लाह सुब्हानल्लाह ३३ पटक, अनि अल्हम्दुलिल्लाह ३३ पटक, अनि अल्लाहु अक्बर ३३ पटक । त यी समस्त तरिकाले भन्नु जायज छ बरु एउटा आर्को तरिका पनि छ र त्यो हो कि मान्छे भनोस्: सुब्हानल्लाह वल्हम्दुलिल्लाह वलाइलाहा इल्लल्लाह वल्लाहु अक्बर २५ चोटि, त यसरी सय पटक भइहाल्छ ।

यस वर्णनको तात्पर्य यो कि जुन दुआहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट प्रमाणित छन् त्यसैलाई भनोस् चाहे कुनै दुआको ठाउँमा आर्कोलाई भनोस् वा समस्तलाई भनोस् यसबाट कुनै फर्क पर्दैन किनकि केही दुआलाई केहीको ठाउँमा भनिन्छ । त मान्छे यस्तो गरेर अल्लाहको यस आज्ञाको पालना गर्छ:

﴿ فَٱذۡكُرُواْ ٱللَّهَ ﴿١٩٨﴾ ﴾ البقرة: ١٩٨

अर्थ : अनि अल्लाहको स्मरण र गुणगान गर । ( सूरतुल् बकर: १९८)

र यसद्वारा रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण पनि भइहाल्छ ।

र यदि मान्छे मस्जिदमा होस् भने यी गुणगानहरूलाई उच्च स्वरमा जाहेर गरेर भनोस्, जस्तोकि सहीह बुखारीको हदीसबाट प्रमाणित छ जस हदीसलाई हजरत इब्ने अब्बास रजिअल्लाहो अन्होले वर्णन गरेका छन् कि:

"كان رفع الصوت بالذكر حين ينصرف الناس من المكتوبة على عهد النبي صلى الله عليه وسلم"

أخرجه البخاري ، كتاب الأذان ، باب الذكر بعد الصلاة ، رقم (841)، ومسلم كتاب المساجد ، باب الذكر بعد الصلاة ، رقم (583)

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा अनिवार्य नमाज पश्चात जब

नमाजीहरू फर्किहाल्थे त गुणगान गर्दा स्वरलाई उच्च गरिन्थ्यो । (बुखारी, किताबुल् अजान, बाबुज्जिक्रे बअ्दस्सलात, हदीस नं. ८४१ । र मुस्लिम, किताबुल् मसाजिद, बाबुज्जिक्रे बअ्दस्सलात, हदीस नं. ५८३)

यसर्थ मानिसहरूलाई चाहियो कि सहाबाहरू र रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने उद्देश्यले गुणगानगर्दा आफ्नो स्वरलाई अलि उच्च गरुन्, जस्तोकि हजरत इब्ने अब्बासको भनाई छ कि: हामी नबी सल्लल्लाहो अलैहे वसल्लमको नमाजको समापन उहाँ सल्लल्लाहो अलैहे वसल्लमको गुणगानलाई सुनेर थाहा पाउँथ्यौं । ( बुखारी, किताबुल् अजान, बाबुज्जिक्रे बअ्दस्सलात, हदीस नं. ८४२ । र मुस्लिम, किताबुल् मसाजिद वमवाजिउस्सलात, बाबुज्जिक्रे बअ्दस्सलात, हदीस नं. ५८३)

र केही विद्हरूको यो कथन कि “गुणगानगर्दा स्वरलाई मसिनो गर्नु र गोप्य तरिकाले गुणगान गर्नु सुन्नत हो, र जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लमले स्वरलाई उच्च गर्नु भएको थियो त्यो मात्र अरुलाई तालिम दिनुको लागि गर्नु भएको थियो” । त यस

कुरामा सन्देह छ किनकि जुन कार्य पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले गरेका छन् र जसरी गरेका छन् वास्तवमा त्यो नै वैधानिक कार्य र कैफियत हो । र यदि स्वरलाई गोप्य राख्नु नै वैधानिक हुन्थ्यो भने उहाँ सल्लल्लाहो अलैहे वसल्लम स्वरलाई कदापि उच्च गर्ने थिएनन् नत यसको तालिम नै दिन्थे । फेरि यदि उहाँको उद्देश्य तालिम दिनु नै हुन्थ्यो भने यस्तो एक दुई पटक मात्र गर्थे र यसलाई निरन्तरताले गर्दनथे, तर उहाँ सल्लल्लाहो अलैहे वसल्लम निरन्तरताको साथ जहिले पनि सलाम फर्थे गुणगान गर्दै र आफ्नो स्वरलाई उच्च गरिहाल्थे । (त यसबाट स्पष्ट यो नै हुन्छ कि नमाज पश्चात यस्तै तरिकाले गुणगान गर्नु नै उहाँको पद्धति अनुकूल छ ।)

## नमाजका आधारहरू

**प्रश्न: (९६) आदरणीय शैख ज्यू, नमाजका आधारहरू (स्तम्भहरू) के के हुन् ?**

उत्तर: जुन नमाजको तरिकालाई अहिले हामीले वर्णन गरेका छौं त्यसैमा नमाजका आधार र वाजिबात (अनिवार्य कार्यहरू) र सुन्नतहरू समाविष्ट छन् । र विद्हरूले यो वर्णन गरेका छन्

कि यस नमाजमा त्यसका आधारहरू र वाजिबातहरू र सुन्नतहरू समाविष्ट छन् तर केही आधार र वाजिबातहरूको बारेमा विद्हरूको मतभेद पनि छ, त अब हामी उदाहरण सरह नमाजका आधारहरूलाई वर्णन गर्दैछौं:

पहिलो आधार: क्षमतानुसार उभ्नु: र यो आधार अनिवार्य नमाजको लागि हो, किनकि अल्लाहको फर्मान छ:

﴿ حَٰفِظُواْ عَلَى ٱلصَّلَوَٰتِ وَٱلصَّلَوٰةِ ٱلۡوُسۡطَىٰ وَقُومُواْ لِلَّهِ قَٰنِتِينَ ٢٣٨ ﴾ البقرة: ٢٣٨

अर्थ : सबै नमाजहरू विशेषगरी बीचका नमाज सुचारुरूपले सम्पन्न गर्दैगर र अल्लाहको अगाडि आदर श्रद्धाको साथ उभिनेगर। (सूरतुल् बकर: २३८)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लमले इम्रान इब्नुल् हुसैनसित भनेका थिए कि:

" صل قائماً ، فإن لم تستطع فقاعداً، فإن لم تستطع فعلى جنب" () أخرجه البخاري ، كتاب تقصير الصلاة ، باب إذا لم يطق قاعداً صلى على جنب ، رقم (1117).

अर्थ : नमाजलाई उभेर पढ, तर यदि यसको क्षमता छैन भने बसेर पढ, र यदि यसको पनि क्षमता छैन भने कोल्टेको बल लेटेर पढ । (बुखारी, किताबु तक्सीरिस्सलात, बाबु इजा लम्यतिक् काइदन् सल्ला अला जन्ब, हदीस नं. १११७)

दोस्रो आधार: तक्बीरे तहरीमा (पहिलो आरम्भिक तक्बीर): अशुद्ध नमाज पढिरहेको मान्छेको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनको हुनालेगर्दा:

" إذا قمت إلى الصلاة فأسبغ الوضوء ، ثم استقبل القبلة فكبر" () أخرجه البخاري ، كتاب الأيمان والنذور، باب إذا حنث ناسياً في الأيمان رقم (6667)، ومسلم ، كتاب الصلاة ، باب وجوب قراءة الفاتحة في كل ركعة ، رقم (397).

अर्थ : जब तिमी नमाजको लागि उभिनेगर त पहिला राम्ररी वजू गर्नेगर, अनि किब्लातिर अनुहार गरेर तक्बीर भन । (बुखारी, किताबुल् अयमान वन्नुजुर, बाबु इजा हनस नासियन् फिल् अयमान, हदीस नं. ६६६७। र मुस्लिम, किताबुस्सलात, बाबु वुजूबि किराअतुल् फातिहा फि कुल्ले रक्अह, हदीस नं. ३९७)

र तक्बीर भन्ने क्रममा अल्लाहु अक्बर भन्नु नै अनिवार्य छ । यसर्थ यदि अल्लाहु अजल्ल, वा अल्लाहु अअ्जम वा यसै जस्ता अरु वाक्यहरूलाई भनिन्छ भने पुग्दैन । र यस्तै यो पनि ज्ञात रहोस् कि अल्लाहु अक्बर भन्दा अलिफ अक्षरलाई तानेर नभनियोस् किनकि यस्तो उच्चारण गर्नाले अर्थमा अन्तर भइहाल्छ, अर्थात वाक्य प्रश्नवाचक भइहाल्छ, त यस्तो हुनाले तक्बीर मान्य हुँदैन । र यस्तै अल्लाहु अक्बर भन्दा यदि बा अक्षरलाई तानेर भनिन्छ भने यस्तो भन्नु पनि सही हुँदैन किनकि यस्तो अवस्थामा अकबार भइहाल्छ जुन कबरको बहुबचन हो जसको अर्थ हो तबला, जसरी सबबको बहुबचन अस्बाब हो, यसर्थ मान्छे नत बा अक्षरलाई तानोस् नत अलिफलाई नै तानोस् । र केही मानिसहरू अल्लाहुवकबर भन्छन् अर्थात

अलिफ (हम्जह) लाई वाव अक्षरमा परिणत गरिदिन्छन् त यस्तो भन्नुमा कुनै आपत्ति छैन किनकि यस्तो गर्नुको अरबी भाषामा चलन छ ।

तेस्रो आधार: सूरतुल् फातिहाको पाठन: किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"لا صلاة لمن لم يقرأ بفاتحة الكتاب"(أخرجه البخاري ، كتاب الأذان ، باب وجوب قراءة الفاتحة للإمام والمأموم ، رقم (756)، ومسلم ، كتاب الصلاة ، باب وجوب قراءة الفاتحة في كل ركعة ، رقم (394).

अर्थ : त्यस मान्छेको नमाज हुँदैन जुन सूरतुल् फातिहाको पाठन गर्दैन । (बुखारी, किताबुल् अजान, बाबु वजूबि किराअतिल् फातिहा लिल् इमामि वल् मामूम, हदीस नं. ७५६ । र मुस्लिम, किताबुस्सलात, बाबु वजूबि किराअतिल् फातिहति फि कुल्लि रकअह, हदीस नं. ३९४)

तर यदि मान्छेलाई यस कुराको ज्ञान छैन भने त्यसमाथि यो अनिवार्य छ कि यसको ज्ञान प्राप्त गरोस् अर्थात यसलाई कंठ गरोस्, र यदि त्यो यसलाई सिक्नुमा सूक्ष्म छैन भने कुरआनबाट ती

श्लोकहरूलाई पढोस् जुन यसको पूर्ति गरोस् यदि त्यसलाई कुरआनबाट केही याद छ, नत्र अल्लाहको पवित्रितागान र महिमागान गरोस् र अल्लाहको स्मरण गरोस्, त यो नै त्यसको लागि पर्याप्त भइहाल्छ ।

चौथो आधारः रुकूअ् गर्नुः किनकि अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱرۡكَعُواْ وَٱسۡجُدُواْ ﴾ الحج: ٧٧

अर्थ : हे आस्थावानहरू नतमस्तक (रुकूअ्) हुने र ढोग्ने गर...। (सूरतुल् हज्ज ७७)

र नबी सल्लल्लाहो अलैहे वसल्लमले त्यस व्यक्तिसित भन्नु भयो जसले परिपूर्ण तरिकाले नमाजलाई कायम गरको थिएन किः

" ثم اركع حتى تطمئن راكعاً" (أخرجه البخاري ، كتاب الآذان، باب وجوب قراءة الفاتحة للإمام والمأموم رقم (757)

ومسلم كتاب الصلاة، باب وجوب قراءة الفاتحة في كل ركعة، رقم (397).

अर्थ : अनि रुकूअ् गर यस्तो तरिकाले कि तिमी रुकूअमा पूर्णरूपले सन्तुष्ट भइहाल । (बुखारी, किताबुल् अजान, बाबु वजूबि किराअ्तिल् फातिहा लिल् इमामि वल् मामूम, हदीस नं. ७५७ । र मुस्लिम, किताबुस्सलात, बाबु वजूबि किराअतिल् फातिहति फि कुल्लि रक्अह, हदीस नं. ३९७)

पाँचौं आधार: रुकूअ्बाट उठ्नु: किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले त्यस व्यक्तिसित भन्नु भयो जसले परिपूर्ण तरिकाले नमाजलाई कायम गरको थिएन कि:

"ثم ارفع حتى تطمئن قائماً" ) أخرجه البخاري ، كتاب الآذان، باب وجوب قراءة الفاتحة للإمام والمأموم رقم (757) ومسلم كتاب الصلاة، باب وجوب قراءة الفاتحة في كل ركعة، رقم (397).

अर्थ : अनि पूर्ण सन्तुष्टिको साथ रुकूअ्बाट उठ यहाँसम्म कि उभेर सन्तुष्ट भइहाल । (बुखारी, किताबुल् अजान, बाबु वजूबि किराअ्तिल् फातिहा

लिल् इमामि वल् मामूम, हदीस नं. ७५७ । र मुस्लिम, किताबुस्सलात, बाबु वजूबि किराअतिल् फातिहति फि कुल्लि रक्अह, हदीस नं. ३९७)

छठौं आधार: ढोग गर्नु: किनकि अल्लाहको फर्मान छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱرۡكَعُواْ وَٱسۡجُدُواْ ﴾ الحج: ٧٧

अर्थ : हे आस्थावानहरू नतमस्तक (रुकूअ्) हुने र ढोग्ने गर...। (सूरतुल् हज्ज ७७)

र नबी सल्लल्लाहो अलैहे वसल्लमले त्यस व्यक्तिसित भन्नु भएको थियो जसले परिपूर्ण तरिकाले नमाजलाई कायम गरको थिएन कि:

"ثم اسجد حتى تطمئن ساجداً" ( أخرجه البخاري ، كتاب الآذان، باب وجوب قراءة الفاتحة للإمام والمأموم رقم (757) ومسلم كتاب الصلاة، باب وجوب قراءة الفاتحة في كل ركعة، رقم (397).

अर्थ : अनि ढोग गर उहाँसम्म कि पूर्ण सन्तुष्टिको साथ ढोग गरिहाल। (बुखारी, किताबुल् अजान, बाबु वजूबि किराअ्तिल् फातिहा लिल् इमामि वल् मामूम, हदीस नं. ७५७। र मुस्लिम, किताबुस्सलात, बाबु वजूबि किराअतिल् फातिहति फि कुल्लि रक्अह, हदीस नं. ३९७)

सातौं आधार: दुवै ढोगबीचको बसाई (बैठक): रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस भनाईको कारण कि:

" ثم ارفع حتى تطمئن جالساً" ( أخرجه البخاري ، كتاب الآذان، باب وجوب قراءة الفاتحة للإمام والمأموم رقم (757) ومسلم كتاب الصلاة، باب وجوب قراءة الفاتحة في كل ركعة، رقم (397).

अर्थ : अनि ढोगबाट उठ र राम्ररी पूर्ण सन्तुष्टिको साथ बसिहाल। (बुखारी, किताबुल् अजान, बाबु वजूबि किराअ्तिल् फातिहा लिल् इमामि वल् मामूम, हदीस नं. ७५७। र मुस्लिम, किताबुस्सलात, बाबु वजूबि किराअतिल् फातिहति फि कुल्लि रक्अह, हदीस नं. ३९७)

आठौं आधार: दोस्रो ढोग: किनकि प्रत्येक रक्अतमा दुई ढोग गर्नु अनिवार्य छ जस्तो कि गल्त तरिकाले नमाज पढेको मान्छेसित उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो कि:

" ثم اسجد حتى تطمئن ساجداً" ) أخرجه البخاري ، كتاب الآذان، باب وجوب قراءة الفاتحة للإمام والمأموم رقم (757) ومسلم كتاب الصلاة، باب وجوب قراءة الفاتحة في كل ركعة، رقم (397).

अर्थ : अनि आर्को ढोग गर यहाँसम्म कि राम्ररी र पूर्ण सन्तुष्टिको साथ ढोग गरिहाल । (बुखारी, किताबुल् अजान, बाबु वजूबि किराअ्तिल् फातिहा लिल् इमामि वल् मामूम, हदीस नं. ७५७ । र मुस्लिम, किताबुस्सलात, बाबु वजूबि किराअतिल् फातिहति फि कुल्लि रक्अह, हदीस नं. ३९७)

र यो उहाँले पहिलो ढोगबाट उठेर बसे पश्चात गर्ने क्रममा भनेका थिए ।

नव्वौं आधार: अन्तिम तशहहुद: किनकि इब्ने मसऊद रजिअल्लाहो अन्होको भनाई छ: कि हामी तशहहुद अनिवार्य हुनुभन्दा अघि उठिहाल्थ्यौं । त

इब्ने मसऊदको यस कथनबाट यो प्रमाणित हुन्छ कि तशह्हुद अनिवार्य छ ।

दशौं आधारः अन्तिम तशह्हुदमा रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि दरुद सलाम पठाउनु ( अल्लाहुम्मा सल्ले अला मुहम्मद... पढनु) । र यो नै इमाम अहमदको प्रसिद्ध कथन हो ।

ग्यारहौं आधारः तशह्हुदको लागि बस्नु ।

बाह्रौं आधारः समस्त आधारहरूलाई क्रमशः गर्नु । अर्थात पहिला उभिने अनि रुकूअ् गर्ने, अनि ढोग गर्ने ... । यसर्थ यदि कोही रुकूअ् गर्नुभन्दा अघि नै ढोग गऱ्यो भने त्यसको नमाज सही र शुद्ध हुँदैन, किनकि त्यसले नमाजका कार्यहरूलाई क्रमिक गरेन ।

तेह्रौं आधारः आधारहरूलाई सन्तुष्टि श्रद्धा र प्रशान्तिले गर्नु, रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन बमोजिम “फेरि पूर्ण प्रशान्तिको साथ रुकूअ् गर... ढोग गर ...” ।

र सन्तुष्टिको अर्थ होः मान्छे त्यो कार्य यसरी गरोस् कि त्यसका समस्त अंगहरू अआफ्ना ठाउँमा पुगुन् स्थिर भइहालुन्, त यसैलाई विद्हरूले स्थिरता र

सन्तुष्टि भनेका छन् चाहे यो अलिकति पनि किन नहोस् । त यदि कोही पूर्ण सन्तुष्टिको साथ नमाज कायम गर्दैन भने त्यसको नमाज शुद्ध हुँदैन चाहे त्यो हजार पटक नमाज किन नपढोस् ।

र यस कुराबाट हामी ती नमाजीहरूका गल्तीहरूको बारेमा जानिहाल्छौं जुन हामी अधिकांश नमाजीहरूमा हेर्दछौं, र विशेषरूपले रुकूअ्बाट उठदा र दुवै ढोगबीच बस्दाको अवस्थामा, त यी दुवै अवस्थामा तपाई उनीहरूलाई हेर्नुहुन्छ कि उनी रुकूअ्बाट उठे बित्तिकै राम्ररी नउठिकन् ढोगमा गइहाल्छन्, र दुवै ढोगबीच राम्ररी नबसिकन् पुनः ढोग गरिहाल्छन्, त यो ठूलो त्रुटि हो । र यदि मान्छेले यस्तै तरिकाले हजार नमाज पनि पढोस् भने त्यसको नमाज स्वीकार्य हुँदैन, किनकि जुन मान्छेले नमाज पढनुमा कोताही (गल्ती) गरेको थियो त्यससित रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो:

"ارجع فصل فإن لم تصل" ( أخرجه البخاري ، كتاب الآذان، باب وجوب قراءة الفاتحة للإمام والمأموم رقم (757)

ومسلم كتاب الصلاة، باب وجوب قراءة الفاتحة في كل ركعة، رقم (397).

अर्थ : जाऊ, र फेरि नमाज कायम गर, किनकि तिमीले राम्ररी नमाज पढेका छैनौं । (बुखारी, किताबुल् अजान, बाबु वजूबि किराअ्तिल् फातिहा लिल् इमामि वल् मामूम, हदीस नं. ७५७ । र मुस्लिम, किताबुस्सलात, बाबु वजूबि किराअतिल् फातिहति फि कुल्लि रक्अह, हदीस नं. ३९७)

त यो यस कुरामा प्रमाणिकरण गर्छ कि जुन व्यक्ति पनि नमाजका आधार र वाजिबातहरूमध्ये कसैमा कमिकोताही गर्छ त्यसको नमाज सही हुँदैन, र यदि आधारमा अनभिज्ञताको कारण पनि कोताही गर्छ तै पनि त्यसको नमाज हुँदैन ।

चौद्हौं आधार: सलाम फेर्नु: र यो यसरी कि नमाजको अन्त्यमा मान्छे भनोस्: अस्सलामु अलैकुम वरहमतुल्लाह, अस्सलामु अलैकुम वरहमतुल्लाह । र यसबारेमा सही कुरो यो हो कि दुवैतिर (दायाँ बायाँतिर) सलाम फेर्नु आधारमध्येको हो, र मात्र एकतिर सलाम फेर्नु जायज छैन नत फर्ज नमाजमा नत नफिली नमाजमा ।

तर केही विद्हरूको कथन छ कि मात्र पहिलो सलाम फर्ने जुन दायाँतिर फेरिन्छ त्यो नै आधार हो दुवै नमाजहरूमा अर्थात फर्ज (अनिवार्य) नमाज र नफिली नमाजहरूमा । र केही विद्हरूको यो पनि भनाई छ कि पहिलो सलाम फेर्नु नफिली नमाजमा मात्र आधार हो अनिवार्य नमाज बाहेक । यसर्थ अनिवार्य नमाजमा दुवै सलाम फेर्नु अनिवार्य ( वाजिब) छ । तर राम्रो कुरो यो नै छ कि मान्छे समस्त नमाजहरूमा दुवैतिर सलाम फेरोस् । त यी नै नमाजका आधारहरू हुन् ।

## त्यस मान्छेको हुकुम जसले नमाजका आधारहरूमध्ये कुनै आधारलाई त्याग्यो

प्रश्नः (९७) आदरणीय शैख ज्यू, त्यस मान्छेको के हुकुम छ जसले नमाजका आधारहरूमध्ये कुनै आधारलाई त्याग्यो ?

उत्तरः जसले जानेर नमाजका आधारहरूमध्ये कुनै आधारलाई छाडिदिन्छ त्यसको नमाज भंग भइहाल्छ, अर्थात त्यो आधार छाडे बित्तिकै त्यसको नमाज भंग भइहाल्छ । र यदि मान्छेले बिर्सेर छाडेको छ भने जस आधारलाई छाडेको छ त्यसलाई र त्यस

पश्चात भएका कार्यहरूलाई पुन: गरोस्, अर्थात यदि त्यसले रुकूअ्लाई छाडेको छ अनि जब त्यसले ढोग गऱ्यो त त्यसलाई यो थाहा भयो वा याद आयो कि त्यसले त रुकूअ् गरेकै छैन, त त्यसमाथि यो अनिवार्य छ कि अब त्यो ढोगबाट उठेर पहिला रुकूअ् गरोस् अनि बाँकी नमाजलाई पूर्ण गरोस्, र त्यसपछि जति आधारहरू बाँकी छन् ती समस्तलाई पूर्ण गरोस्। तर यदि मान्छेले पछिल्लो रक्अतमा नै कुनै आधारलाई छाडेको छ र दोस्रो रक्अतको आरम्भ गरिसकेको छ र त्यस आधारसम्म पुगिसकेको छ जसलाई पछिल्लो रक्अतमा छाडेको थियो त दोस्रो रक्अत त्यसको भरपाई गरिदिन्छ र यो रकअत पछिल्लो रकअतको साटो भइहाल्छ । र यदि त्यस आधारसम्म पुगेको छैन जसलाई पछिल्लो रकअतमा छाडेको थियो भने त्यो पुन: फर्केर त्यस आधारलाई पूर्ण गरोस् अनि त्यस पछिका कार्यहरूलाई पूर्ण गरोस् ।

र यदि मान्छेले रुकूअ् गर्न बिर्स्यो अनि त्यसले ढोग पनि गरेर दुवै ढोगबीच बस्यो त त्यसलाई याद आयो कि त्यसले त रुकूअ गरेकै छैन भने यस्तो अवस्थामा पनि त्यो उठेर पहिला रुकूअ् गरोस् अनि त्यस पछि ढोग गरोस् अनि पूर्ण नमाजलाई सम्पन्न

गरोस् । तर यदि त्यसलाई दोस्रो रक्अतको रुकूअ्गर्दा यो याद आयो कि त्यसले पछिल्लो रक्अतमा रुकूअ गरेको छैन त यो रकअत पछिल्लो रकअतको साटो भइहाल्छ जसमा त्यसले रुकूअलाई छाडेको थियो ।

र यस्तै यदि कुनै मान्छेले दोस्रो ढोग गर्न बिर्स्यो, अनि उभेर पाठन गर्नथाल्यो त त्यसलाई यो याद आयो कि त्यसले त दोस्रो ढोग गरेकै छैन र दुवै ढोगबीच बसेकै छैन, त त्यसमाथि यो अनिवार्य छ कि त्यो पहिला छुटेको पहिलो ढोग गरोस् अनि दोस्रो ढोग पनि गरोस् अनि बाँकी नमाजलाई पूर्ण गरोस् । र यस्तै यदि त्यसलाई रुकूअ् पश्चात याद आयो कि त्यसले ढोग गरेको छैन भने पहिला त्यो ढोग गरोस् अनि नमाजलाई पूर्ण गरोस् । तर यदि त्यो त्यस समय बिर्सिने कुराको स्मरण गरोस् जब त्यो दुवै ढोगबीच बसेको होस् त यो दोस्रो रक्अत त्यसको पहिलो रक्अतको भरपाई गरिदिन्छ र यो रक्अत त्यसको लागि पहिलो रक्अत भइहाल्छ ।

र यी समस्त अवस्थाहरूमा जसलाई हामीले उपरोक्तमा वर्णन गरेका छौं यस्तो अवस्थामा त्यस बिर्सिने मान्छेमाथि यो अनिवार्य छ कि त्यो सजद-

ए-सहव गरोस्, अर्थात बिर्सिनुको कारण ढोग गरोस्, किनकि त्यसले बिर्सेको कारण नमाजमा अभिवृद्धि गरेको छ। र यो सहवको ढोग सलाम फेरे पश्चात गरोस् किनकि जब सहवको ढोगको कारण नमाजमा वृद्धि होस् त यसलाई गर्ने स्थान सलाम फेर पश्चात हो, जस्तोकि यसै कुरामाथि रसूल सल्लल्लाहो अलैहे वसल्लमको तरिका र सुन्नत पनि प्रमाणीकरण गरिरहेको छ।

## जब कुनै नमाजी कुनै आधार छाड्ने नछाड्ने कुरामा सन्देहमा परोस्

प्रश्नः (९८) आदरणीय शैख ज्यू, यो कुरो त त्यसको बारेमा थियो जसलाई यो विशवास होस् कि त्यसले कुनै आधारलाई त्यागेको छ, तर यदि कसैलाई यस कुरामा मात्र सन्देह होस् त त्यो के गरोस् ?

उत्तरः जब कुनै व्यक्ति कुनै आधारलाई छाड्ने असमंजसमा पर्छ त त्यो तीन अवस्थाबाट रिक्त हुँदैनः याता यो मात्र त्यसको गुमान (संकोच) मात्र हुन्छ जसको कुनै वास्तविकता हुँदैन, यसर्थ मान्छे यसतर्फ प्रवृत्त नभइकन् आफ्नो नमाजलाई

निरन्तरता देओस् र यसरी मानोस् मानो त्यसलाई कुनै प्रकारको सन्देह र संकोच भएकै छैन ।

वा त्यो मान्छे धेरै शंकाउपशंका गर्ने मान्छे हुन्छ जस्तोकि अधिकांश मानिसहरू हुन्छन्, अल्लाह हामी सबैलाई यसबाट सुरक्षित राखुन्, त यस्तो मान्छे पनि यस संकोचमाथि ध्यान नदेओस् र आफ्नो नमाजलाई निरन्तरता देओस् । र यस्तै यदि नमाज पूर्ण गरे पश्चात शंकामा पर्छ भने यदि त्यसलाई छाड्ने कुरामा पूर्ण यकिन र विश्वास छैन भने यस शंकामा पनि ध्यान नदेओस् र यस शंकालाई कुनै महत्व नदेओस् ।

तर यदि शंका नमाजको बीचमै भएको होस् त यस बारेमा विद्हरूको यो कथन छ कि यदि त्यसलाई कुनै आधार छाड्ने कुरामा शंका लागेको छ भने त्यो आधार छाडे सरह नै मानिन्छ यसर्थ यदि शंका नमाजभित्र नै उत्पन्न भएको छ र यो कुनै संकोच र उपशंका होइन बरु वास्तविक शंका होस् त यदि मान्छे ढोगगर्दा यस संकोचमा पर्‍यो कि कदाचित त्यसले रुकूअ् गरेकै छैन, त हामी त्यसलाई भन्छौं कि तिमी उठेर रुकूअ् गर किनकि वास्तवमा तिमीले रुकूअ् गरेकै छैनौ, तर यदि त्यसलाई यो गुमान होस्

वा अत्याधिक गुमान (धेरै आशंका) होस् कि त्यसले रुकूअ् गरेको छ भने यस्तो अवस्थामा त्यो पुनः रुकूअ् नगरोस् बरु सलाम फेरे पश्चात सहवको ढोग (सजिद-ए- सहव) गरिहालोस् ।

र सजिद-ए- सहव यति महत्वपूर्ण कुरो हो कि यसको ज्ञान सबैलाई प्राप्त गर्नु जरुरी छ, र यसबारे कतिपय मानिसहरू अनभिज्ञ नै हुन्छन् । त आस्थावान मानिसमाथि यो अनिवार्य छ कि त्यो ती समस्त विधि र सीमाहरूको ज्ञान प्राप्त गरोस् जसलाई अल्लाहले आफ्नो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम मार्फत अवतरित गरेको छ ।

## जब मुक्तदी (इमामको पछाडि नमाज पढने नमाजी) इमामको पछाडि नमाजमा शामेल होस् अनि त्यो यो बिर्सोस् कि त्यसले कति रक्अत नमाज पढेको छ

प्रश्नः (९९) आदरणीय शैख ज्यू, केही मानिसहरू नमाजको इकामत भनिए पश्चात आउँछन् र इमामको पछाडि नमाजमा शामेल भइहाल्छन्, र छुटेको रक्अतहरूको संख्या बिर्सिहाल्छन्, अनि जुन मान्छे त्यस मान्छेको छेउमा हुन्छ त्यसैलाई हेरेर आफ्नो छुटेको नमाजलाई पूर्ण गर्छन् त यसको के हुकुम छ ?

उत्तरः यस्तो घट्ना अधिक घटित हुन्छ जस्तो कि तपाईले वर्णन गर्नु भयो र यो यसरी कि दुई मान्छे एकै साथ इमामको पछाडि नमाजमा शामेल हुन्छन्, अनि दुवैमध्ये एउटा यो बिर्सिहाल्छ कि त्यसले कति रक्अत पढ्यो, यसर्थ त्यस मान्छे बमोजिम नै त्यो पनि छुटेको रकअतबारे गर्छ जसरी त्यो आर्को मान्छे गर्छ जुन त्यसको साथमा नमाजमा शामेल भएको थियो । त यस समस्यामा हाम्रो भनाई छ कि यस्तो

गर्नुमा कुनै आपत्ति छैन, र त्यो आफ्नो बगलमा भएको मान्छेलाई हेरी छुटेको नमाजलाई पूर्ण गर्नसक्छ जबसम्म त्यसलाई यो विश्वास र अधिक गुमान नहोस् कि त्यो छुटेको नमाजभन्दा अधिक वा कम पढिरहेको छ, किनकि अधिक गुमानमाथि पनि निर्भर भएर पूजा गर्नुमा पूजाको क्षेत्रमा कुनै आपत्तिजनक कुरो होइन ।

## नमाजका वाजिबातहरू (अनिवार्य कार्यहरू)

प्रश्न: (१००) आदरणीय शैख ज्यू, हामीले नमाजको तरिका र त्यसका आधारहरूलाई बुझें, अब हामी नमाजका वाजिबातहरूलाई पनि जान्न चाहन्छौं ?

उत्तर: नमाजका वाजिबातहरू ती कार्यहरू हुन् जसलाई यदि मान्छेले जानेर छाडिदिन्छ भने त्यसको नमाज भंग भइहाल्छ र यदि अनभिज्ञता र गल्तीले छाडेको छ भने त्यसलाई अनिवार्यतया सहवको ढोग गर्नुपर्छ ।

त नमाजका वाजिबातहरूमध्ये समस्त तक्बीरहरूलाई भन्नु हो तक्बीरतुल् एहराम बाहेक, अर्थात आरम्भिक तक्बीर बाहेक समस्त

तक्बीरहरूलाई भन्नु, र रह्यो तकबीरतुल् एहरामको कुरो त त्यो नमाजका आधारहरूमध्येको हो (जसरी कि अघि नै वर्णन गरियो) । तर जब मान्छे यस्तो अवस्थामा सामूहिक नमाजमा आएर शम्मिलित हुन्छ जब इमाम रुकूअ्को लागि तक्बीर भनिरहेको छ त जब मान्छे यस्तो अवस्थामा तक्बीर भन्छ त यो तक्बीर त्यसको लागि तक्बीरतुल् एहराम हुन्छ, अनि त्यस पश्चात जुन तक्बीर भनेर त्यो रुकूअ गर्छ त्यो तक्बीर त्यसको लागि सुन्नत हुन्छ यसरी नै विधिशास्त्रीहरूले भनेका छन् ।

र नमाजका वाजिबातहरूमध्ये रुकूअ् र ढोगमा दुआ (गुणगान) गर्नु पनि हो । यसर्थ रुकूअ्मा सुब्हान रबियल् अजीम, र ढोगमा सुब्हान् रबियल् अअ्ला भन्नु वाजिब हो ।

र वाजिबातमध्ये पहिलो तशह्हुद पढनु र त्यसको लागि बस्नु पनि हो ।

र यसका (नमाजका) वाजिबातमध्ये तस्मीअ् र तहमीद अर्थात समीअल्लाहु लेमन् हमेदह रुकूअ्बाट उठदा, र रब्बना वलकल् हम्द रुकूअ्बाट उठे

पश्चात भन्नु पनि हो एकलो नमाज पढिरहेको मान्छे र इमाम दुवैको लागि ।

र रह्यो कुरो मुक्तदीको त मुक्तदीको लागि अनिवार्य यो छ कि त्यो जब रुकूअ्बाट उठोस् त रब्बना वलकल् हम्द भनोस् ।

त यी नै नमाजका वाजिबातहरू हुन् जसलाई यदि कुनै मान्छे बिर्सेर वा गल्तीले छाडिदिन्छ भने त्यसको नमाज त पूर्ण भइहाल्छ तर त्यसलाई अनिवार्यरूपमा सज्द -ए- सहव गर्नुपर्छ, जस्तोकि हजरत अब्दुल्लाह बिन बुहैनह रजिअल्लाहो अन्होको हदीसमा वर्णित छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले जुहरको नमाजमा दुई रक्अत पश्चात बिना बसिकन् उभे, अनि जब नमाज पूर्ण गरे त मानिसहरू सलाम फर्नुको प्रतिक्षा गरिरहेका थिए कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले दुई ढोग गरे अनि सलाम फेरे । (बुखारी, किताबुस्सह्व, बाबु माजाआ फिस्सहवे इजा कामा मिन् रकअतइल् फरीजह, हदीस नं. १२२४, १२२५ । र मुस्लिम, किताबुल् मसाजिद, बाबुस्सहवे फिस्सलाति वस्सहवु लहु, हदीस नं. ५७०)

## नमाजका सुन्नतहरू

प्रश्नः (१०१) आदरणीय शैख ज्यू, अब जबकि हामीलाई नमाजका वाजिबातहरूबारे पनि ज्ञान भयो त अब हामी यसका केही सुन्नतहरूको बारेमा पनि ज्ञान चाहन्छौं ?

उत्तरः जब मान्छेलाई नमाजका आधार र वाजिबातबारे ज्ञान भयो त त्यस बाहेक नमाजका जति कार्यहरू छन् सबै सुन्नत हुन् र तीमध्ये यो पनि हो कि ढोग र रुकूअ्का गुणगानहरूलाई एक पटकभन्दा अधिक पटक भनोस्, र नमाजमा बस्ने तरिका पनि अर्थात आफ्नो दायाँ पाइलालाई ठाढो पारेर बायाँ पाईलालाई पसारेर त्यसैमाथि बस्नु अन्ति तशह्हुद बाहेक समस्त बैठकहरूमा, र अन्तिम तशह्हुदमा तवर्रुक गर्नु जुन यो हो कि मान्छे आफ्नो दायाँ पाईलालाई ठाढो पारेर बायाँ पाइलालाई त्यसमुनिबाट आर्कोतर्फ निकालेर भूईंमा नितम्ब राखेर बसोस् ।

र नमाजका सुन्नतहरूमध्ये यो पनि हो कि मान्छे आफ्नो दुवै हातलाई आफ्नो कानको लौ वा काँधासम्म उठाओस् तक्बीरतुल् एहराम भन्दाखरि र रुकूअ् गर्दा र रुकूअ्बाट उठदा र पहिलो तशह्हुदबाट उठदा... । र यस बाहेक अत्याधिक

सुन्नतहरू छन् र यसबारे त्यस मान्छेलाई ज्ञान भइहाल्छ जुन वित्रिशास्त्रीहरूका कथनहरूको अध्ययन गर्छ ।

## सज्द-ए- सहव र त्यसलाई अनिवार्य गर्ने कार्यहरू र त्यसको ठाउँ र समय

प्रश्नः (१०२) आदरणय शैख ज्यू, हामी यो पनि जान्न चाहन्छौं कि नमाजमा सहवको ढोग कहिले र कुन कुन कुराले अनिवार्य हुन्छ ?

उत्तरः नमाजका सहवका ढोगहरूको संक्षेपमा तीन प्रमुख कारणहरू छन्, र ती निम्न हुन्: नमाजमा अभिवृद्धि गर्नाले, वा नमाजमा कमीकोताही गर्नाले, र नमाजमा शंका हुनाले ।

अभिवृद्धि गर्नु जसरी मान्छे कियाम अथवा बैठक अथवा ढोग वा रुकूअ बढी गरिहालोस् ।

र कमीको उदाहरणः जसरी मान्छे कुनै आधारलाई छाडिदेओस् वा कुनै वाजिबलाई नगरोस् नमाजका आधार र वाजिबातहरूमध्येबाट ।

र सन्देह र शंकाको उदाहरण हो: कि कुनै मान्छेलाई यो सन्देह भइहालोस् कि त्यसले तीन रक्अत पढेको छ वा चार रक्अत ?

त रह्यो कुरो अभिवृद्धि गर्नुको त यदि मान्छेले नमाजमा कियाम, बैठक, ढोग, रुकूअ् अधिक गरेको छ, र यदि जानेर गरेको छ भने त्यसको नमाज भंग भयो किनकि त्यसले यस्तो तरिकाले जानेर नमाज कायम गरेको छ जसको अल्लाह र अल्लाहका रसूलले आदेश गरेका छैनन् । र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" من عمل عملاً ليس عليه أمرنا فهو رد"

أخرجه مسلم، كتاب الأقضية، باب نقض الأحكام الباطلة ورد محدثات الأمور، رقم (1718).

अर्थ : जसले कुनै यस्तो कार्य गऱ्यो जसलाई गर्ने हाम्रो आदेश छैन भने त्यो कार्य अस्वीकृत छ । ( मुस्लिम, किताबुल् अक्जियह, बाबु नकजिल् अहकामिल् बातिलह वरद्दु मुहदसातिल् उमूर, हदीस नं. १७१८)

तर यदि त्यसले बिर्सेर अधिक गरेको छ त यस्तो खण्डमा त्यसको नमाज भंग हुँदैन, तर त्यो सलाम फेरे पश्चात सज्द-ए- सहव गर्छ। र यसको प्रमाण हो हजरत अबू हुरैरहले वर्णन गरेको हदीस कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले दुई रक्अत पढेपछि आफ्नो कुनै नमाजमा सलाम फेरे र कदाचित त्यो जोहरको नमाज थियो अथवा अस्रको नमाज, त जब मान्छेहरूले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई यसको सम्झना गराए त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले नमाजलाई पूर्ण गरे अर्थात बाँकी बचेको दुई रक्अत नमाजलाई पूर्ण गरे अनि सलाम फेरे पश्चात दुई ढोग गरे। (बुखारी, किताबुस्सहव, बाबु इजा सल्लमा फि रकअ्तैन अव फि सलासिन् सजदा सजदतैन, हदीस नं. १२२। र मुस्लिम, किताबुल् मसाजिद, बाबुस्सहवे फिस्सलाति वस्सुजूदु लहु, हदीस नं. ५७३)

र इब्ने मसऊद रजिअल्लाहो अन्होको वर्णन छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई जुहरको नमाज पाँच रक्अत पढाए, त जब उहाँ

सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूतिर अनुहार गरे त उनिसित भनियो किः

"أزيد في الصلاة؟ قال : "وما ذاك؟" قالوا : صليت خمساً ، فثنى رجليه ، واستقبل القبلة ، وسجد سجدتين" (أخرجه البخاري ، كتاب السهو ، باب إذا صلى خمساً ، رقم (1226)، ومسلم ، كتاب المساجد، باب السهو في الصلاة والسجود له ، رقم (572).

अर्थ : के नमाजमा अभिवृद्धि गरिएको छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यो प्रश्न किन ? त उनीहरूले भनेः तपाईले पाँच रक्अत पढनु भएको छ, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो दुवै खुट्टालाई नमाज पढने अवस्थामा गरेर किब्लातिर अनुहार गरे अनि दुई ढोग गरे । (बुखारी, किताबुस्सहव, बाबु इजा सल्ला खम्सन्, हदीस नं. १२२६ । र मुस्लिम, किताबुल् मसाजिद, बाबुस्सहवे फिस्सलाति वस्सुजूदु लहु, हदीस नं. ५७२)

र रह्यो कुरो नमाजमा कमीकोताही गर्नुको त यदि मान्छेले नमाजका आधारहरूमा कमी गऱ्यो त यस्तो कुरो यस अवस्थाबाट रिक्त हुँदैन कि याता त्यसलाई यसको याद दोस्रो रक्अतको त्यसै ठाउँमा पुग्नुभन्दा अघि नै आइहाल्छ, त यस्तो अवस्थामा त्यसमाथि यो अनिवार्य भइहाल्छ कि त्यो पुनः पछि फर्केर त्यस आधारलाई पूर्ण गरोस् अनि त्यस पश्चात जति आधारहरू गरिसकेको थियो त्यसलाई पनि पुनः गरोस् । वा यस्तो अवस्था हुन्छ कि त्यो दोस्रो रक्अतको त्यसै आधारसम्म पुगिसकेको हुन्छ जस आधारलाई त्यसले पहिलो रक्अतको आधारलाई छाडेको छ अनि त्यसलाई त्यस आधारलाई छाड्ने कुरोको याद आउँछ, त यस्तो अवस्थामा यो दोस्रो रक्अत त्यसको हकमा पहिलो रक्अत भइहाल्छ, र त्यो यस दोस्रो रक्अतको सट्टामा एउटा आर्को रक्अत पढ्छ, त यी दुवै अवस्थामा त्यो सहवको ढोग सलाम पश्चात गर्छ ।

र यसको उदाहरण होः कि मान्छेले पहिलो रक्अतको एउटा ढोग गरे पश्चात उठ्यो र त्यसले नत दुवै ढोगबीच बस्यो नत दोस्रो ढोग नै गऱ्यो, त

जब त्यो दोस्रो रक्अतको पाठन गर्न लाग्यो त त्यसलाई याद आयो कि त्यसले त नत दोस्रो ढोग गरेको छ नत दुवै ढोगबीच बसेको छ। त अब त्यो पुनः नमाजमा पछाडि फर्केर बस्दछ अनि दोस्रो ढोग गर्छ अनि आफ्नो नमाजलाई पूर्ण गर्छ, र सलाम फेरे पश्चात सहवको ढोग गर्छ।

र त्यस मान्छेको उदाहरण जसलाई तबसम्म छुटेको कुरा याद आउँदैन जबसम्म दोस्रो रकअतको त्यसै आधारसम्म पुग्दैन जसलाई छाडेको छः यसको उदाहरण यो हो कि मान्छेले पहिलो रक्अतको पहिलो दोग गरेर उभिहाल्यो र दोस्रो ढोग गरेन नत दुवै ढोगबीच बस्यो, तर त्यसलाई यस गल्तीको याद तबसम्म आएन जबसम्म दोस्रो रक्अतको पहिलो ढोग गरेर बसेन, त यस्तो अवस्थामा त्यसको लागि दोस्रो रक्अत पहिलो रक्अत भइहाल्छ, र यसको सट्टामा त्यसलाई एउटा आर्को रक्अत पढ्नु पर्छ, अनि सलाम फेरे पश्चात सहवको ढोग गर्नुपर्छ।

र यदि त्यसले नमाजको वाजिबमा (अनिवार्य कार्यमा) कमी गरेको छ र त्यस पश्चात आउने

वाजिबसम्म पुगिसकेको छ, जसरी यदि मान्छेले सुब्हाना रबियल् अअ्ला भन्न बिर्सिदियो, र यसको याद त्यसलाई तबसम्म आएन यहाँसम्म कि त्यो ढोगबाट उभ्यो, त यस मान्छेले नमाजका वाजिबातमध्ये एउटा वाजिबलाई बिर्सेर छाडेको छ, त अब यस्तो अवस्थामा त्यो आफ्नो नमाजलाई निरन्तरता देओस् र नमाजलाई पूर्ण गरोस् अनि सलाम फेर्नुभन्दा अघि नै सहवको ढोग गरोस्। ( तिर्मिजी, किताबुस्सलात, बाबु माजाआ फिल् इमामि यनहजु फिर्रकअ्तैन नासियन, हदीस नं. ३६४। र अल्लामा अहमद शाकिर रहेमहुल्लाहले तिर्मिजीको टिकाटिप्पणीमा यस हदीसलाई सही भनेका छन्: ( १/१९९)

र रह्यो शंकाको कुरो त शंकाको अर्थ हो कि: मान्छेलाई नमाजमा कमी अथवा वृद्धिको शंका सन्देह भइहालोस्, जसरी कि नमाजीलाई यो असमंजस भइहालोस् कि त्यसले तीन रक्अत पढेको छ वा चार रक्अत, त यो शंकास्पद अवस्था दुई अवस्थाबाट रिक्त हुँदैन: याता त्यो मान्छे वृद्धि गरेको वा कमी गरेको दुवैमध्ये एउटामा अधिक आश्वासित

हुन्छ, त यस्तो अवस्थामा जसमाथि त्यो धेरै आश्वासित हुन्छ त्यसैलाई आधार मानेर त्यसै बमोजिम नमाजलाई अगाडि बढाउँछ, र सलाम फेरे पश्चात सहवको ढोग गर्छ । र आर्को अवस्थामा त्यस निकट कमी र अधिक हुने कुरामध्ये कुनै पनि स्पष्ट नहोस् अर्थात त्यसको शंका दुवैमा एकनास होस्, त यस्तो अवस्थामा त्यो कमीलाई आधार मानेर त्यसै बमोजिम नमाजलाई निरन्तरता दिन्छ, र सलाम फेर्नुभन्दा अघि नै सहवको ढोग गर्छ ।

र यसको उदाहरण हो: कि मान्छे जुहरको नमाज पढिरहेको छ, अनि त्यसलाई यो सन्देह भयो कि त्यो अहिले तेस्रो रक्अत पढिरहेको छ वा चौथो रक्अत ? त यदि त्यसलाई धेरै आशंका यस कुरामा छ कि त्यो तेस्रो रक्अत नै पढिरहेको छ त यस्तो अवस्थामा त्यो एक रकअत अरु पढोस् अनि सलाम फेरेर सहवको ढोग गरोस् । र जसमा दुवै कुरा एकनास हुन्छन् त्यसको उदाहरण हो: कि मान्छे जुहरको नमाज पढिरहेको छ, अनि त्यसलाई शंका भयो कि त्यो तेस्रो रकअत पढिरहेको छ वा चौथो रक्अत ? र त्यसको आशंका तेस्रो रक्अतबारे र

चौथो रक्अतबारे एकनास छ, त यस्तो अवस्थामा त्यो जस कुरामाथि दृढ विश्वास छ त्यसैलाई नै आधार मान्छ, अर्थात कममाथि, त यस कुरामा यकिन नै छ कि त्यो तेस्रो रकअतमा छ, यसर्थ त्यो यसलाई तेस्रो रक्अत मानेर एउटा आर्को रक्अत पढछ, र सलाम फेर्नुभन्दा सहवको ढोग गर्छ ।

त यसबाट यो स्पष्ट भयो कि यदि मान्छे नमाजका वाजिबातहरूमध्ये कुनै वाजिबलाई छाडेको छ भने सलाम फेर्नुभन्दा अघि नै सहवको ढोग गर्नुपर्छ । र यस्तै जब त्यो रक्अतहरूको संख्याको बारेमा सन्देहमा परोस्, र त्यसको शंका एकनास होस् तब पनि सलाम फेर्नुभन्दा अघि नै सहवको ढोग गर्नुपर्छ । र जब त्यसले नमाजमा अभिवृद्धि गरेको होस् वा नमाजमा शंका हुँदा कुनै कुरामा अधिक आशंका होस् त सलाम फेरे पश्चात नै सहवको ढोग गर्नुपर्छ ।

## सज्द-ए- सहव पश्चात सलाम फेर्नुको हुकुम

प्रश्नः (१०३) आदरणीय शैख ज्यू, यदि सज्द-ए-सहव नमाज पश्चात गरियोस् त के त्यस पश्चात पनि सलाम फेर्नुपर्छ ?

उत्तरः जब सहवको ढोग सलाम फेरे पश्चात गरियोस् त त्यस पश्चात सलाम फेर्नु अति जरुरी र अनिवार्य छ ।

प्रश्नः (१०४) आदरणीय शैख ज्यू, के सहवको ढोगको लागि तशह्हुद पनि अनिवार्य छ ?

उत्तरः यसबारेमा विद्हरूको मतभेद छ, तर सही कुरो यो नै हो कि सहवको ढोगको लागि तशह्हुद अनिवार्य छैन ।

# नमाजलाई भंग गर्ने कुराहरू

प्रश्नः (१०५) आदरणीय शैख ज्यू, नमाजलाई भङ्ग गर्ने कुराहरू के के हुन् संक्षेपमा वर्णन गरिदिने अनुरोध छ ?

उत्तरः नमाजलाई भंग गर्ने कुरा दुई कुरामाथि चक्रित छन्: याता कुनै वाजिब र अनिवार्य कार्यलाई त्याग्नुले, वा कुनै निषेधित कार्य गर्नुले ।

त रह्यो अनिवार्य कार्य त्याग्नुको कुरो त जसरी कुनै मान्छेले नमाजका आधारहरूमध्ये कुनै आधारलाई जानेर त्यागोस्, वा नमाजका शर्तहरूमध्ये कुनै शर्तलाई जानेर त्यागोस्, वा नमाजका वाजिबातहरूमध्ये कुनै वाजिबलाई जानेर त्यागोस् ।

आधार त्याग्नुको उदाहरणः जसरी कि कुनै मान्छे जानेर रुकूअ् गर्नुलाई त्यागोस् ।

र शर्त त्याग्नुको उदाहरणः जसरी कोही नमाज पढ्दा जानेर किब्लातिरबाट अनुहारलाई आर्को दिशामा गरिहालोस् ।

र वाजिबलाई तयाग्नुको उदाहरण: जसरी कुनै मान्छे पहिलो तशह्हुदलाई जानेर त्यागोस् ।

यसर्थ नमाजका अनिवार्य कार्यहरूमध्ये कुनै कार्यलाई यदि मान्छे जानेर त्यागिदिन्छ भने त्यसको नमाज भंग भइहाल्छ, अब त्यो अनिवार्य कार्य चाहे नमाजका आधारहरूमध्येको होस् वा वाजिबातहरूमध्येको वा शर्तहरूमध्येको ।

र आर्को कुरो जसद्वारा नमाज भंग भइहाल्छ त्यो हो: कुनै निषेधित कार्यलाई गर्नु, जसरी त्यो नमाजमा भएको अवस्थामा नै अपवित्र भइहालोस्, वा नमाजमा नै मान्छेहरू झैं कुरा गर्न थालोस्, वा नमाजमा नै हाँस्न थालोस् ... आदि, र यसै जस्ता अरु कुराहरू जसलाई गर्नु नमाजको अवस्थामा हराम र निषेधित छ, त यदि मान्छे यस्ता कार्यहरू गर्छ भने त्यसको नमाज भंग भइहाल्छ ।

# सामूहिक नमाजको हुकुम

प्रश्नः (१०६) आदरणीय शैख ज्यू, नमाज र नमाजका हुकुम एवं शर्त र आधार एवं वाजिबातहरूको बारेमा हामी कुरा गर्‍यौं, र यस्तै सहवको ढोगको बारेमा पनि कुरा गर्‍यौं, त अब हामी हजुरसित सामूहिक नमाजको हुकुमबारे प्रश्न गर्न चाहन्छौं ?

उत्तरः सामूहिक नमाजको बारेमा विद्‌हरूको यो भनाई छ कि यो पूजाहरूमध्ये सर्वोत्कृष्ट पूजामध्ये एक हो, र यसको अत्याधिक ताकेदा पनि गरिएको छ, र यसतर्फ अल्लाहले आफ्‌नो किताबमा संकेत गरेको छ, र यसलाई भयत्रासको अवस्थामा पनि कार्यन्वयन गर्नुको आदेश गरेको छ । अल्लाहको फर्मान छः

﴿ وَإِذَا كُنتَ فِيهِمْ فَأَقَمْتَ لَهُمُ الصَّلَوٰةَ فَلْتَقُمْ طَآئِفَةٌ مِّنْهُم مَّعَكَ وَلْيَأْخُذُوٓاْ أَسْلِحَتَهُمْ فَإِذَا سَجَدُواْ

فَلْيَكُونُوا مِن وَرَآئِكُمْ وَلْتَأْتِ طَآئِفَةٌ أُخْرَىٰ لَمْ يُصَلُّوا فَلْيُصَلُّوا مَعَكَ وَلْيَأْخُذُوا حِذْرَهُمْ وَأَسْلِحَتَهُمْ ﴾ النساء: ١٠٢

अर्थ : जब तिमी तिनीहरूमा हुन्छौ र तिनीहरूलाई नमाज पढाउँदछौ भने, यो आवश्यक छ कि एउटा समूह तिम्रो साथमा हतियार सहित उभिराखोस् जब यस समूहले सज्दा गरिसकोस् तब त्यहाँबाट हटेर तिम्रो पछाडी आउन् र अर्को समूह जसले नमाज पढेको छैन, त्यस ठाउँमा आओस् र (सतर्क र सशस्त्र भई) तिम्रो साथमा नमाज पढोस्। ( सूरतुन्निसा १०२)

र नबी सल्लल्लाहो अलैहे वसल्लमको सुन्नतमा अत्याधिक हदीसहरू सामूहिक नमाजको अनिवार्यतामाथि प्रमाणीकरण गरेका छन्, जस्तोकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"لقد هممت أن آمر بالصلاة فتقام ، ثم آمر رجلاً فيصلي بالناس ، ثم أنطلق برجال معهم حزم من حطب إلى قوم لا يشهدون الصلاة، فأحرق عليهم بيوتهم بالنار" أخرجه البخاري، كتاب الأذان ، باب وجوب صلاة الجماعة ، رقم (644)، ومسلم ، كتاب المساجد ، باب فضل صلاة الجماعة ، رقم (651)

अर्थ : मैले यो इच्छा गरें कि नमाज पढ्ने आदेश गरूँ अनि इकामत भनियोस् अनि एउटा मान्छेलाई इमामत गराउने आदेश गरूँ, अनि म केही मान्छेहरूको साथ जुन दाउरा बोकेर मेरो साथ होउन् ती मानिसहरूको घरसम्म जाऊँ जुन सामूहिक नमाजमा उपस्थित हुँदैनन् अनि उनीहरूलाई उनीहरूको घरमै भएको अवस्थामा उनीहरूको घरलाई आगो लगाइदिऊँ । (बुखारी, किताबुल् अजान, बाबु वुजूबि सलातिल् जमाअह, हदीस नं. ६४४ । र मुस्लिम, किताबुल् मसाजिद, बाबु फज्लि सलातिल् जमाअह, हदीस नं. ६५१)

र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको यो पनि फर्मान छ कि:

" من سمع النداء فلم يأته فلا صلاة له إلا من عذر" [1] أخرجه ابن ماجه، كتاب الصلاة ، باب التغليظ في التخلف عن الجماعة، رقم (793)، وهو في صحيح الجامع رقم (6300).

अर्थ : जसले अजान सुन्यो अनि नमाजको लागि मस्जिदमा आएन त यदि त्यसले यस्तो अकारण गरेको छ भने त्यसको नमाज हुँदैन । (इब्ने माजा, किताबुस्सलात, बाबुत्तग्लीजि फित्तखल्लुफि अनिल् जमाअह, हदीस नं. ७९३ । र यो हदीस सहीहुल् जामेअको हदीस नं. ६३०० मा पनि वर्णित छ)

र यस्तै उहाँ सल्लल्लाहो अलैहे वसल्लमको यो कथन त्यस अन्धो व्यक्तिको लागि जसले उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित सामूहिक नमाजमा उपस्थित नहुनुको अनुमति चाहेको थियो कि त्यो अन्धो हुने कारण के आफ्नो घरमै नमाज पढ्न

सक्छर ? त त्यससित रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो सोध्नु भएको थियो किः

"أتسمع النداء ؟" فقال : نعم قال : " فأجب" أخرجه مسلم ، كتاب المساجد ، باب يجب إتيان المسجد على من سمع النداء ، رقم (653).

अर्थ : के तिमी अजानलाई सुन्दछौ ? त त्यसले भनेको थियो हो सुन्दछु, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियोः यस्तो भए मस्जिदको सामूहिक नमाजमा उपस्थित होऊ । (मुस्लिम, किताबुल् मसाजिद, बाबु यजिबु इतियानिल् मस्जिदि अला मन् समिअन्निदाअ्, हदीस नं. ६५३)

र हजरत इब्ने अब्बासको भनाई छ किः हामीहरूको युगमा सामूहिक नमाजबाट कपटीहरू र अत्याधिक विरामी भएको मान्छेहरू बाहेक कोही पनि पछि रहँदैनथ्यो, र सामूहिक नमाजको लागि यस्ता मानिसहरूलाई ल्याइन्थ्यो जुन दुई मानिसहरूको सहारा लिएर आउँथ्यो अनि त्यसलाई पंक्तिमा शामेल गरिन्थ्यो अर्थात उभियाइन्थ्यो । ( मुस्लिम,

किताबुल् मसाजिद, बाबु सलातिल् जमाअति मिन् सुननिल् हुदा, हदीस नं. ६५४)

त प्रमाणहरूमा राम्ररी हेरे पश्चात यो निष्कर्ष निस्कन्छ कि सामूहिक नमाज अनिवार्य छ, किनकि मुसलमानहरू मात्र एउटा समूह हुन्, र एउटा समूह हुने कुरा तबसम्म साकार हुँदैन जबसम्म तिनीहरू पूजाहरूमा एकजुट नहोउन्, र सर्वोतकृष्ट पूजा नमाज नै हो, यसर्थ समस्त मुसलमानहरूमाथि यो अनिवार्य छ कि उनी नमाजहरूमा एकजुट होउन् र त्यसलाई सामूहिक तरिकाले आयोजित गरुन् ।

र विद्हरू यस कुरामा त एकमत छन् कि सामूहिक नमाज पूजाहरूमध्ये सर्वोतकृष्ट पूजा हो तर उनीहरूको यस कुरामा मतभेद छ कि के यो नमाजको लागि शर्त हो कि होइन ? र जुन सामूहिक नमाज नपढिकन् एकलै नमाज पढछ के त्यसको नमाज हुन्छ कि हुँदैन ? र यदि भइहाल्छ भने के त्यसलाई सामूहिक नमाजलाई त्यागनुको पाप लाग्छ ?

त यसबारे सही कथन यो नै हो कि यो नमाजको लागि अनिवार्य छ तर नमाज सही हुनुको शर्त होइन, तर जसले यसलाई त्याग्छ त्यो पाप गर्छ यस अवस्था बाहेक कि त्यससित कुनै वैधानिक कारण होस् । र यसको शर्त नहुने कुरामाथि यो कुरो प्रमाण हो किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले सामूहिक नमाजलाई एकलो पढिएको नमाजमाथि प्रधानता र श्रेष्ठता प्रदान गरेका छन् । त सामूहिक नमाजलाई एकलो पढिएको नमाजमाथि प्रधानता दिने कुरा यस कुरामाथि प्रमाणीकरण गरिहेको छ कि एकलै नमाज पढनुमा पनि श्रेष्ठता छ, त यदि नमाज सही हुँदैनथ्यो भने त्यसलाई श्रेष्ठता कसरी प्राप्त हुन्सक्छ ।

र कुरा जुन पनि होस् समस्त व्यस्क पुरुष मुसलमान मान्छेमाथि यो आवश्यक र अनिवार्य छ कि त्यो चाहे नगरमा होस् वा यात्रामा सामूहिक नमाजको आयोजना गरोस् ।

## मुक्तदीको इमामसित संलग्नता

प्रश्नः (१०७) आदरणीय शैख ज्यू, जबकि हामीलाई सामूहिक नमाजको हुकुमबारे ज्ञान भयो, त हजुरले यो पनि प्रष्ट गरिदिए अति राम्रो हुन्थ्यो कि मुक्तदीको (इमामको पछाडि नमाज पढ्ने नमाजीहरूको) इमामसित के कस्तो संलग्नता छ ?

उत्तरः मुक्तदीको इमामसित अनुशरणको सम्बन्ध छ, र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः

"إنما جعل الإمام ليؤتم به ، فإذا كبر فكبروا ، ولا تكبروا حتى يكبر ، وإذا ركع فاركعوا ، ولا تركعوا حتى يركع ، وإذا قال : سمع الله لمن حمده فقولوا : اللَّهُمَّ ربنا ولك الحمد ، وإذا سجد فاسجدوا ، ولا تسجدوا حتى يسجد ، وإذا صلى قائماً فصلوا قياماً ، وإذا صلى قاعداً ، فصلوا قعوداً

أجمعون" (أخرجه أبو داود، كتاب الصلاة، باب إمامة من يصلي بقوم وقد صلى تلك الصلاة رقم (603).

अर्थ : इमाम यस कारण नियुक्त गरिएको छ ताकि त्यसको अनुशरण गरियोस्, यसर्थ जब त्यो तक्बीर भनोस् तब तिमीहरू पनि तक्बीर भन, र जबसम्म त्यो तक्बीर नभनोस् तिमीहरू पनि तक्बीर नभन । र जब त्यो रुकूअ् गरोस् त तिमीहरू पनि रुकूअ् गर, र त्यसले रुकूअ् नगरेसम्म तिमीहरू पनि रुकूअ् नगर्नु । र जब त्यो समअिल्लाहु लिमन् हमेदह भनोस् त तिमीहरू भन् अल्लाहुम्मा रब्बना वलकल् हम्द । र जब त्यो ढोग गरोस् त तिमीहरू पनि ढोग गरिहाल, र त्यसभन्दा अघि ढोग नगर्नु । र जब त्यो उभेर नमाज पढोस् त तिमीहरू पनि उभेर नमाज पढ, र जब त्यो बसेर नमाज पढोस् त तिमीहरू पनि बसेर नै नमाज पढ । (अबू दाऊद, किताबुस्सलात, बाबु इमामतु मन् युसल्ली बिकौमिन् वकद् सल्ला तिल्कस्सलात, हदीस नं. ६०३)

त यस अवस्थामा अर्थात नमाजको अवस्थामा मुक्तदीको इमामसित चार कुरामा सम्बन्ध हुन्छ,

अर्थात कार्यका चार क्षेत्रहरूमा संलग्नता हुन्छः त्यसको अनुशरण गर्नुमा, कार्य गर्नुमा त्यससित सहमत हुनु, वा त्यससित पहिला त्यस कार्यलाई गरिहाल्नु, वा त्यसले गरे पशचात गर्नु, वा अलि विलम्बले गर्नु ।

**त्यसको अनुशरण गर्नुः** र यो यसरी कि नमाजका कार्यहरू इमामले गरे वित्तिकै त्यसको पछिपछि गर्नु, अर्थात जब इमामले रुकूअ् गऱ्यो त मुक्तदीले पनि तुरुनतै रुकूअ् गरिहालोस्, र यस्तै जब त्यो ढोग गरोस् त मुक्तदीले पनि बिना कुनै विलम्ब ढोग गरिहालोस्, र यस्तै नमाजका समस्त कार्यहरूलाई गरोस् ।

**र रह्यो कुरो त्यसको सहमतिकोः** त यो यसरी कि मुक्तदी आफ्नो इमामको साथमा नै नमाजका कार्यहरूलाई गरोस्, अर्थात त्यसको साथै रुकूअ् गरोस्, र त्यसको साथै कियाम, ढोग, र बैठक गरोस् जब त्यो इमाम गरोस् ।

**र रह्यो त्यसभन्दा अघि हुनुको कुरो:** त यो यसरी कि मुक्तदी इमामभन्दा पहिला नै रुकूअ ढोग गरोस् र त्यसभन्दा पहिला नै बसिहालोस् ।

**र रह्यो त्यसभन्दा अति विलम्बले गर्नुको:** त यो यसरी कि जब इमाम रुकूअ गरोस् त त्यो उभेर फातिहा नै पढिरहेको होस्, र जब इमाम ढोग गरोस् त त्यो उभेर अल्लाहको प्रशंसा नै गरिरहेको होस् ... आदि । त यी समस्त अवस्थाहरू घृणित छन् त्यसको अनुशरण गर्ने अवस्था बाहेक ।

र जुन मान्छे इमामको साथमै सबै गर्छ त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन विरुद्ध गर्छ:

"ولا تكبروا حتى يكبر، وإذا ركع فاركعوا، ولا تركعوا حتى يركع" (أخرجه أبو داود، كتاب الصلاة، باب إمامة من يصلي بقوم وقد صلى تلك الصلاة رقم (603).

अर्थ : र जबसम्म त्यो तक्बीर नभनोस् तिमीहरू पनि तक्बीर नभन । र जब त्यो रुकूअ् गरोस् त

तिमीहरू पनि रुकूअ् गर । (अबू दाऊद, किताबुस्सलात, बाबु इमामतु मन् युसल्ली बिकौमिन् वकद् सल्ला तिल्कस्सलात, हदीस नं. ६०३)

र रह्यो त्यस मान्छेको कुरो जुन इमामभन्दा पहिला नमाजका कार्यहरू गरिहाल्छ त यस्तो मान्छेको लागि नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा ठूलो चेतावनी वर्णित छ, उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" أما يخشى الذي يرفع رأسه قبل الإمام أن يحول الله رأسه رأس حمار، أو يجعل الله صورته صورة حمار" ( أخرجه البخاري ، كتاب الأذان ، باب إثم من رفع رأسه قبل الإمام، رقم (691)، ومسلم ، كتاب الصلاة ، باب النهي عن سبق الإمام بركوع أو سجود ونحوهما ، رقم (427).

अर्थ : के त्यो मान्छे जुन इमामले टाउको उठाउनुभन्दा अगावैं आफ्नो टाउको उठाइहाल्छ यस कुराबाट डराउँदैन कि त्यसको टाउकोलाई अल्लाह गद्हाको टाउकोमा परिणत गरिदिओस्, वा

त्यसको आकार गद्हाको आकारमा परिणत गरिदेओस् । (बुखारी, किताबुल् अजान, बाबु इस्मे मन् रफआ रासहु कबलल् इमाम, हदीस नं. ६९१ । र मुस्लिम, किताबुस्सलात, बाबुन्नहिए अन सबकिल् इमामि बिरुकूअिन् अव सुजूदिन् वनह्वेहिमा, हदीस नं. ४२७)

र रह्यो त्यसको कुरो जुन इमामभन्दा विलम्ब गर्छ, त यस्तो मान्छेले इमामको अनुशरण गरेन, किनकि अनुशरणको अर्थ हो इमामले गरे बित्तिकै त्यो पनि कार्यलाई गरोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः "जब इमाम तक्बीर भनोस् त तिमीहरू पनि तक्बीर भन, र जब त्यो रुकूअ् गरोस् त तिमीहरू पनि रुकूअ् गर" । त यहाँ शर्तवाला वाक्य छ जसमा यो अनिवार्य छ कि जसको शर्त लगाइएको छ त्यो पनि तुरुन्तै पाइयोस्, यसर्थ यसमा विलम्ब गर्नु अनुचित र निषेधित छ ।

यसर्थ इमामभन्दा अघि गर्नु हराम छ । र इमामको साथमै गर्नु मकरूह (अप्रिय) पनि भनिएको छ, र यसलाई हराम पनि भनिएको छ । र विलिम्ब गर्नु कम्तिमा अप्रिय छ । र त्यसको (इमामको) अनुशरण

गर्नु नै रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेश अनुकूल छ ।

# इमामको अत्याधिक विरोध गर्ने अवस्था

प्रश्न: (१०८) आदरणीय शैख ज्यू, यी तीनवटै अवस्था अर्थात इमामभन्दा अघि गर्नु, र त्यसको साथसाथै गर्नु, र त्यसभन्दा विलम्बले गर्नुमध्ये कुन अवस्था सबैभन्दा अधिक विरोधी छ ?

उत्तर: यी तीनवटै अवस्थाहरूमध्ये सबैभन्दा अधिक विरोधी अवस्था इमामभन्दा अघि नै नमाजका कार्य गर्नु हो, किनकि त्यसबारे प्रष्ट चेतावनी वर्णित छ। र यस सन्दर्भमा विदहरूको यो कथन पनि छ र त्यो सही पनि छ कि: जुन मान्छे पनि इमामभन्दा पहिला नै कुनै कार्य गऱ्यो त्यसको नमाज भंग भयो चाहे आधारलाई गर्नुमा पहल गरेको होस् वा अरु कुनै कुरालाई, किनकि जब त्यो आफ्नो इमामभन्दा पहिला नै त्यो कार्य गऱ्यो, त त्यसले हराम कार्य गऱ्यो, र हराम कार्य गर्नाले नमाज भंग भइहाल्छ, किनकि वैधानिक विधि छ कि: जसले पनि पूजाको क्षेत्रमा कुनै अवैधानिक कार्य गऱ्यो त त्यसको त्यो पूजा भंग भयो ।

# नफिली नमाजको श्रेष्ठता र त्यसका थरीहरू

प्रश्नः (१०९) आदरणीय शैख ज्यू, हामी यो चाहन्छौं कि तपाई हामीहरू समक्ष नफिली नमाजको श्रेष्ठता र त्यसका थरीहरूबारे पनि चर्चा गर्नुस् ?

उत्तरः अल्लाहको आफ्नो भक्तहरूमाथि दया र कृपामध्ये यो पनि हो कि त्यसले अनिवार्य पूजाहरू झैं नफिली पूजाहरू पनि अविष्कृत गरेको छ जुन अनिवार्य पूजाको आकार अनुरूप हुन्छ । यसर्थ अनिवार्य नमाज अनुरूप नफिली नमाज पनि बनाएको छ, र अनिवार्य जकात (धर्मदाय) सरह नफिली दान पनि बनाएको छ, र अनिवार्य व्रत अनुरूप नफिली व्रत पनि बनाएको छ, र यस्तै हज्जको बारेमा पनि । त यो अल्लाहको आफ्नो भक्तहरूमाथि कृपा नै हो जसलाई गरेर उनीहरू आफ्नो पुण्यमा अभिवृद्धि गरुन्, र अल्लाहको सामीप्यता प्राप्त गरुन्, र यसद्वारा त्यस कमीलाई पनि पूर्ण गरुन् जुन उनीहरूका अनिवार्य पूजाहरूमा

हुन्छ, किनकि अनिवार्य पूजाहरूलाई नफिली पूजाहरूद्वारा परिपूर्ण गरिन्छ ।

त जसले नमाजमा सुन्नते मुवक्कदाको आयोजना गर्छ जुनकि अनिवार्य नमाज अघि वा पछि हुन्छन्, जसरी जुहर नमाज अघि चार रक्अत दुई सलामको साथ, तर यसलाई तब पढिन्छ जब जुहरको समय आरम्भ भइहालेको होस्, र जुहरको समयभन्दा अघि यसलाई आयोजित गर्नुहुन्न । र जुहर नमाज पश्चात दुई रक्अत, त यी पूर्ण ६ रक्अत सुन्नते मुवक्कदा भए जुन जुहरसित संलग्न छन् । र अस्र नमाजको कुनै सुन्नत छैन । र मग्रिबमा दुई रक्अत सुन्नते मुवक्कदा छ मग्रिब नमाज पश्चात । र यस्तै इशा नमाज पश्चात पनि दुई रक्अत सुन्नते मुवक्कदा छ। र यस्तै फज्र नमाजभन्दा अघि पनि दुई रक्अत सुन्नते मुवक्कदा छ, तर यस सुन्नतलाई सानो गरेर पढनु नै सुन्नत हो, यसर्थ यसको पहिलो रक्अतमा सुरतुल् काफिरून र दोस्रो रक्अतमा सूरतुल् इख्लास पढनु उत्तम छ वा यसको पहिलो रक्अतमा सूरतुल् बकर:को यो श्लोकदेखि पढोस्:

﴿ قُولُوٓاْ ءَامَنَّا بِٱللَّهِ وَمَآ أُنزِلَ إِلَيۡنَا وَمَآ أُنزِلَ إِلَىٰٓ إِبۡرَٰهِـۧمَ وَإِسۡمَٰعِيلَ
وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَمَآ أُوتِيَ مُوسَىٰ وَعِيسَىٰ وَمَآ أُوتِيَ
ٱلنَّبِيُّونَ مِن رَّبِّهِمۡ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّنۡهُمۡ وَنَحۡنُ لَهُۥ مُسۡلِمُونَ
١٣٦ ﴾ البقرة: ١٣٦

अर्थ : हे मुस्लिमहरू ! तिमीहरू सबैले भनिदेऊ कि हामी अल्लाहमाथि, र जुन किताब हामीतिर उतरियो, र जुन (ग्रन्थहरू) इब्राहीम, इस्माईल, इस्हाक़, यअ्क़ूब र उनका सन्ततिहरूलाई प्रदान गरियो, तिनीमाथि र जुन मूसा र ईसालाई प्रदान गरियो र जुन अन्य पैगम्बरहरूलाई तिनका पालनकर्ताबाट प्रदान गरिए, तिनीमाथि सम्पूर्ण आस्था राख्दछौं । हामीले ती पैगम्बहरूमा कुनै भेदभाव गर्दैनौं र हामी उही एक अल्लाहका आदेश पालन गर्नेहरू हौं । (सूरतुल् बकर: १३६)

र आर्को रक्अतमा आले इम्रानको यो श्लोकदेखि पढोस्:

﴿ قُلۡ يَٰٓأَهۡلَ ٱلۡكِتَٰبِ تَعَالَوۡاْ إِلَىٰ كَلِمَةٖ سَوَآءِۭ بَيۡنَنَا وَبَيۡنَكُمۡ أَلَّا نَعۡبُدَ إِلَّا ٱللَّهَ وَلَا نُشۡرِكَ بِهِۦ شَيۡـٔٗا وَلَا يَتَّخِذَ بَعۡضُنَا بَعۡضًا أَرۡبَابٗا مِّن دُونِ ٱللَّهِۚ فَإِن تَوَلَّوۡاْ فَقُولُواْ ٱشۡهَدُواْ بِأَنَّا مُسۡلِمُونَ ٦٤ ﴾ آل عمران: ٦٤

अर्थ : भनिदिनुस् कि हे अहले किताब ! यस्तो कुरा तर्फ आऊ जुन हाम्रो र तिम्रो बीचमा एकै जस्तो छ । त्यो यो हो कि अल्लाह बाहेक अरु कसैलाई हामी पूजा नगरौं र उससँग अरुको साझेदारी नठहराऔं र अल्लाह बाहेक हामीमध्ये कसैलाई पालनहार नबनाऔं । यदि यिनीहरू मान्दैनन् भने भनिदिनुस् कि ! तिमी साक्षी हौ कि हामी मुसलमान हौं । (सूरतु आले इम्रान ६४)

र फज्रका दुई रक्अत सुन्नतलाई नगरमा भएको अवस्थामा र यात्रामा भएको अवस्थामा पनि पढियोस्, किनकि यसको विशाल श्रेष्ठता हदीसहरूमा वर्णित छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" ركعتا الفجر خير من الدنيا وما فيها" ( أخرجه مسلم ، كتاب صلاة المسافرين ، باب استحباب ركعتي سنة الفجر، رقم (725).

अर्थ : फज्रका दुई रक्अत सुन्नत संसार र संसारमा भएका समस्त थोकहरूबाट श्रेष्ठ छ । (मुस्लिम, किताबु सलातिल् मुसाफेरीन, बाबु इस्तेहबाबि रक्अतइ सुन्नतल् फज्र, हदीस नं. ७२५)

र नफिली नमाजहरूमध्ये वित्रको नमाज पनि हो, जुन सुन्नते मुवक्कदा अन्तर्गत आउँछ, यहाँसम्म कि केही विद्हरूले यसलाई अनिवार्य पनि भनेका छन् । र यसको बारेमा इमाम अहमदको भनाई छः जुन व्यक्तिले वित्र नमाज त्याग्यो त्यो घृणित मान्छे हो, र त्यसको गवाही सवीकार गरिन्न । यसर्थ मान्छेलाई चाहियो कि रात्रीका नमाजहरूको समाप्ति वित्रद्वारा गरोस्, त जसलाई यो भय होस् कि त्यो रात्रीको अन्तिम भागमा जाग्न सक्दैन त्यो सुत्नुभन्दा अघि नै वित्रको नमाज पढिहालोस् । र जसलाई लालसा होस् कि त्यो रात्रीको अन्तिम भागमा

जाग्नेछ त त्यो रात्रीको नफिली नमाजलाई पढे पश्चात वित्र पढोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" اجعلوا آخر صلاتكم بالليل وتراً "(أخرجه البخاري ، كتاب الوتر، باب ليجعل آخر صلاته وتراً، رقم (998)، ومسلم ، كتاب صلاة المسافرين، باب صلاة الليل مثنى مثنى، رقم (751).

अर्थ : तिमीहरू आफ्नो रात्रीको अन्तिम नमाज वित्रलाई बनाऊ । (बुखारी, किताबुल् वित्र, बाबु लयज्अलु आखिर सलातिही वित्रन्, हदीस नं. ९९८ । र मुस्लिम, किताबु सलातिल् मुसाफिरीन, बाबु सलातिल्लैलि मस्ना मस्ना, हदीस नं. ७५१)

र वित्रको न्यूनतम् संख्या एक रक्अत हो, र अधिकतम् संखया ग्यारह रक्अत हो, तर तीन रक्अत वित्र पढनु राम्रो र उत्तम मानिन्छ । र यसलाई पढने तरिका यो हो कि: यदि मान्छे तीन रक्अतद्वारा वित्र गरिरहेको छ (पढिरहेको छ) भने त्यसलाई यो स्वतन्त्रता प्राप्त छ कि त्यो तीनवटै

रक्अतलाई एकै साथ पढेर एकै चोटि तशह्हुदमा बसोस्, र यदि चाहोस् त दुई रक्अत पढे पश्चात सलाम फेरोस् अनि एक रक्अतद्वारा वित्र गरोस् ।

र यदि पाँच रक्अतद्वारा वित्र गर्छ भने त त्यो एकै चोटि पाँचौं रक्अत पढोस् अर्थात निरन्तरताले पाँचवटै रक्अतलाई पढोस् मात्र एक तशह्हुद र एक सलामद्वारा ।

र यदि सात रक्अत वित्र पढन चाहन्छ भने त यसमा पनि एकै साथ सातौं रक्अतलाई एक तशह्हुद र एक सलामको साथ पढोस् अर्थात सातौं रक्अत पढे पश्चात नै तशह्हुदमा बसोस् अनि सलाम फेरोस् ।

तर यदि नौं रक्अतद्वारा वित्र गरिरहेको छ भने आठौं रक्अतमा बसेर तशह्हुद गरोस्, अनि नव्वौं रक्अत पढेर सलाम फेरोस्, त यस तरिकाले पढ्नुमा दुई तशह्हुद र एक सलाम हुन्छ ।

र यदि ११ रक्अतद्वारा वित्र पढछ भने दुई दुई रक्अत गरेर पढोस्, अनि ग्याह्रौं रक्अतलाई एकलै गरेर पढोस् ।

र जब मान्छे वित्रलाई बिर्सोस् वा त्यसबाट सुतिहालोस् त यसको कजा दिनमा गरोस्, तर कजागर्दा दुई दुई रक्अत गरेर पढोस् तर वित्र नगरोस् अर्थात विसम रकअत नपढोस्, अर्थात यदि त्यो तीन रक्अतद्वारा वित्र गर्छ भने चार रक्अत पढोस्, र यदि पाँच रक्अतद्वारा वित्र गर्छ भने ६ रक्अत कजामा पढोस्..., यस्तै सबै तरिकाले वित्रको तरिकामा एक रक्अत थपिदेओस् र यस्तै यसको दिनमा कजा गरोस् । किनकि सही मुस्लिमको हदीसमा वर्णित छ कि: जब रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई निद्रा आइहाल्थ्यो वा उहाँलाई कुनै कष्ट वा पीडा हुन्थ्यो जस कारण उहाँ सल्लल्लाहो अलैहे वसल्लम रात्रीको नमाज पढन सक्दैनथे त दिनमा १२ रक्अत गरेर पढथे । (मुस्लिा, किताबु सलातिल् मुसाफिरीन, बाबु जामेअे सलातिल्लैले वमन् नामा अनहो अव मरेजा, हदीस नं. ७४६)

# नफिली र अनिवार्य नमाजबीच अन्तर

प्रश्न: (११०) आदरणीय शैख ज्यू, के नफिली नमाज र अनिवार्य नमाजबीच कुनै अन्तर छ ?

उत्तर: हो, दुवैबीच अन्तर छ, र तीमध्ये सबैभन्दा स्पष्ट अन्तर यो हो कि यात्रामा बिना कुनै आवश्यकता नफिली नमाज सवारीमाथि पनि पढ्न सकिन्छ, यसर्थ जब मान्छे यात्रामा होस् र त्यो यो चाहोस् कि सवारीमा बसेकै अवस्थामा नफिली नमाजको आयोजना गरोस् अब त्यो सवारी गाडी होस् वा विमान, वा ऊँट वा यस बाहेक अरु कुनै सवारी साधन, त त्यो नफिली पढन् सक्छ, त्यस सवारीको अनुहार जुन दिशामा भए पनि, यसर्थ जुन दिशामा पनि त्यस सवारीको अनुहार होस् त्यसैतिर अनुहार गरेर त्यो आफ्नो नमाजको आयोजना गर्छ, र रुकूअ् र ढोगको लागि झुक्दछ, किनकि यस्तै गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रमाणित छ। (बुखारी, किताबुल् वित्र, बाबुल् वित्रे फिस्सफर, हदीस नं. १००० । र मुस्लिम, किताबु सलातिल् मुसाफिरीन, बाबु जवाजे सलातिन्नाफेलह

अलादद्दाब्बे फिस्सफरि हैसु तवज्जहत्, हदीस नं. ७००)

र नफिली नमाज र अनिवार्य नमाजबीच अन्तरहरूमध्ये यो पनि हो किः मान्छे जब अनिवार्य नमाजलाई आरम्भ गरिहाल्यो त त्यसको लागि यो जायज छैन कि नमाजलाई भंग गरोस्, यस अवस्था बाहेक कि यस्तो गर्नुको त्यसलाई नितान्त आवश्यकता आइपरोस् । तर नफिली नमाजमा कुरो यस्तो छैन बरु यदि मान्छेले नफिली नमाज आरम्भ गऱ्यो, अनि त्यसलाई कुनै सानोतिनो आवश्यकता परोस् जुनकि वैधानिक आवश्यकता होस् त त्यो नमाजलाई भंग गर्न सक्छ, बरु यदि बिना आवश्यकता यसलाई भंग गरिदिन्छ तै पनि पापको भागिदार हुँदैन, तर अकारण यसलाई भंग गर्नुलाई विद्हरूले अप्रिय ठानेका छन् ।

र यस्तै यी दुवैबीच अन्तरमध्ये यो पनि हो किः अनिवार्य नमाजलाई त्यागे पश्चात पापी घोषित हुन्छ, तर नफिली नमाजलाई त्यागेमा मान्छेलाई पाप लाग्दैन ।

र यस्तै दुवैबीच अन्तरमध्ये यो पनि हो कि: अनिवार्य नमाजको लागि वैधानिक यो छ कि सामूहिक तरिकाले आयोजित गरियोस्। तर नफिली नमाजको लागि यस्तो गर्नु आवश्यक छैन केही नमाज बाहेक, जसरी वर्षाको नमाज, चन्द्र ग्रहणको नमाज, उनीहरूको कथन बमोजिम जुन यसलाई सुन्नत मान्दछन् । र यस कुरामा पनि कुनै आपत्ति छैन कि मान्छे कहिलेकाहिँ नफिली नमाजलाई पनि सामूहिक तरिकाले आयोजित गरोस्, जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लम कहिलेकाहिँ आफ्नो साथीहरूलाई सामूहिक तरिकाले पढाउँथे । त कहिले यस नाजलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लमको साथमा हजरत इब्ने अब्बासले पढेका छन्, त कहिले हुजैफाले पढेका छन्, त कहिले इब्ने मस्ऊद रजिअल्लाहो अन्होले पढेका छन् ।

र रह्यो रमजानको कुरो त उहाँ सल्लल्लाहो अलैहे वसल्लमद्वारा यो प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना साथीहरूलाई तीन रात्रीमा यसलाई सामूहिक तरिकाले पढाउनु भयो, त यो यस कुरामा प्रमाणीकरण गर्छ कि रमजानमा यस

नमाजलाई सामूहिक तरिकाले पढनु सुन्नत हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गरेका छन् । तर यसलाई अरु दिनहरूमा सामूहिक तरिकाले पढनुलाई यस कारण स्थगित गरे कि कदाचित यो अनिवार्य नभइहालोस्,[1] त उहाँ सल्लल्लाहो अलैहे वसल्लमको निधन पश्चात यस कुराको कुनै भय बाँकी छैन ।

र अल्लाहको शान्ति अवतरित होस् अल्लाहका अन्तिम सन्देष्टा र त्यसका भक्त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती समस्त मानिसहरूमाथि जुन प्रलयसम्म उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नेछन् ।

समाप्त

[1] बुखारी, किताबु सलातित्तरावीह, बाबु फजलु मन् कामा रमजाना, हदीस नं. २०१२ । र मुस्लिम, किताबु सलातिल् मुसाफिरीन, बाबुत्तर्गीबि फि कियामे रमजाना वहुवत्तरावीह, हदीस नं. ७६१ ।

अनुवादक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९
महुवा तौलिहवा कपिलवस्तु नेपाल
द्यिार्थीः एम.ए. उम्मुल कुरा विश्वविद्यालय
पवित्र मक्का सउदी अरब
सम्पर्क नं.(00966-0501372254)
(00977-9814499140)